
# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ११४




कस्तो छ डेनमार्कको संवैधानिक राजसंस्था ?



## लखनउ वार्ता

● किन चाहियो संविधान सभा नै यतिबेला ? ● स्वायत शासनबारे डा. चैतन्य मिश्र ● संविधान २०४७ बारे डा. हर्क गुरुङ



30 MONTHS WARRANTY
नेपालमा सर्वाधिक बिक्री हुने कलर टि. भी.
DAEWOO
MADE IN KOREA*
XPERTRA - FLAT
DAEWOO
नेपालको एकमात्र २१" फ्ल्याट कलर टि.भी.
PIP / DCS
का साथ
Golcha Organisation
NIM ELECTRONICS PRIVATE LIMITED
20D4 (Rs.15,000/-)
14D4 (Rs.10,800/-)
21D4 (Rs.16,300/-)
20D9 (Rs.16,700/-)
14D9 (Rs.11,800/-)
21D9 (Rs.17,800/-)
21U8 (Rs.27,500/-)
25G5 (Rs.30,500/-)

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष- २२, पूर्णाङ्क- ११४
मंसिर-पुस - २०६०




**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**सम्पादक**
हरिगोविन्द लुइँटेल
**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुल्सीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ
**प्रबन्ध निर्देशक**
स्नेह सायमि
**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का
जमुनाप्रसाद चौधरी
**व्यापार प्रबन्धक**
श्रीबहादुर खड्का



**अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.**
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित
**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क - ३/८०, टेकु, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२११०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेलहरु : yuwa@ntc.net.np,
yuwamonthly@yahoo.com
**मूल्य : रू. २५/-**



# लखनउ वार्ता

वार्ताका गूदी विषयवस्तुहरू के ?
के यो वार्ता अनुचित थियो ?

# किन चाहियो संविधानसभा यतिबेला ?

*कृष्ण खनालको विश्लेषण*

## स्थानीय स्वायत्त शासन र राजनीतिक सघनता

❑ चैतन्य मिश्र ❑





❑ हर्क गुरुङ

## समानताको कसीमा नेपालको संविधान-२०४७


**हाम्रो मूल्यांकन**
● अर्को कठपुतली सरकार होइन, अधिकारसम्पन्न सरकारको खाँचो ४
**आवरण कथा**
● लखनउ वार्ता ५
● लखनउ वार्ताबाट थोरै आशावादी भएको छु - *युवराज ज्ञवाली* ६
**बहस**
● किन चाहियो संविधानसभा नै यतिबेला ? - *कृष्ण खनाल* ८
**घटना र प्रवृत्ति**
● माओवादी यौन संहिता - *खगेन्द्र संग्रौला* १३
● बारुदको कुहिरो र परेवाहरु - *रमेश विकल* २२
● कला र विचारको हत्याविरुद्ध ३५
● शाही सम्मान बहिष्कार गर्ने साहस ४१
● अमेरिका आलोचित - सरकार एक्लिँदो - *विनोद ढुंगेल* ४२
● पाकिस्तानी बाटोमा नेपाल -*अमर गिरी* ४४
● राप्रपा भित्रको द्वन्द ४५
● रिहर्सलले उब्जाएको आतंक -*समीर थापा* २०
**अन्तर्वार्ता**
● शरणार्थी वर्गीकरण ठीक भएन - *टेकनाथ रिजाल* १४
**संस्कृति**
● हिंसा र प्रतिहिंसाको नग्न-नृत्य - *डी. आर. पोखरेल* १६
**किताब**
● पानीको विज्ञान र राजनीति-*विकास पाण्डे* ३०
**कविता**
● मेरो क्रमवेल मरेको छैन - *राजकुमार के.सी.* ३१
**विश्वग्राम**
● फासीवादको चिरफार -*राजेन्द्र महर्जन* २४
**इतिहास**
● उत्पत्तिकालदेखि नै नेपाल भाषा उपेक्षित र उत्पीडित छ -*प्रा. माणिकलाल श्रेष्ठ* १८
**स्वास्थ्य**
● कसरी बच्ने ग्यास्ट्राइटिस्बाट ? - *डा. सुन्दरमणि दीक्षित* २१
● विश्व र नेपालमा एचआइभी/एड्स १२
**क्षेत्रीय रिपोर्ट**
● भैरहवाको डण्डाखोला : इकोसिस्टम विनाशको नमूना -*खेटराज दाहाल* २८
**सम्झना**
● श्रद्धाञ्जली झलकमानदाइलाई -*माधव प्रधान* ३२
**अनुसन्धान**
● डेनमार्कको सम्वैधानिक राजसंस्था -*श्याम श्रेष्ठ* ३३
**विशेष**
● समानताको कसीमा संविधान - *हर्क गुरुङ* ३६
**चिन्तन**
● स्थानीय स्वायत्त शासन - *चैतन्य मिश्र* ३८
**अर्थतन्त्र**
● साधारण खर्च र मूल्य वृद्धि बढ्दो ४१
**पाठकको कुरो** ४६



आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोन: ४४१००५९ । कभर फोटो : माधव कुमार नेपाल ।
फोटो : नरेश श्रेष्ठ, ए.बी.सी. प्रेस फोटो एजेन्सी, फोन : ४२४६१२२ । कलर सेपरेशन: पोलिइमेज, फोन: ४२५२५७१ ।
कलाकारहरु: लक्ष्मण भुजेल, जि.डि. सारु, यति ग्राफिक्स, फोन : ४४३०७५२ । मुद्रण: इन्द्रेणी अफसेट प्रेस, फोन: ४७७१४४८ ।

# अर्को कठपुतली सरकार होइन, अधिकारसम्पन्न सरकारको खाँचो

**पोहोर** साल असोज १८ को प्रतिगामी कदमयता देशमा पटक-पटक कठपुतली सरकारहरूको गठनले जनताहरू आजित भएका छन् । वैधताविहिन र अधिकारविहीन यस्ता सरकारमार्फत् न त अहिलेको गम्भीर संकटको निकास निक्लिनु संभव छ, न राजनीतिक अस्थिरता नै अन्त हुनु संभव छ । नेपाल अहिले ठीक त्यही स्थितिमा पुगेको छ, जुन स्थिति २००७ सालमा बनेको मोहन शमसेरको सरकारको विघटनपछि २०१५ सालसम्म नेपालमा कायम भएको थियो । अर्थात् दरवारको फाइदाका लागि दरवारद्वारा पटक पटक दरवारिया कठपुतली सरकारको गठन । सत्ताको असली संचालक भित्र पर्दापछाडि बस्ने, अनि बाहिर अदृश्य डोरीहरूद्वारा सरकारलाई फन्फनी नचाउने, कुर्सीमा राख्ने र निकाल्ने । एउटा गजबको कठपुतली खेल मंचन भइरहेछ, नेपालको सिंहदरवारमा । हिजो चन्द यो खेलका कठपुतली भएका थिए, आज थापा छन् र चाँडै शमशेर आउने छाँटकाँट देखिँदैछ ।

तर नेपाली जनताले कतिञ्जेल यो तमासा हेरिरहने ? नेपालका आजका जनताहरू सात साल, पन्ध्र सालतिरका निर्धा र निरीह जनता पनि त होइनन् । उनीहरू एक्काइसौं शताब्दीका जागरूक नागरिकहरू हुन् । उनीहरू हरेक घटनालाई होशियारपूर्वक नियालिरहेछन् । २०४७ सालको संविधानलाई पूर्णतः निष्क्रीय र प्राणविहीन बनाएर दरवार अहिले जुन ढंगले असम्वैधानिक मनपरितन्त्र चलाउँदैछ, त्यो बुमराङ भएर निक्कै छिटो दरवारको थाप्लामा बज्रन लाग्दैछ । हिजोसम्म सम्वैधानिक राजसंस्थाको ढाल भएर खडा भएका पार्टीहरूमा सम्वैधानिक राजसंस्थाप्रतिको आस्था अब तीव्र रूपमा टुट्दैछ । आम कार्यकर्ताहरू गणतन्त्रप्रति आकर्षित हुँदैछन् । नेपाली कांग्रेसमा त यो प्रवृत्ति घोषित र खुलेआम रूपमै देखा परिसक्यो । हालै नेपाली कांग्रेसका १० जना जिल्ला सभापतिको अब कांग्रेसको विधानबाट सम्वैधानिक राजसंस्थासम्बन्धी प्रावधान नै हटाउनुपर्छ भन्ने वक्तव्य त्यही प्रवृत्तिको स्पष्ट संकेत हो । एमालेमा पनि कार्यकर्ता तहमा यही स्थिति देखा पर्दैछ । सम्वैधानिक राजा भएर बस्ने २०४७ सालको जनतासितको सम्झौतालाई एकतर्फी रूपमा लत्याएर दरवार सक्रिय राजतन्त्रको एजेण्डामा अगाडि बढिरहन्छ भने त्यसको प्रतिक्रियामा आम कार्यकर्ताहरूमा गणतन्त्रको एजेण्डाप्रति आकर्षण जाग्नु बिल्कुल स्वभाविक छ । यो आकर्षणलाई नेतृत्व तहले छेकेर छेकिने स्थिति अब छैन ।

छनौट अब दरवारको हातमा छ । सक्रिय राजतन्त्रको एजेण्डा र कठपुतली सरकारको वर्तमान खेल अविलम्ब बन्द गर्ने कि नगर्ने ? सबै दलको सिफारिशमा सहमतिको शक्तिसम्पन्न सर्वदलीय सरकार गठन गर्ने कि नगर्ने ? संसदविहीन स्थितिबाट देशलाई मुक्त गर्ने कि नगर्ने ? संकटको निकास निकालीछोड्ने गरी द्वन्दरत पक्षहरूसित संवाद गर्ने कि नगर्ने ?

गर्ने हो भने, अझै समय छ, देशले अत्यन्त सम्मानित स्थान दिएर राजसंस्थालाई सम्वैधानिक राजसंस्थाका रूपमा बाँकी राख्ने निधो गर्न सक्छ, स्विडेनमा जस्तो, जापानमा जस्तो । नगर्ने हो भने, ताली एक हातले मात्रै त बज्दैन, नेपाली जनता पनि जस्तालाईतस्तै गर्ने बाटो अख्तियार गर्न विवश हुनसक्छन् । नेपाली जनता अत्यन्त सहिष्णु प्रकृतिका जनता हुन् । उनीहरू सकेसम्म सहने र सहमतिमा पुग्ने बाटो नै अख्तियार गर्छन् र अनावश्यक द्वन्द र हिंसालाई निरूत्साहित गर्छन् । जब

> **हिजोसम्म सम्वैधानिक राजसंस्थाको ढाल भएर खडा भएका पार्टीहरूमा सम्वैधानिक राजसंस्थाप्रतिको आस्था अब तीब्र रूपमा टुट्दैछ**

सबै निकास बन्द गरिन्छ, उनीहरूको स्वरूप भ याल-ढोका थुनेर पिटिएको बिरालोको जस्तै हुन्छ ।

तसर्थ, कठपुतली सरकारको वर्तमान प्रक्रिया रोक्नुमै दरवारको कल्याण छ । आन्दोलनरत पार्टीहरूले सिफारिश गरेको सर्वदलीय सरकारलाई सत्ता सुम्पीदिनमै दरवारको दीर्घकालीन हित छ । संसद पुनर्स्थापना गर्नु र पुनर्स्थापित संसदले नयाँ संविधान निर्माणका निम्ति संविधान सभाको बाटो रोज्नुमै सिंगो देश र राजसंस्थाको समेत हित छ । यसबाट राजसंस्थालाई यथेष्ट सम्मान र नयाँ वैधता प्राप्त हुन सम्भव छ । दरवारको बुद्धिमत्ता र उदारताको कारण वर्तमान सशस्त्र द्वन्द र जटिल संकटले निकास पायो र देशमा दिगो शान्ति कायम भयो भने सिंगो देश कृतकृत्य भएर दरवारलाई सम्मानित स्थानमा राख्न तयार हुने कुरो हो । दरवारको हठ, महत्वाकांक्षा र अहंकारको कारण द्वन्द असाध्य ढंगले चर्किँदै गयो र संकट उत्कर्षमा पुग्दै गयो भने सिंगो देशले बाध्य भएर गणतन्त्रको बाटो रोज्ने कुरो हो । सम्मानपूर्ण स्थान मन जितेर मात्र पाइने कुरा हो, बलको प्रयोगले वा षडयन्त्रले कदापि त्यसको प्राप्ति हुन सक्दैन ।

विश्वमा अहिले ३० वटाजति मुलुकमा मात्र राजसंस्था बाँकी छ । विश्वमा जहाँ सम्वैधानिक राजसंस्था बाँकी छ, त्यहाँ बदलिँदो परिस्थितिमा लोकसम्मतिअनुकूल दरवार उदार र लचिलो भइदिनाले बाँकी छ । जहाँ दरवार लोकसम्मति विपरीत हठी र महत्वाकांक्षी भएको छ, त्यहाँ राजसंस्थाको अस्तित्व नै समाप्त भएको छ । विश्वको यो बहुमूल्य अनुभवबाट नेपालको राजसंस्थाले सिक्नु जरूरी छ, बेलैमा चेतना भया ।

देशलाई यतिबेला कठपुतली सरकारको होइन, सर्वाधिकारसम्पन्न सर्वदलीय सरकारको खाँचो छ । अनावश्यक हिंसा-प्रतिहिंसाको श्रृंखला होइन, द्वन्दको शान्तिपूर्ण राजनीतिक समाधानको खाँचो छ । यथास्थिति होइन, व्यापक आर्थिक, सामाजिक, राजनीतिक परिवर्तनको खाँचो छ । दरवारले देशको यो खाँचोमा बाधक बनिदिने काम कदापि नगरोस्- सारा जनताको यही कामना छ । ❑

# लखनउ वार्ता

## वार्ताका गूदी विषयहरू के ?

## के यो वार्ता अनुचित थियो ?


**मंसिरको** पहिलो सातामा भारतको उत्तरी राज्य उत्तरप्रदेशको एउटा प्रमुख शहर लखनउमा एमाले र माओवादीका शीर्षस्थ अगुवाहरूबीच सम्पन्न शिखरवार्ताले अहिले राजनीतिक वृत्तमा ठूलो हलचल मच्चाएको छ । देशमा भीषण गृहयुद्ध चलिरहेको समयमा सरकारद्वारा 'आतंकवादी' घोषित विद्रोहीहरूका नेताहरूलाई देशका प्रमुख प्रतिपक्षका नेताहरूले घोषित रूपमा दिनदहाडै भेट्नु र वार्ता चलाउनुका कारणले नेपालको गतिरोधग्रस्त राजनीतिक पोखरीमा यति ज्यादा तरंग पैदा भएको हो । वार्ता भारतैमा आयोजित हुनुले पनि यो भेटघाट ज्यादा सन्सनीपूर्ण भएको छ, किनकि नेपालको सरकारले गएको शान्तिवार्ताताक माओवादीलाई लगाएको आतंकवादीको बिल्ला फिर्ता लिंदा पनि भारत सरकारले त्यो फिर्ता लिएको थिएन । यो वार्ताको महत्व के कारणले पनि बढेको छ भने यतिखेर दरवार र राजनीतिक दलहरूबीच द्वन्द र अविश्वास बढेको छ । संवादको कुनै स्थिति बनिरहेको छैन । देशमा उदांगो ढंगले सैन्यीकरण हुन थालेको छ । यो स्थितिमा यो वार्तालेराजनीतिक ध्रुवीकरणको अर्को विकल्पको संभावना पैदा गर्छ ।

"हामी सिधै नेपालगंजबाट भारतीय सीमा क्षेत्र रूपाइडिहा गएर लखनउका लागि बस चढ्यौं । र, त्यहाँ अमिदावादस्थित एउटा होटलमा गएर सिधै उहाँहरूलाई फोन गर्‍यौं । उहाँहरूले लिन मान्छे पठाउनु भयो । र, हामी सजिलै थलोमा पुग्यौं", त्यस शिखर वार्तामा सम्लग्न एमालेका स्थायी कमिटी सदस्य युवराज ज्ञवाली बताउनु हुन्छ । "वार्ता पहिलो दिन चार घण्टा चल्यो । र, दोस्रो दिन फेरि चार घण्टा । दुवैथरिबीच धेरै खुलस्त ढंगले वार्ता भयो । वार्ताको दौरानमा तीतोपीरो केही भएन । सौहार्द्रपूर्ण वातावरण शुरूदेखि अन्त्यसम्म रहिरह्यो ।"

### वार्ताका गूदी विषयवस्तुहरू

वार्तामा संलग्न एमाले पक्षका अनुसार माओवादी पक्षले सर्वप्रथम आफ्नो कुरा कसरी राख्यो भने- नेपालमा अहिले आम विद्रोहको परिस्थिति विद्यमान छ । र, सबै पार्टीहरू मिल्ने हो भने जनविद्रोहद्वारा गणतन्त्र स्थापना गर्न सकिन्छ । राजा वीरेन्द्रको वंश नाशपछि राजतन्त्र सबैभन्दा अलोकप्रिय स्थितिमा भएको हुनाले र जनतामा उसको जरा मजबुत पनि नभएको हुनाले गणतन्त्र स्थापना गर्नको लागि यतिखेर सबैभन्दा उपयुक्त परिस्थिति हो । अहिलेको राजा सम्वैधानिक राजा भएर बस्ने छाँटकाँट नभएको हुनाले र संवैधानिक राजाले पटक पटक घुमाई फिराई फेरि प्रजातन्त्र खाइदिने संभावना भएको हुनाले पनि गणतन्त्र आवश्यक छ ।


तर एमालेको नेतृत्व पक्ष भने माओवादीको यो प्रस्तावमा सहमत भएन । उसको तर्क रह्यो - सिद्धान्ततः नेकपा एमाले समाजवादी र साम्यवादी सिद्धान्तमा विश्वास गर्ने हुनाले गणतन्त्र उसको विरोधको विषयवस्तु होइन । तर यतिबेला नै नेपालमा गणतन्त्र स्थापनाको लागि न त अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल छ, न त राष्ट्रिय परिस्थिति नै । यतिखेर गणतन्त्रको लागि लड्नु भनेको अरू ज्यादा रक्तपात र द्वन्द निम्त्याउनु हो । विशेषतः अन्तर्राष्ट्रिय शक्तिहरू नेपालमा गणतन्त्र स्थापना गर्नदिने पक्षमा छैनन् । र, राष्ट्रिय रूपमा नेपाली कांग्रेस पनि गणतन्त्रको एजेण्डामा आउनसक्ने देखिंदैन । त्यसैले गणतन्त्रको एजेण्डाले आन्दोलनकारी शक्तिबीच पनि फाटो ल्याउँछ र अन्तर्राष्ट्रिय समर्थन पनि मिल्न सक्तैन । यही कारणले एमाले गणतन्त्रको एजेण्डामा सहमत छैन ।



प्रचण्ड



बाबुराम भट्टराई



माधवकुमार नेपाल

एमालेको प्रस्ताव शिखरवार्तामा के रह्यो भने, अहिले नेपालमा सर्वप्रथम थापा सरकारलाई अपदस्थ गर्न आवश्यक छ । र, त्यसको सट्टामा पार्टीहरूको सहमतिमा र सिफारिसमा सर्वदलीय सरकार गठन गर्नु जरूरी छ । त्यही सरकारले माओवादीसँग शान्तिवार्ताको लागि पहल गर्नेछ र माओवादीसहितको गोलमेच सम्मेलनको समेत आयोजना गर्ने छ । गोलमेच सम्मेलनले नै द्वन्दका आधारभूत मुद्दाहरूलाई टुंगो लगाउने छ । र, नयाँ संविधान निर्माणको लागि एउटा मस्यौदा आयोगसमेत निर्माण गर्नेछ । साथै यसले माओवादीको सहभागितासहितको नयाँ प्रतिनिधिसभाको निर्वाचनको समेत आयोजना गर्नेछ । तर माओवादीले त्यस निर्वाचनको समयमा आफ्नो हतियार भने बिसाउनै पर्दछ र निर्वाचन संयुक्त राष्ट्र संघको निगरानीमा सम्पन्न हुनुपर्दछ । त्यही निर्वाचनबाट आएको संसदले नै मस्यौदा संविधानलाई अन्तिम रूप दिनुपर्दछ र अनुमोदन गर्नुपर्दछ । यसो गर्ने हो भने प्रतिनिधिसभा नै संविधानसभासरह हुन जाने हुन्छ । एमाले संविधान सभाको विरूद्धमा छैन, एमालेको महाधिवेशनले चारैवटा विकल्पलाई खुला राखेको छ । तर एमाले एक्लै सहमत हुँदैमा संविधानसभा हुनसक्ने स्थिति पनि छैन । अहिलेको परिस्थितिमा संविधान सभा गर्ने हो भने कांग्रेसलगायत राजाको पनि सहमति हुनुपर्ने हुन्छ । मस्यौदा आयोगमार्फत् संविधान बनाउने र प्रतिनिधिसभामार्फत् नयाँ संविधानलाई अनुमोदन गर्ने प्रक्रियामा राजा र कांग्रेसको पनि सहमति हुन सक्ने सम्भावना ज्यादा हुन्छ । त्यसैले अहिलेको स्थितिमा यही बाटो ज्यादा उपयुक्त हो । होइन, संविधानसभा नै चाहिने हो भने पनि नयाँ निर्वाचित संसदले त्यसबारे निर्णय गर्नु ज्यादा लोकतान्त्रिक हुन्छ । एमालेले शिखरवार्तामा यिनै तर्क प्रस्तुत गरेको यसका सहभागीहरूले बताएका छन् । एमालेको मुख्य जोड केमा रहेको बुझिन्छ भने, नयाँ संविधानको प्रक्रियामा जाँदा देशमा संवैधानिक शून्यताको स्थिति हुनुहुँदैन । अहिलेको संविधानलाई नै अन्तरिम संविधानको रूप दिनु उपयुक्त हुन्छ र गोलमेच सम्मेलनले र नयाँ संसदले त्यसबारे निर्णय गर्नु उचित हुन्छ ।

तर एमाले नेताहरूका अनुसार माओवादी शीषर्स्थ नेतृत्व एमालेको यो तर्कमा सहमत भएन । उसको जोड संविधान सभाको चुनावमै रह्यो । र, संविधान सभाको चुनावको लागि गोलमेच सम्मेलन र अन्तरिम सरकार हुनैपर्ने भन्ने उसको अडान रह्यो । उसको भनाइ के रह्यो भने सबै पार्टी मिल्ने हो भने संविधान सभामा अत्यधिक बहुमत ल्याउन सकिन्छ र अहिलेको संविधानभन्दा धेरै राम्रो संविधान निर्माण गर्न सकिन्छ । तर कांग्रेसलाई छोड्नु हुँदैन भन्ने कुरामा चाहिँ उसको पनि सहमति रह्यो । माओवादीले यी सवालमा कांग्रेससित पनि वार्ता गर्न पहल गर्ने विचार व्यक्त गर्‍यो । वार्ताको दौरानमा एमालेको अडान पूर्ण सम्वैधानिक राजतन्त्रको पक्षमा रह्यो भने माओवादीको आम विद्रोह र गणतन्त्रको पक्षमा ।

एमाले महासचिव माधवकुमार नेपालका अनुसार वार्तामा राजनैतिक एजेण्डामा कुनै सहमति बन्न सकेन । माओवादी आफ्नो अडानमा कायम रह्यो । एमाले आफ्नो अडानमा ।

युवराज ज्ञवालीका अनुसार शिखर बैठकमा एमाले महासचिवबाट माओवादीले गाउँ-गाउँमा गरेको नृशंस हत्या र ज्यादतीका क्रूरतम नमूनाहरूबारे मूर्त उदाहरणहरूसहित कुरा राख्नुभएको थियो । अन्य पार्टीहरू प्रतिक्रियावादी वा प्रतिक्रियावादउन्मुख पार्टीहरू हुन् र यस्ता पार्टीहरूलाई किनारा लगाउनै पर्छ भन्ने माओवादी नेतृत्वको नीति र दृष्टिकोणका कारणले र त्यही अनुसारको केन्द्रीय प्रशिक्षणका कारणले नै माओवादीका कार्यकर्ताहरूले त्यस्तो ज्यादती गरेको तर्क महासचिव नेपालले राख्नुभएको थियो । र, यो नीति र दृष्टिकोण नै बदल्नुपर्ने र अन्य पार्टीहरूलाई आक्रमण गर्ने र राजनीतिक

## वार्ताका सहभागीको आँखामा लखनउ वार्ता



# लखनउ वार्ताबाट थोरै आशावादी भएको छु

**- युवराज ज्ञवाली**

*स्थायी कमिटी सदस्य, नेकपा-एमाले*

**● अहिले भरखरै तपाईंहरू र नेकपा (माओवादी) बीच लखनउमा वार्ता भयो । त्यसमा के के महत्वपूर्ण कुराहरू भए ?**

- अहिले मुलुकमा जुन किसिमले दिनहुँजसो नेपाल आमाका सन्तानहरू मर्ने र मारिने प्रक्रिया चलिरहेको छ, विकासका संरचनाहरू ध्वस्त हुँदै गइरहेको छन्, गाउँ-बस्तीहरू अशान्त अवस्थामा छन् र गाउँलेहरू पीडित छन्, यस अवस्थाबाट देशलाई कसरी मुक्त पार्ने भन्ने प्रश्न अहिलेको टड्कारो समस्या हो । यो समस्या समाधान गर्नका निम्ति अहिले नेपालको राजनीतिमा देखा परेको राजा, माओवादी र अन्य पार्टीहरूबीचको त्रिकोणीय द्वन्दलाई समाधान गरेर राष्ट्रिय सहमति कायम गर्नुपर्ने आवश्यकता छ । यसको लागि नेकपा (एमाले)जस्तो जिम्मेवार पार्टीले सकारात्मक भूमिका खेल्नुपर्छ भन्ने सम्बन्धमा पार्टीभित्र छलफल र विचार विमर्श भएको थियो । पार्टीको स्थायी समितिले पनि राजा र माओवादीसँग छुट्टाछुट्टै वार्ता गर्नुपर्छ र निकासमा पुग्नको लागि आह्वान गर्नुपर्छ भन्ने निर्णय गर्‍यो । त्यही निर्णयको आधारमा हामीले माओवादीसँग भेटेर कुरा गरेका थियौं ।

उनीहरूसँगको कुराकानीमा मुख्य रूपले देशको अहिलेको परिस्थिति र संकटको निकासको बारेमा विस्तृत छलफल, विचारविमर्श गर्नुका साथै नयाँ ढंगले अगाडि बढ्नुपर्छ भन्ने कुरा समेत भयो । कुराकानीको क्रममा उहाँहरूले गणतन्त्र स्थापना हुनुपर्छ भन्ने कुरामा मुख्य जोड दिनुभयो भने हामीले राष्ट्रिय, अन्तर्राष्ट्रिय परिस्थितिअनुकूल नभएकाले नेपालमा तत्काल गणतन्त्रको स्थापना सम्भव छैन, पूर्ण सम्वैधानिक राजतन्त्रमात्र संभव छ भन्ने कुरा राख्यौं । यसमा हामीबीच तर्क वितर्कहरू चल्यो । तर यसमा हामीबीच कुनै साझा निष्कर्ष भने निक्लन सकेन ।

**● तपाईंहरूले राख्नुभएको संकटको निकास चाहिँ के हो त ?**

- वर्तमान सूर्यबहादुर थापाको सरकार हटाउनुपर्छ, राजाको प्रतिगमन अन्त्य हुनुपर्छ, सर्वदलीय सरकार गठन हुनुपर्छ र त्यो सर्वदलीय सरकारले अग्रगामी परिवर्तनको विषयवस्तुको आधारमा माओवादीसित वार्ता गरेर र गोलमेच सम्मेलन आयोजना गरेर त्यसैबाट माओवादीहरूलाई उपयुक्त निकास दिनको लागि आवश्यक प्रक्रिया अगाडि बढाउनुपर्छ । त्यसको लागि राजा, माओवादी र अन्य राजनैतिक पार्टीहरूबीच राष्ट्रिय सहमति कायम हुनुपर्छ भन्ने हाम्रो धारणा हो । यसका निम्ति नयाँ संविधान निर्माण गर्नुपर्छ र त्यो संविधान माओवादीसहित भएको नयाँ संसदबाट अनुमोदित हुनुपर्छ भन्ने हाम्रो धारणा हामीले राख्यौं । तर यसमा हाम्रो अडान केमा छ भने, यो निकास खोज्दा जनताको सार्वभौमसत्ता, बहुदलीय प्रजातन्त्र, राष्ट्रिय स्वतन्त्रता र अखण्डताजस्ता आधारभूत कुराहरूभन्दा हामी पछाडि हट्न सक्दैनौं । निरंकुशता र प्रतिगमनको दिशातिर हामी कुनै हालतमा पनि जान सक्दैनौं । अग्रगामी निकासको लागि हामी जुनसुकै हदसम्म पनि अगाडि बढ्न तयार छौं । यही

गतिविधि गर्न नदिने कुरा वक्तव्यमा मात्र नगरेर व्यावहारिक तहमै यो कुरा रोकिनु पर्ने माग माओवादीसमक्ष राखिएको थियो । माओवादी नेतृत्वले यो मागउपर गम्भीरतापूर्वक ध्यान दिने वचन दिएको बुझिएको छ ।

लखनउ वार्तामा राजनैतिक एजेण्डामा कुनै सहमति हुन नसकेपनि यस्तो वार्ता फेरि फेरि पनि चलाउने भन्ने कुरामा चाहिँ सहमति कायम भएको थाहा भएको छ ।

एमाले सूत्रका अनुसार, शुरूमा यो शिखर बैठकमा एमालेको स्थायी समितिले महासचिवलाई नपठाएर दोस्रो तहका केन्द्रीय नेताहरूलाई पठाउने निधो गरेको थियो । तर माओवादीका तर्फबाट महासचिव नै आउनुपर्ने भन्ने माग आएपछाडि महासचिव नेपालले पुन स्थायी समितिको बैठक गरेर आफूसहितको टोली जाने निर्णय गरेका थिए । वार्ताको प्रारम्भमा माओवादी अगुवाहरूले लखनउ वार्तामा आउनुअघि दरबारसित र अमेरिकी राजदूतसित भेटेर र छलफल गरेर मात्र आएको आरोप लगाएपछि एकछिन एमाले वार्ता टोली सन्न भएको थियो ।

मंसिर ३ र ४ गते सम्पन्न यो शिखर बैठकमा माओवादीका तर्फबाट अध्यक्ष प्रचण्ड, पोलिट्ब्यूरो सदस्य बाबुराम भट्टराई र प्रवक्ता कृष्णबहादुर महरा रहनुभएको थियो भने एमालेको

> **कसै न कसैले त अहिलेको गतिरोध अन्त गर्नको लागि र संकटको निकास निकाल्नको लागि पहल गर्नु आवश्यक थियो**

तर्फबाट महासचिव माधवकुमार नेपाल, स्थायी समिति सदस्य युवराज ज्ञवाली र केन्द्रीय सदस्य तथा भेरी अंचल इन्चार्ज गोविन्द कोइराला रहनुभएको थियो ।

## टिका टिप्पणी

शिखर बैठकबाट फर्केपछि एमाले-माओवादी वार्ताका बारेमा थुप्रै क्रिया-प्रतिक्रियाहरू पैदा भएको छन् । देशका प्रधानमन्त्री र वरिष्ठ मन्त्रीहरूले राज्यले आतंकवादी ठहऱ्याएको राजनैतिक शक्तिलाई एमालेले यसरी भेटेकोमा ठूलो आपत्ति जनाएका छन् । "जिम्मेवार नेताले गैर-जिम्मेवार तरिकाले विदेशी भू-भागमा गएर सरकारद्वारा आतंककारी घोषित माओवादीका नेताहरूसँग भेट्नु आपत्तिजनक हो", सरकारका प्रवक्ता संचार मन्त्री कमल थापाले रिपोर्टर्स् क्लबमा बोल्दै यसरी टिप्पणी गरेका छन् । उनले लखनउ भेटबारे नेपालका प्रधानमन्त्रीले भारतसँग छलफल गर्ने धम्कीसमेत दिएका छन् । नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले यो भेटघाटलाई दरबारको 'ग्राण्ड डिजाइन'समेत बताएका छन् । उता अन्तर्राष्ट्रिय प्रहरी संस्था इन्टरपोलले यो भेटघाटपछि माओवादी शीषर्स्थ नेताहरूको गिरफ्तारीको लागि रेडकर्नर नोटिससमेत जारी गरेको छ । यस्तो भेटघाट अन्य पार्टीहरूबाट नहोस् भन्नाका लागि सम्भवतः यो नोटिस जारी गरिएको हुनुपर्छ । तर नागरिक समाज र आम जनसमुदाय भने यो भेटघाटबाट प्रसन्न भएको र उनीहरूमा केही आशावादीता समेत जागेको देखिएको छ । "देशलाई शान्ति चाहिएको छ । शान्तिवार्ता होला भन्यो, कोही पनि वार्ताको लागि अघि सर्ने होइन, कसै न कसैले त वार्ताको लागि अघि सर्नु राम्रो कुरा हो नि", सडकका आम मान्छेहरू यस्तो टिप्पणी गरिरहेका छन् ।

राज्यले आतंककारी घोषणा गरेको पक्षलाई प्रमुख प्रतिपक्षले भेटेर कुराकानी गर्नुहुन्न भन्ने सरकारको तर्क अत्यन्त अलोकतान्त्रिक र नाजायज तर्क हो । किनकि यो तर्कले के माग गर्दछ भने राज्यले जे भन्छ, त्योसित सबै सहमत हुनुपर्दछ, । त्यसमाथि कसैले असहमति राख्न पाइँदैन । तर लोकतन्त्रको मुख्य विशेषता नै यो हो कि राज्यसित सारा जनताले असहमति वा भिन्न मत राख्न सक्छन् । र, आफ्नो मत अनुसारको काम-कारवाही गर्न सक्छन् । राज्यसित प्रमुख प्रतिपक्ष हरेक कुरामा सहमत नै हुनुपर्छ भन्ने तर्क अधिनायकवादी तर्क हो । देशलाई यतिखेर संकटको निकास चाहिएको छ । र, यो निकास अहिलेको युद्ध र राजनीतिक गतिरोधबाट कहिल्यै पैदा हुँदैन । कसै न कसैले त अहिलेको गतिरोध अन्त गर्नको लागि र संकटको निकास निकाल्नको लागि पहल गर्नु आवश्यक नै थियो । एमालेले त्यो पहल गरेर सराहनीय कार्य गरेको छ । सबै राजनीतिक पार्टीहरूले समेत यस्तो पहल गर्नु आवश्यक छ । सिंगो राष्ट्रको यतिखेरको जनमत शान्तिको पक्षमा छ । र, यो शान्ति आकाशबाट टुप्लुक्क आफै खस्नेवाला छैन । शान्तिको लागि कसैले पहल गर्छ भने त्यो सिंगै देशको यतिखेरको चाहनाको अभिव्यक्ति हो । नेपाली कांग्रेसका सभापतिको यतिखेरको अभिव्यक्तिमा ईर्ष्याको र जशको मानसिकता मात्र अभिव्यक्ति भएको देखिन्छ । के गिरिजाप्रसाद कोइरालाले राज्यले माओवादीलाई आतंककारी घोषणा गरेकै समयमा पोहोरको वार्ताअघि माओवादीसित यसैगरी दिल्लीमा गोप्य वार्ता गरेका थिएनन् र ? त्यो वार्ता चाहिँ उचित थियो भने एमालेले अहिले गरेको वार्तामात्रै अनुचित कसरी हुनसक्छ ?

❑ *मूल्यांकन* टीमबाट

---

कुराहरू हामीले उहाँहरूसँग राख्यौं । यी कुराहरू राखिसकेपछि उहाँहरूले पनि आफ्नो पार्टीमा राखेर 'छलफल गर्छौं, विचार गर्छौं र सोच्छौं' भन्नुभयो । तर हामी कुनै पनि कुराको सहमतिमा भने पुग्न सकेनौं ।

**● माओवादीको माग गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको बारेमा कस्तो छलफल हुन सक्यो ?**

– गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको बारेमा उहाँहरूको अडान यथावत् छन् भन्ने कुरा उहाँहरूले राख्नुभयो । संविधान सभामा पुग्नको लागि माओवादी र एमाले मात्र तयार भएर पुग्दैन । संविधानसभाको सम्बन्धमा नेकपा एमाले बाधक होइन, सिद्धान्ततः विरोधी पनि होइन । संविधानसभाबाट वास्तविक निकास निस्कन्छ कि निस्कँदैन, त्यसबारे अलि छलफल गर्नुपर्छ । त्यसमा नेकपा माओवादी र एमाले मात्र सहमत भएर पनि हुँदैन । नेपाली कांग्रेस, राजा र अन्य राजनैतिक शक्तिहरूलाई पनि सहमतिमा पुऱ्याउनु जरूरी छ । सबैको सहमतिमा संविधानसभाबाटै निकास निस्कने हो भने एमाले त्यसमा बाधक बन्दैन । र, अग्रगतिमा जान हामी जुनसुकै तरिकाले पनि तयार छौं । तर अगाडि बढ्दा मुलुकमा अरू बढ्ता अन्यौल र अराजकता रहनुभएन । संविधानशून्यताको स्थिति पनि हुनुभएन । द्वन्द समाधान हुनुको बदला, अझै स्थिति भड्केर जाने खालको स्थिति हुनुभएन । त्यसैले, हामीले यही संविधानलाई टेकेर, यसैलाई अन्तरिम संविधान बनाएर नयाँ संविधान निर्माणको अग्रगामी दिशामा जान तयार रहेको अडान राख्यौं । माओवादीहरूले चाहिँ संविधान सभाको अडान लिइरहे । यसमा हाम्रो कुरा मिलेन ।

**● तपाईहरू र अन्य राजनैतिक पार्टीहरूमाथि माओवादीबाट भइरहेको आक्रमणबारेमा के कुरा भए ?**

– हामी लगायत अन्य पार्टीहरू तथा नागरिकहरूमाथि भइरहेको क्रूरतम आक्रमण, अपहरण र अन्य पार्टीहरूको राजनैतिक क्रियाकलापमा लगाइएको प्रतिबन्ध, नियन्त्रणको सम्बन्धमा पनि तथ्यसहित कुराहरू हामीले प्रस्तुत गऱ्यौं । यसले गर्दा माओवादी र अन्य पार्टीहरूबीच कटुता उत्पन्न भएको छ, गाउँ-गाउँमा राजनैतिक क्रियाकलाप हुन सकिरहेको छैन, यसबाट अग्रगमनकारीहरूलाई भन्दा प्रतिगमनकारीहरूलाई फाइदा पुगेको छ । त्यसैले "त्यस्ता क्रियाकलापहरूको बारेमा तपाईहरूले गम्भीरतापूर्वक सोच्नुपर्छ र यसलाई रोक्नुपर्छ । अहिलेको राजनैतिक निकासको लागि पनि यो कुरा बाधक हुन्छ । साथै, दबाबमा नभएर आफ्नो काम र विचारको आधारमा जनतालाई आफ्नो पक्षमा तान्ने र जनतालाई विचारको पूरा स्वतन्त्रता दिने गर्नुपर्छ ।" भन्ने कुरा हामीले त्यहाँ जोडदार रूपमा राख्यौं ।

**● तपाईहरूबीच कुनै कुरामा सहमति हुनसक्यो ?**

– हामीबीच खुलस्त रूपमा विचार आदानप्रदान भयो । तर अन्त्यमा हामी कुनै राजनीतिक सहमति र निष्कर्षमा भने पुग्न सकेनौं । आगामी दिनहरूमा सबै पक्षहरूसँग छलफल गर्दै जाँदा हामी निश्कर्षमा पुग्न सक्छौं कि भन्ने कुरामा चाहिँ म आशावादी छु । र, यसलाई परिणाममा पुऱ्याउँन सकिन्छ भन्ने विश्वास पनि मलाई लागेको छ । ❑

■ बहस

# किन चाहियो संविधानसभा नै यतिबेला ?

**संशोधनको आवश्यकता भएको बेला मुलुकका प्रमुख पार्टीहरुले संशोधनको नाम पनि लिन चाहेनन् । नयाँ संविधानको निर्माणको खाँचो पर्न थालेको बेला बल्ल ती पार्टीहरु संविधान संशोधनको एजेण्डा बोकेर आएका छन् । जहिले पनि जनताको चाहनाभन्दा एक कदमपछाडि पार्टीहरु रहे ।**


❑ **कृष्ण खनाल**

नेपाल अधिराज्यको संविधान २०४७ अहिले अस्तित्वमा छ कि छैन भन्ने कुरामा यतिबेला सबभन्दा बढी विवाद भइरहेछ । खासगरी २०५९ सालको असोज यता यो संविधानको अस्तित्व छ कि छैन, यो संविधान पर्याप्त छ छैन, यसमा सुधार, संशोधन गर्नुपर्छ या अर्को संविधान चाहिन्छ भन्ने बारेमा प्रशस्त छलफल र बहस भएका छन् । यी छलफल र बहसको निचोड पनि यो संविधान अपर्याप्त भयो भन्ने नै छ । अहिले मुख्यतया राज्यको तर्फबाट संविधानको सुधार, संशोधन या पुनर्लेखन भनेर तीनवटा कुरा आइरहेका छन् । माओवादीसँगको वार्तामा राज्यले यी कुराहरु प्रस्तुत गरेको थियो । उता विद्रोही माओवादी पक्षबाट नयाँ संविधान बनाउनुपर्छ भन्ने कुरा आइरहेको छ ।

अहिले प्रतिनिधिसभा र त्यसबाट बन्ने सरकारमात्रै पनि होइन, संविधानले व्यवस्था गरेको समग्र रुपमा जनताप्रति उत्तरदायी जनप्रतिनिधिको शासन व्यवस्था नै कार्यान्वयनमा छैन । त्यस्तै गरेर अहिले नागरिकको मौलिक अधिकारसमेत व्यापक उल्लंघन भइरहेको छ । सरकार अत्यन्त अनुत्तरदायी भएको छ । संविधान मृतप्राय भएको छ । यो डेड्एण्डमा पुगेको छ ।

## संविधान संशोधनको मुद्दा

संविधानलाई जुनबेला पहिलो परिवर्तन र संशोधन गर्नुपर्ने हो र गर्न सकिन्थ्यो, त्यतिबेला पहल भएन । जस्तो २०५२ सालदेखि २०५८ सालसम्मको समयावधिमा संविधानलाई एउटा गतिशील दस्तावेज बनाउनुभन्दा एउटा स्थिर दस्तावेज बनाइयो । कुनै पनि संविधान स्थिर दस्तावेज भएर बस्न सक्दैन । जतिखेर मनलाग्यो, त्यतिखेर संविधान परिवर्तन नहोस् भन्नाको लागि कतिपय देशले संविधानको संशोधनलाई अलिकति कडा बनाएको हुन्छ । तर हाम्रो संविधानलाई कडामात्र नभएर स्थिर बनाइयो । २०४७ सालमा संविधानको घोषणा गर्दा त्यो जुन स्थितिमा थियो, त्यसैमा पूर्णविराम लाग्यो । त्यसबीचमा धेरै प्रश्नहरु आए । जस्तो : प्रतिनिधिसभाको बीचैमा विघटन, त्यसमा आवश्यक सुधार र संशोधन गर्न सकिएन । त्यस्तै गरेर संसदमा नागरिकतासम्बन्धी विधेयकको सन्दर्भमा कुरा उठ्दा प्रस्तुत भएको विधेयक, अर्थ विधेयक हो कि होइन छुट्याउने जिम्मा सभामुखलाई दिइएको छ । सभामुखको



> "अहिले राज्यको पुनःर्संरचनाको आवश्यकता परेको छ । संविधानको संशोधनले यो आवश्यकता पनि पूरा गर्न सक्दैन ।"




विवेकले वा अनुभवले छुट्याउन सकिएन भने त्यसलाई संवैधानिक प्रक्रिया पनि बनाउन सकिन्थ्यो । कतिपय देशमा कुन कुन अर्थ विधेयक हो भनेर संविधानमा नै लेखिएको हुन्छ । तर हामीकहाँ लेखिएन । यहाँ कुनै पनि ऐनको उल्लंघन गर्ने व्यक्तिलाई आर्थिक दण्ड दिनेजस्ता अलिकित पैसा उल्लेख गरिएको विधेयक आउने वित्तिकै त्यसलाई आर्थिक विधेयक भन्न थालियो । यी कुराहरुमा पनि संविधानमा सुधार गर्न सकिएन ।

२०४७ सालको संविधानलाई गतिशील बनाउने, विकास गर्ने, आवश्यकताअनुसार परिमार्जन गर्ने पहल नै कतैबाट भएन । यो संविधानलाई छुनै हुँदैन, त्यसलाई छुनेवित्तिकै 'पाण्डोराको बाकस' खोलेजस्तो हुन्छ, भएभरका समस्याहरु आउँछन् भन्न थालियो । ०४७ सालको संविधान निर्माण गर्दा नै मूल मुद्दाहरु छिनिए भन्ने सोचाइ राखियो । संविधान संशोधन गर्ने आँट नै गरिएन कतैबाट पनि । संविधान संशोधन गर्दा राजसंस्था, सेना, राज्य संरचनाबारेको विवाद फेरि खुल्ला र त्यसलाई ठीक ठाउँमा लैजान नसकिएला भन्ने आशंका राजनीतिक पार्टीहरुलाई भयो । त्यसलाई ठीक गर्न सकिन्छ भन्ने आत्मविश्वास राजनैतिक तहमा हुँदै भएन । यसले गर्दा समय छँदै संविधानको संशोधन गरेर संविधानको विकास गर्न सकिने कुराहरुलाई अघि बढाउन सकिएन ।

अर्को, यो संविधानले व्यवस्था गरेको मान्यता र आधारभूत संरचनाहरुको प्रयोग यस बीचमा असफल भएका छन् । जस्तो : सम्वैधानिक राजतन्त्र, यो संविधान लागुभएपछिको मात्र कुरा नभएर गत ५० वर्षदेखिको कुरा हो । ००७ सालदेखि नै हामीले संवैधानिक राजतन्त्रमा प्रवेश गरेका थियौं । २००७ सालपछि ०१० सालसम्म पुग्दानपुग्दै राजा त्रिभुवनकै पालामा संवैधानिक राजसंस्थासम्बन्धी मान्यतामा विचलन आयो । त्यसपछि ०१५ सालमा संसदीय पद्धतिअन्तर्गत चुनाव भयो, त्यतिबेला राजाले नै संविधान दिएका थिए, तर त्यो पनि डेढ वर्षभन्दा बढी टिकेन । राजा त्रिभुवनको अत्तराधिकारीको रुपमा आएका राजा महेन्द्र पनि संवैधानिक राजसंस्थाको मान्यताअनुसार बस्न सकेनन् ।

२०४६ सालको आन्दोलनपछि संवैधानिक राजतन्त्रको अभ्यास फेरि शुरु भयो । त्यसमा पनि राजा वीरेन्द्रको 'यो संविधानभित्र मेरो ठाउँ छैन' भन्ने गनगन सधैंभरि रहिरह्यो । र, त्यसमा बेला बेलामा विचलन आइरह्यो । असोज १८ पछि अहिलेका राजाका अभिव्यक्तिहरु

हेर्दा उनी २०४७ सालको संविधानले व्यवस्था गरेको संवैधानिक राजतन्त्रको मान्यताअनुसार बस्न तयार छैनन् भन्ने कुरा प्रष्ट हुन्छ । यसरी २००७ सालदेखि अहिलेसम्म हामीले चारजना राजासँग संवैधानिक राजतन्त्रको अभ्यास गर्‍यौं, ती चारैजनासँगको अभ्यास खरो उत्रिन सकेन ।

त्यस्तै गरेर, बेलायती मोडेलको संसदीय शासनलाई हामीले प्राविधिक रुपमा प्रयोग गर्‍यौं, तर संसदीय पद्धति र मान्यताअनुसार संस्कार निर्माण गर्ने काम हामीले गर्न सकेनौं । त्यसको मूल कारण हाम्रा राजनैतिक पार्टीहरु र नेपाली जनमानसको मानसिकता पनि बेलायती मोडेलको संसदीय पद्धतिअनुकूलको देखिएन । त्यो संसदीय पद्धतिअनुसार बहुमत प्राप्त गर्ने पार्टीले शासन संचालन गर्छ र त्योभन्दा कम मत पाउने पार्टी विपक्षमा बस्छ र आफू सरकारमा जानका लागि उसले अर्को पटकको चुनावसम्म प्रतिक्षा गर्छ । तर हामीकहाँ त्यस्तो गर्ने धैर्य कसैसित भएन । चुनाव भएको भोलिपल्टदेखि राष्ट्रिय सरकारको कुरा आयो । यहाँ विपक्षमा बस्न कुनै पनि पार्टी तयार छैन । यसले के देखायो भने बहुमतमा आधारित बेलायती ढाँचाको परंपरागत संसदीय पद्धतिअनुसारको शासनको मर्यादामा बस्ने संस्कार यहाँ छैन ।

२०४७ सालको सबभन्दा ठूलो उपलब्धि भनेको जनताको सार्वभौमसत्ता हो । तर संविधानमा लेखिएको अनुसार जनताको सार्वभौमसत्ताको अभ्यास सही रुपमा हुन सकेन । सार्वभौमसत्तासम्पन्न जनताले यहाँ कहिल्यै सार्वभौम अधिकार प्रयोग गर्न पाएनन् । उनीहरुले न संविधानको घोषणा गर्ने मौका पाए, न त्यसमाथि प्रतिनिधिसभामा छलफल गर्न पाए र न संशोधन नै गर्न सके । यसरी जनताले भोट हाल्नेबाहेक अन्य संवैधानिक प्रक्रियामा सहभागी हुने मौका नै पाएनन् ।

अहिले संविधान संशोधन कि परिवर्तन भन्ने कुरामा चर्चा चलिरहेको छ । मलाई लागेको छ- अहिले संविधान संशोधनले मात्र पुग्दैन । जुनबेलामा संशोधनको आवश्यकता थियो, त्यतिबेला मुलुकका प्रमुख पार्टीहरुले संशोधनको नाम पनि लिन चाहेनन् । जुनबेला नयाँ संविधानको निर्माणको खाँचो पर्न थालेको छ, यतिबेला बल्ल ती पार्टीहरु संविधान संशोधनको एजेण्डा बोकेर आएका छन् । जहिले पनि जनताको चाहनाभन्दा एक कदमपछाडि पार्टीहरु रहे । यसबाट जनचाहनामाथि ब्रेक लगाउने काम पार्टीहरुले गर्न खोजेको जस्तो देखियो । परिवर्तित परिस्थितिमा आफ्नो राजनैतिक भूमिकाप्रति आत्मविश्वासको कमी र परिवर्तनलाई सहजतासाथ स्वीकार नगर्ने प्रवृत्ति प्रमुख पार्टीहरुमा देखियो । अब त संविधान संशोधन गर्ने भन्ने कुरा 'डेट एक्स्पायर' औषधिबाट रोगको उपचार गर्नुजस्तै भएको छ ।

अहिले संविधान संशोधनको बेला घड्कियो । यो कुरा २ वर्षअगाडि गरेको भए ठीक थियो । ०५१ सालको मध्यावधि निर्वाचन, हंग पार्लियामेन्ट र राष्ट्रिय सरकारको अभ्यासको क्रममा संविधान संशोधनको पक्षमा व्यापक रुपमा नागरिक मत आएको थियो । तर त्यतिबेला संशोधनको पक्षमा पार्टीहरुको मत निर्माण भएन । ०५६ सालपछि नयाँ संविधानको पक्षमा नागरिक मत व्यापक रुपमा आउन थाल्यो, त्यतिबेला बल्ल पार्टीहरु संविधान संशोधनको कुरामा आउन थाले । अब त संविधान संशोधनले मात्र देशको स्थितिलाई परिवर्तन गर्न सकिँदैन । यो निश्चित छ ।

## किन संशोधनले पुग्दैन ?
## किन चाहियो संविधानसभा ?

किन पुग्दैन त संशोधनले मात्र ?

पहिलो कुरा, वर्तमान नेपाली राज्य-व्यवस्थालाई जनताको आफ्नो बनाउनको लागि यो संविधानले अपनत्व सृजना गर्न सकेन । राजालाई पनि अपनत्वको संकट भयो । संविधानको घोषणादेखि सारा व्यवहारहरु हेरियो भने राजालाई पनि यो संविधान स्वीकार गर्न कठिन भएको हो । पार्टीहरुले पनि धेरै ठूला रिजर्भेसनहरु देखाए । संविधानमा असन्तोष हुनु, चित्त नबुझ्नु एउटा कुरा हो, तर संविधान र संवैधानिक व्यवस्थाहरुको मौलिक पद्धतिसँगको असहमति अर्को कुरा हो । नेकपा एमालेको 'जनताको बहुदलीय जनवाद'को कार्यक्रम पनि २०४७ सालको संविधानको पद्धतिसँग मिल्दैन । अन्य केही पाटीहरु त खुलेआम संसदीय व्यवस्थाले हुँदैन भन्ने मान्यता राखिरहेका छन् । नेपाली जनताहरुले पनि यो हाम्रो व्यवस्था हो भन्न सकिरहेका छैनन् । यो संविधानप्रति कसैको पनि स्वामित्व र अपनत्व देखिएन । स्वामित्व र अपनत्वको यो समस्या संविधानकै एउटा समस्या हो । त्यसैले यो समस्या समाधान गर्न संशोधनले मात्र पुग्दैन । जनताको निर्वाचित प्रतिनिधिले बनाउने संविधानले मात्रै अब स्वामित्व र अपनत्वको यो समस्या समाधान गर्न सक्छ ।

अर्को, अहिले राज्यको पुनःर्संरचनाको आवश्यकता परेको छ । संविधानको संशोधनले यो आवश्यकता पनि पूरा गर्न सक्दैन । यो संविधानमा केही अपरिवर्तनीय कुराहरु छन् । प्रस्तावनाको भावनाको विपरीत नहुने गरी धारा ११६ बाहेक यो संविधानको संशोधन गर्न सकिन्छ भन्ने कुरा छ । तर प्रस्तावनामा संवैधानिक राजतन्त्र, संसदीय प्रजातन्त्र, जनताको मौलिक अधिकार, स्वतन्त्र न्यायपालिकाजस्ता केही कुराहरु लेखिएका छन् । यी कुराहरुको व्याख्या गर्ने अधिकार न्यायपालिकासँग मात्रै छ । न्यायपालिकाले संविधानमा गर्न खोजिएको संशोधन प्रस्तावनासँग बाझियो भनेर भनिदिने वित्तिकै संशोधनको प्रक्रियामा संकट आउँछ । यसबाट संविधानको संशोधन गर्ने कुरा नै अवरुद्ध हुनसक्छ । यस हिसाबले पनि राज्यको पुनर्संरचनाको आवश्यकता संविधान संशोधनबाट धान्न सक्ने देखिँदैन ।

> नेदरलैण्ड, डेनमार्क र स्वीडेनमा सधैंभरि मिलिजुली सरकार बनिरहेको हुन्छ, चलिरहेको हुन्छ । त्यहाँ बहुमत ल्याउने एउटा पार्टीको मात्रै सरकार हुने गरिरहेको नै छैन ।

तेश्रो, राजसंस्थाको कुरा आउँछ । नेपालमा शाहवंशीय राजसंस्थाको आधार भनेको पृथ्वीनारायण शाहले गरेको नेपालको एकीकरण हो । त्यसको आधारमा आजको राज्यव्यवस्था बनेको छ । यो राजसंस्थाको वैधताको एउटा स्रोत हो । अहिले दुईवटा कुराले गर्दा यो संकटमा छ । एउटा, नेपालका धेरै जनजातिहरु पृथ्वीनारायण शाहको एकीकरणले राष्ट्र बनेको कुरा मान्दैनन् । उनीहरुको जातीय संस्कृति, पहिचान र परंपरामाथि यसले विचलन गरायो र एउटै संस्कृति र परंपरालाई जबर्जस्ती थोपरियो भन्ने मान्यता उनीहरुको रहिरहेको छ । त्यसैले त्यो वैधतालाई आज सबै मान्छेहरु मान्नेवाला छैनन् । अर्को कुरा, ०५८ साल जेठ १९ गते राजा वीरेन्द्रको समूल वंशनाशको घटनापछि आएका वर्तमान राजा त गद्दी उत्तराधिकारीको लाइनबाट अलग्गिएका हुन् । अर्थात् असाधारण अवस्थामा वर्तमान राजा गद्दीमा आएका हुन् । अहिले उनलाई जनताको समर्थन छ भनेर देखाउनको लागि पनि नयाँ संविधानको आवश्यकता पर्छ । यदि जनताले चाहे भने नयाँ संविधानमार्फत् राजालाई नयाँ वैधानिकता दिन सक्छन् ।



चौथो कुरा, नेपालजस्तो बहुजातीय र बहुसांस्कृतिक देशमा हामी आँखा चिम्लेर बेलायती मोडेलको बहुमतीय संसदीय लोकतन्त्रको मात्र कुरा गरिरहेछौं । विगत १२ वर्षले स्पष्टसँग देखाइसक्यो कि बेलायती मोडेलको संसदीय लोकतन्त्र नेपालको निम्ति उपयुक्त छैन । यो मोडेल नेपालमा विफल सावित भइसक्यो । यहाँ अहिले कसैले पनि बहुदलीय प्रतिस्पर्धा भएको संसदीय शासनपद्धति चाहिँदैन भनेको छैन, नेपालको लागि अनुपयुक्त प्रमाणित भएको

बेलायती मोडेलको संसदीय शासन प्रणालीको पुनर्संरचनाको कुरो मात्र उठेको हो । यूरोपमै बेलायतको भन्दा निकै भिन्न, बहुजातीय र बहुसांस्कृतिक मुलुकको निम्ति ज्यादा उपयुक्त हुने संसदीय लोकतन्त्रका मोडेलहरु छन् । जस्तो- स्केण्डिनेभीयन मुलुकहरुको मोडेल, स्वीट्जरलैण्डको मोडेल । ती मोडेलहरु बेलायतको संसदीय लोकतन्त्रको मोडेलभन्दा पनि ज्यादा परिष्कृत, लोकतान्त्रिक र हाम्रो सन्दर्भमा ज्यादा सुहाउने खालका छन् । तर हामीले चाहिँ विगतको उपनिवेशको इतिहासले गर्दा छानवीनविना नै परंपरागत वेस्टमिनिस्टर मोडेल मात्र ग्रहण गर्‍यौं । यो मोडेल बेलायतबाट भारतले ग्रहण गर्‍यो, भारतबाट हामीले लियौं र जापानमा पनि त्यही मोडेल छ । हामी त्यही परंपरागत मोडेलमा बढी परिचित र प्रशिक्षित छौं । हामीले संसदीय लोकतन्त्रको कुरो गर्नेबित्तिकै- केवल त्यही परंपरागत वेस्टमिनिस्टर मोडेल मात्र दुनियाँमा छ, अर्को मोडेलै अस्तित्वमा छैन भनेजस्तो गर्छौं । यो बिल्कुलै गलत कुरो हो ।

नर्वेमा पनि संसदीय लोकतन्त्र छ । त्यहाँको संसदीय लोकतन्त्रमा संसदले आफ्नो निर्धारित आयु हमेशा पूरा गर्छ, त्यो बीचैमा विघटन हुँदैन । त्यस्तै गरी, नेदरलैण्ड, डेनमार्क र स्वीडेनमा सधैंभरि मिलिजुली सरकार बनिरहेको हुन्छ, चलिरहेको हुन्छ । त्यहाँ बहुमत ल्याउने एउटा पार्टीको मात्रै सरकार हुने गरिरहेको नै छैन । थुप्रै अल्पमतका पार्टीहरु मिलेर त्यहाँ मिलीजुली सरकार चलाइरहेका हुन्छन् । स्विट्जरलैण्डमा त हमेशा पार्टीहरुको मिलीजुली सरकार नै हुने संसदीय व्यवस्था छ, चाहे कसैले स्पष्ट बहुमत नै ल्याएको किन नहोस् । यसलाई उनीहरु 'सहमतीय शासन प्रणाली' भन्छन्, जुन बेलायतको 'बहुमतीय शासन प्रणाली'भन्दा नितान्त भिन्न र उन्नत छ । बहुजातीय र बहुसांस्कृतिक मुलुकमा विना भेदभाव नीति निर्णय गर्ने ठाउँमा सबै जाति र संस्कृतिले सरकारमा हुने प्रणाली कसरी सुनिश्चित गर्ने ? कोही जाति काखा, कोही पाखा नहुने कुरो कसरी मिलाउने ? यी प्रश्नको हल खोज्ने सिलसिलामा उनीहरुले 'सहमीतय शासन प्रणाली' विकास गरेका हुन् । समाज र मुलुकको जस्तो सामाजिक-सांस्कृतिक बनावट छ, भाषा, धर्म, संस्कृति, जात, जातिका सन्दर्भमा राज्यको जुन बनावट छ, राज्यको संरचना र क्रियाकलापमा यसको प्रतिनिधित्व हुनुपर्छ । राज्य संरचनामा त्यसको अभिव्यक्ति हुनुपर्छ । अनिमात्र सबैलाई समतामूलक व्यवहार गर्ने न्यायपूर्ण राज्यप्रणाली सृजना हुन्छ । त्यही सिद्धान्तमा आधारित भएर स्विटजरलैण्ड र स्केण्डिनेभियन मुलुकले सहमतीय राज्य प्रणाली अपनाएका हुन् ।

> "नेपालको सन्दर्भमा राज्य प्रणालीको पुनर्संरचना गर्दा 'बहुमतीय शासन प्रणाली'भन्दा 'सहमतीय शासन प्रणाली' पो ज्यादा सान्दर्भिक र उपयुक्त हुने हो कि ?"

नेपालको सन्दर्भमा राज्य प्रणालीको पुनर्संरचना गर्दा 'बहुमतीय शासन प्रणाली'भन्दा 'सहमतीय शासन प्रणाली' पो ज्यादा सान्दर्भिक र उपयुक्त हुने हो कि ? यसमा हामीले किन पुनर्विचार नगर्ने ? तर यो पुनर्विचार पनि त संविधान संशोधनको बाटोबाट हुन सक्दैन । यसको लागि राज्य संरचनामा पूरै फेरबदल गर्नुपर्ने हुन्छ, जुन नयाँ संविधान निर्माणबाट मात्र संभव छ ।

विगत १२ वर्षको अनुभवले के देखाएको छ भने नेपालमा संसदलाई बीचैमा विघटन गर्ने बेलायती मोडेलको प्रधानमन्त्रीको अधिकारको हमेशा दुरुपयोग भएको छ । पछिल्लो दुरुपयोगले त राजनीतिक व्यवस्थालाई नै सिध्याएको छ । शेरबहादुर देउवाले चुनाव हुनै नसक्ने समयमा संसद र स्थानीय निकाय विघटन गर्दा नेपालमा जनप्रतिनिधिमूलक प्रणाली नै तलदेखि माथिसम्म समाप्त भएको छ । त्यसैले जुनसुकै समयमा संसद विघटन गर्ने बहुमतीय प्रणालीको प्रधानन्त्रीको विशेष अधिकारबारे पुनर्विचार गर्नु



आवश्यक भएको छ । स्केण्डिनेभियन मुलुकहरुमा यस्तो प्रणाली देखिँदैन ।

त्यसैले, बहुमतीय प्रणाली हाम्रोजस्तो बहुजातीय, बहुसांस्कृतिक मुलकमा उपयुक्त छैन । यसको विकल्प छ । दुर्भाग्यवश उपनिवेशले गर्दा हामीकहाँ अन्धतापूर्वक बेलायती बहुमतीय शासन प्रणाली अपनाइयो, जबकि यूरोपमै बेलायतको भन्दा धेरै राम्रा संसदीय लोकतन्त्रका मोडेलहरुको अभ्यास भइरहेछन्, जुन हामीकहाँ आउन सकेन । अहिले नेपालको नागरिक समाज, बौद्धिक क्षेत्र, र केही हदसम्म राजनीतिक दलहरु पनि यी र यस्ता अभ्याससँग परिचित हुँदै गएका छन् र त्यो अनुसारको राज्य संरचनामा परिवर्तनको आकांक्षा राखिरहेका छन् । संशोधनको टालटुलले यो आकांक्षा पूरा हुन सक्दैन । यही कारणले पनि नयाँ संविधान निर्माण गर्नुको औचित्य छ, त्यसका निम्ति संविधानसभाको औचित्य छ ।

पाँचौं कुरा, नेपालमा यतिबेला जनजातिहरु आत्मनिर्णयको अधिकारको र जातीय स्वशासनको माग गरिरहेछन् । माओवादीको माग पनि त्यही नै छ । माग मिल्नजानाले माओवादीको हिंसात्मक पक्ष गौण भएर माओवादीप्रति जनजातिहरुको आकर्षण बढ्दै गएको छ । नेपालमा १०० भन्दा ज्यादा जातजातिहरु छन् । अब के राज्यले यी सबै १०० भन्दा ज्यादा जातजाति, भाषाभाषीहरुलाई सोध्ने त- तिमी कस्तो राज्य चाहन्छौ, कसरी बस्छौ ? आत्मनिर्णय कसरी अभ्यास गर्छौ ? भनेर । उनीहरुलाई राज्यले सोध्ने ढाँचा के हो त ? आत्मनिर्णयको अभ्यासको संरचना के हो ? यसबारेमा कसैले पनि सोचिरहेको देखिँदैन । जनजातिहरु पनि बताउँदैनन् । माओवादीहरु पनि सुस्पष्ट कुरा ल्याइरहेका छैनन् ।

मैले बुझेसम्म संविधानसभाको निर्वाचन नै त्यस्तो सर्वोत्तम संरचना हो- जसमार्फत नेपालका सबै जातजाति, भाषाभाषीहरुले एकसाथ एकैचोटि सामूहिक आत्मनिर्णयको अधिकारको अभ्यास गर्न सक्छन् । आफूलाई अब कस्तो राज्यव्यवस्था चाहिएको हो ? के कस्तो हक चाहिएको हो ? कस्तो राज्य संरचना भएमा जातजाति, भाषाभाषीहरुमाथिको भेदभाव, उत्पीडन अन्त्य हुन्छ र उनीहरु न्यायपूर्ण ढंगले सन्तुष्ट भएर बस्न सक्छन् त ? यो कुरो उनीहरुले संविधानसभामा आफ्नो अनुकूलको प्रतिनिधि चुनेर निर्णय गर्न सक्छन्, आफूले भनेजस्तो संविधान निर्माण गरेर गर्न सक्छन् । त्यसैले आत्मनिर्णयको अधिकारको वास्तविक प्रत्याभूति संविधानसभाबाट हुनसक्छ, जहाँ तपाई हामी सबै बसेर भोलिको राज्य यस्तो हुन्छ भनेर सामूहिक निर्णय गर्न सक्छौं । त्योभन्दा उत्तम आत्मनिर्णयको अधिकारको अभ्यासको संरचना हामीसित छैन ।

हामीकहाँ श्रीलंकामा जस्तो पृथकतावादी मागको कारणले आत्मनिर्णयको माग पैदा भएको होइन । तमीलहरुले श्रीलंकामा एउटै राज्यमा आफू बस्ने कि नबस्ने भनेर निर्णय गर्न आत्मनिर्णयको अधिकार खाजेका हुन् । नेपालमा कुनै जनजाति र भाषाभाषीहरुले नेपालबाट छुट्टिएर अलग्गै बस्न आत्मनिर्णयको हक खोजिरहेका छैनन् । उनीहरु कसैले पनि हामी नेपालमा अटाएर बस्दैनौं, छुट्टै राज्य चाहियो भनेका छैनन् । उनीहरुको माग त जातीय भेदभावको अन्त्य हुनुपर्‍यो, एक जाति र भाषाको र एक धर्मको विशेषाधिकारको अन्त्य हुनुपर्‍यो, हामीले आफ्नो राज्यप्रणाली र हकबारे आफै निणार्य गर्न पाउनुपर्‍यो भन्ने मात्रै छ, जुन विल्कुलै लोकतान्त्रिक माग हो । यो स्थितिमा यो मागलाई संबोधन गर्ने सर्वोत्तम बाटो संविधानसभाको निर्वाचन नै हो, जहाँ दुई करोड नेपालीले आफ्ना निर्वाचित प्रतिनिधिमार्फत् एकै ठाउँमा बसेर सामूहिक ढंगले आफूले खोजेको

राज्य प्रणाली र हकबारे आत्मनिर्णय गर्न सक्छन् । संविधान संशोधनको बाटोबाट आत्मनिर्णयको यो मागलाई संबोधन नै गर्न सकिँदैन ।

अन्त्यमा, संविधान संशोधन किन पनि अपर्याप्त छ भने विगत ८ वर्षदेखि मुलुकले भोगेको सबैभन्दा ठूलो समस्या माओवादीको हिंसात्मक विद्रोह हो । यो विद्रोहलाई संविधान संशोधनको टालटुले बाटोबाट सबोधन गर्न सकिन्न भनेर विगत समयमा स्पष्ट भइसकेको छ । विगत दुईपटकको शान्तिवार्ता राज्यको संविधान संशोधनको एजेण्डाकै कारणले टुटेको उदाहरण हामीसित छ । माओवादीले भने भनेर संविधानसभा आवश्यक भएको होइन, माओवादीलाई हतियार बिसाउनका निम्ति बाटो दिनु आवश्यक छ । त्यसका निम्ति एउटा बाटो दमनको बाटो हो, जुन विगत ८ वर्षमा प्रयोग पनि भइरहेको छ, तर त्यसले अपेक्षित नतिजा ल्याउन सकेको छैन । दमन गरेर, सैनिक समाधानबाट माओवादी विद्रोहको समाधान संभव छैन भन्ने कुरा अहिलेसम्मको अभ्यासले साबित गरिसकेको छ । दमनको लागि नेपाली राज्यलाई सशक्तिकरण गर्ने विदेशी मुलुकहरुले समेत यो कुरा भनिरहेका छन् । नेपालको जनमत त अझ सैन्यदमनको बाटोको पक्षमा छँदैछैन, हिंसाको रोकथामको पक्षमासम्म छ । यो स्थितिमा बाँकी रहने बाटो हो– राजनीतिक समाधानको बाटो । राजनीतिक समाधानमा जाने हो भने संविधानसभा नै त्यो बाटो हो, जसले माओवादीलाई हतियार बिसाउन पर्याप्त आधार दिन्छ । संशोधनले त्यस्तो आधार प्रदान गर्दैन ।

जनमत संग्रहमार्फत् व्यक्त जनमतका आधारमा संविधानमा प्रगतिशील संशोधन गरेर माओवादीको हिंसात्मक विद्रोहलाई निकास दिन सकिन्छ, खास गरी राज्य संरचना र अन्य आधारभूत मुद्दामा संविधानमा जनमत संग्रहको प्रावधान राखेर संविधानलाई प्रगतिशील ढंगले संशोधन गरिरहन सकिन्छ भन्ने सवालमा नेपालमा बहस, छलफल नभएको होइन । २०५८ साल फागुन–चैतदेखि नेपालको नागरिक समाज र संसदभित्रका राजनीतिक दलहरुले यो मामलामा माओवादीसित छलफल पनि गरेका हुन् । यसले अपेक्षित नतिजा पनि ल्याएको हो । दलहरु र माओवादीबीच यसले संवादको ढोका पनि उघारेको हो । उनीहरुबीच चिठी आदान–प्रदान पनि हुनथालेको हो । २०५९ साल जेठको प्रतिनिधिसभाको अधिवेशनमा यस आशयको संविधान संशोधन हुने कुरामा संसदीय दलहरु र माओवादीबीच सहमति पनि बनेको हो । जब संसदको अधिवेशन यसमा प्रवेश गर्ने पक्का भयो, जेठ ८ गते अकस्मात संसद विघटन भयो । केवल कांग्रेसभित्रको गिरिजाप्रसाद र शेरबहादुरबीचको झगडाले संसद विघटन भएको हुँदै होइन । चूरो कुरो के हो भने अहिलेको शासकीय संरचनामा बसेकाहरु जनमत संग्रह र संविधान संशोधनको बाटोबाट राज्य संरचनामा आवश्यक परिवर्तन गरेर माओवादीलाई हतियार बिसाउने ठाउँ दिन तैयार देखिँदैनन् । यो स्थितिमा संविधान संशोधनको कुरो गरेर के गर्ने त ? संविधान संशोधनको त अब बाटो नै बन्द भइसक्यो । यो त डेट एक्सपायर भएको ओखतीजस्तो भइसक्यो ।

यसैबीच फेरि पनि संविधान निर्माण आयोग बनाउने, त्यसले निर्माण गरेको संविधान जनमत संग्रहमा राख्ने बाटो पनि छ भन्नेबारेमा चर्चा चल्ने गरेको छ । त्यो पनि एउटा विकल्प त हो । तर यो टालटुले विकल्प नै हो । अहिले चाहिएको विकल्प सबै पार्टीहरुलाई झ्याम्मै जनसमुदायबीच धकेलिदिने विकल्प हो । पार्टीहरु, माओवादीसहित सबैले जनताको सामना गरुन् । भावी राज्य संरचनाको मामलामा, जनताको हकको मामलामा कुन पार्टी के भन्छ

> संविधानसभालाई माओवादीको एजेण्डा भनिदिने प्रवृत्ति पनि हामीकहाँ छ । यो अत्यन्त गलत कुरो हो ।



भन्ने आधारमा जनताहरु आफै आफ्ना प्रतिनिधिको बारेमा फैसला गरुन् र संविधान बनाउन् । यस्तो विकल्प अहिले देशमा चाहिएको हो । त्यस्तो विकल्प भनेको संविधानसभाको विकल्प नै हो । यसले द्वन्द्व र विवादलाई दीर्घकालीन रुपमा समाधान गर्न मद्दत गर्नसक्छ । यसले जनतालाई संविधान निर्माणको सवालमा स्वामित्व प्रदान गर्छ, जुन संविधान निर्माण आयोगले बनाएको संविधानले गर्दैन । अब जनताहरु २०४७ सालमा जस्तो आयोगबाट एकैचोटि संविधान निर्माण गर्ने, ५–१० वर्षपछि नै फेरि त्यसलाई पूरै बदल्नु पर्ने स्थिति घरिघरि आउन दिने पक्षमा छैनन् । संविधान निर्माण प्रक्रियामै जनताको सहभागिता र स्वामित्व भयो भने संविधान घरिघरि पूरै बदल्नु पर्ने कुराको जनता आफैं विरोधी हुन जान्छन् । आफूले निर्माण गरेको संविधानमा जनताको अपनत्व ज्यादा हुन्छ ।

यस हिसावले माओवादीको हिंसात्मक विद्रोह र हतियारलाई बिसाउनका निम्ति ठाउँ दिन र जनताको स्वामित्व र अपनत्व भएको संविधान निर्माण गर्न पनि संविधानसभाको आवश्यकता छ । संविधान संशोधनको बाटो डेट एक्सपायर भइसकेको स्थितिमा संविधानसभाको विकल्प नै सर्वोत्तम विकल्प हो ।

संविधानसभालाई माओवादीको एजेण्डा भनिदिने प्रवृत्ति पनि हामीकहाँ छ । यो अत्यन्त गलत कुरो हो । नेपालमा माओवादीले उठाउनुभन्दा झण्डै आधा शताब्दी अघिदेखि नै संविधानसभाको माग जनताको माग बन्दै आएको छ । हालै पनि माओवादीसित दार्शनिक रुपमा, राजनीतिक रुपमा र वैचारिक रुपमा सहमति नै नभएका नागरिक समाज र बौद्धिक व्यक्तित्वहरुले जुन दिनदेखि संविधानसभाको मागलाई उचित र सान्दर्भिक ठह्याएका छन्, त्यहींदेखि यो मागको तौल बढ्न थालेको हो ।

मूलत: माओवादीले उठाएको कारणले होइन, देशको वर्तमान विषम परिस्थिति र जनताको परिवर्तनको आकांक्षा र आवश्यकताका कारणले संविधानसभाको खाँचो परेको हो । अहिले सत्ताको चूरोमा बसेकाहरुले संविधान संशोधनको बाटो नै अवरुद्ध पारिसकेकाले, यसको अध्याय नै बन्द गरिसकेकाले पनि संविधानसभा अपरिहार्य बनेको हो । संविधान संशोधन गर्न संसद चाहिन्छ; माओवादीको सहमति नभईकन संसदको चुनाव हुनसक्दैन; राजाले पुरानो संसदको पुनर्स्थापना गर्दैनन् । यो त सर्प, बिच्छी र भ्यागुताको कथाजस्तो भयो । यो गतिरोधबाट देशलाई मुक्त गर्नका लागि संविधानसभा नै सबैभन्दा उपयुक्त बाटो हो ।

२०४७ सालको संविधानको प्रस्तावनामा नयाँ संविधान निर्माण गर्नुपर्ने आवश्यकताबारे दुईवटा आधार दिइएका छन् : एक, राजाको लोकसम्मतिअनुकूल शासन गर्ने भन्ने संकल्प, दुई, जन–आन्दोलनमार्फत् अभिव्यक्त जनमत । अहिले त २०४७ सालमा भन्दा पनि निकै ठूलो र व्यापक पैमानामा देशमा द्वन्द्व भइरहेको छ । र, नयाँ राज्य संरचना निर्माणका निमित्त देशव्यापी जनमत देखापरिराखेको छ । के यो विशाल जनमत नयाँ संविधान निर्माण गर्नका निम्ति आधार प्रदान गर्न पर्याप्त छैन ?

यदि 'लोकसम्मतिअनुकूल' नै शासन गर्ने राजाको वास्तविक संकल्प हो भने भावी राज्य संरचनाबारे लोकसम्मति बुझ्ने सबैभन्दा लोकतान्त्रिक माध्यम त संविधानसभा नै हो । त्यस स्थितिमा संविधानसभामार्फत् भावी राजाबारे लोकसम्मति बुझ्न जनताबीच जान राजा डराउनुपर्ने कारण के ? त्यसमाथि थप, संविधानसभा त जेठ १९ गते पुरानो राजाको समूल वंशनाशकाण्डपछि रोलक्रम बाहिरबाट सत्तामा आएका नयाँ राजाका निम्ति वैधता

हासिल गर्ने सुवर्ण अवसरसमेत हुनसक्छ । संविधान संशोधनले त्यो अवसर प्रदान गर्दैन ।

सबै पार्टीहरु 'जन चाहनाअनुरुप' अग्रगामी दिशामा अघि बढ्न सहमत छौं भनिरहेछन् । यो 'जनचाहनाअनुरुप' भनेको के ? यो कुनै अमूर्त कुरो त होइन । ८ वर्षदेखि देशमा हिंसात्मक द्वन्द चलिरहेछ र त्यसले सिंगै देशमा गंभीर संकट सृजना गरिसक्यो । एक वर्षदेखि संविधान अस्तित्वमा छैन । सारा जनता अहिलेको गतिरोधको निकास र शान्ति खोजिरहेछन् । राज्य संरचनामा व्यापक परिवर्तन हुनुपर्छ भन्ने व्यापकतम जनताको चाहना देखिन्छ । यो स्थितिमा जनतालाई सार्वभौम मान्ने पार्टीहरु राज्य संरचनामा तिमीले खोजेको परिवर्तन के भनेर संविधानसभामार्फत् सार्वभौम जनतालाई नै सोध्न किन डराइरहेछन् ? जनता वास्तविक अर्थमा सार्वभौम हुन् भन्ने कुरा व्यवहारमा पुष्टि गर्नका लागि पनि त पार्टीहरु भावी राज्य संरचनाबारे सार्वभौम जनतालाई नै सोध्न तयार हुनुपर्ने हो ।

अर्को कुरा, संसदभित्रका पाँच पार्टीहरुले अग्रगमनको निम्ति भनेर १८ बुँदे कार्यक्रम सार्वजनिक गरेका छन् । त्यो १८ बुँदा हासिल र कार्यान्वयन गर्ने प्रक्रिया के हो ? ती पर्टीहरुले स्पष्ट पारिसकेका छैनन् । संविधान संशोधनबाटै ती हासिल हुन्छन् कि नयाँ संविधान निर्माणबाट ? उनीहरु त्यसमा मौन छन् । ती पार्टीका नेतृत्वदायी मानिसहरुसित सोधी हेर्दा उनीहरु भन्छन् कि दुईवटै बाटो खुल्ला छ । मेरो भनाइ के छ भने यदि संविधान संशोधनकै बाटोबाट ती हासिल हुन्छन् भन्ने लाग्छ भने संविधान संशोधनकै बाटो खोली हेर न त । छ त्यो बाटो खुला गर्ने उपाय यतिखेर ? संसदीय चुनाव कहिले हुने ? चुनाव गर्न माओवादीले सहमति कहिले दिने ? सहमति नदिई संसदको चुनाव हुनै नसक्ने । चुनाव नभई संसद बन्दै नबन्ने । राजाले उता संसदको पुनर्स्थापना गर्दै नगर्ने । संसद नभई संविधान संशोधन हुँदै नहुने । यो त अन्त्यहीन गतिरोध भयो त ! सर्प, बिच्छी र भ्यागुताको कथाजस्तो यो गतिरोध कसरी अन्त्य हुने ? अहिले पार्टीहरुसित छ त यसको जवाफ ?

६ महिनादेखि पार्टीहरु आन्दोलन गर्दैछन्– केवल संविधानमा भएको व्यवस्थालाई संविधानमा नलेखिए पनि चालु गर्नका लागि, संसदको पुनर्स्थापनामार्फत् । किनकि यो संविधानले जनप्रतिनिधिविहीन राज्य व्यवस्थाको त परिकल्पना पनि गरेको छैन । प्राविधिक कारणले गर्दा चुनाव हुनसकेन । त्यसैले, संवैधानिक प्राविधिकतालाई एकछिन आँखा चिम्लेर संसद पुनर्स्थापना गरिदेऊ मात्र त भनेका हुन् नि, पार्टीहरुले । नयाँ संविधान निर्माण गरिदेऊ त भनेका होइनन् । अनि त्यति पनि हुन सक्दैन भने संशोधन कसरी हुन्छ ?

संविधान सशोधनले पार्टीहरुले अघि सारेका मागहरुमध्ये राजाको स्तुतिगानलाई नै राष्ट्रियगान भन्ने स्थितिलाई परिवर्तन गर्न सक्ला । नागरिकताको व्यवस्था परिवर्तन गर्न सक्ला । राजगद्दीको उत्तराधिकारीसम्बन्धी व्यवस्था संशोधनबाट परिवर्तन गर्न सकिएला । १८ बुँदामा आएका धेरै कुराहरु संविधान संशोधनबाट समेट्न सकिएला । तर संविधान संशोधनबाट हुनै नसक्ने २–३ वटा आधारभूत कुराहरु १८ बुँदामा छन् । जस्तो : जनमत संग्रहमार्फत् संविधानका हरेक कुरा परिवर्तनीय बनाउने र अन्य राष्ट्रिय जीवनका आधारभूत मुद्दाहरु टुंगो लगाउने कुरा गर्न संविधान संशोधनबाट सकिँदैन । वास्तविक क्षेत्रीय स्वायत्ततासम्बन्धी संरचनागत व्यवस्थाबारे १८ बुँदामा सुस्पष्ट माग छैन । जनजाति, भाषा, धर्मका आधारमा उनीहरुको विकास गरिने भनिएको छ । त्यो भनेको के हो ? त्यसको मूर्त स्वरुप मागमा स्पष्ट पारिएको छैन । माओवादीका र अन्य पार्टीका मागमा पनि त्यो स्पष्ट पारिएको छैन । सिद्धान्ततः जनजाति, भाषाभाषी र धर्मको सही प्रतिनिधित्व हुनुपर्छ भन्ने कुराको कसले विरोध गर्छ र ? तर मुख्य प्रश्न हो– राज्यसंरचनामा तिनीहरुको सही प्रतिनिधित्व हुन्छ कसरी ? त्यसको मूर्त संरचना र माध्यम के हो ? यसका निम्ति राज्यको बनोटमा नै परिवर्तन गर्नुपर्ने हुन्छ । बेलायती मोडेलको बहुमतीय संसदीय पद्धति र ढाँचामै परिवर्तन गर्नुपर्ने हुन्छ । राज्यको बनोटमा र संसदीय ढाँचामै परिवर्तन गर्ने कुरा संशोधनले गर्न सक्दैन । बहुमतको सरकार, बहुमतमा आधारित चुनाव प्रणाली, एकात्मक राज्यको वर्तमान ढाँचा नै यस्तो छ, जसमा एउटा–दुईटा उच्च जात, एउटा–दुईटा जाति, एउटा भाषा, एउटा धर्म, एउटा वर्गको हालीमुहाली कायम भइरहन्छ । एकात्मक राज्यको यो संरचना र स्वरुपमा परिवर्तन नगरेसम्म जतिसुकै समानताको कुरा गरे पनि र माओवादीकै राज्य आए पनि व्यवहारमा बाहुन–क्षेत्रीकै प्रभुत्व भइरहन्छ; हिन्दू धर्मकै विशेषाधिकार बाँकी रहन्छ, एउटा जातिको भाषाकै हालीमुहाली कायम रहन्छ । कुनै पार्टीको दस्तावेजले रोकेर रोकिने कुरा होइन यो । यसको निम्ति वर्तमान एकात्मक प्रकृतिको राज्यको बनोट र बहुमतीय संसदीय पद्धति र शासनको ढाँचामै हेरफेर गर्नुपर्ने हुन्छ । यो कुरो संशोधनबाट हुन सक्दैन । यसका निम्ति संविधानसभाकै आवश्यकता पर्छ ।


नत्र, दलितहरुको कुरा सबै पार्टीले गरिरहेछन् । त्यस्तै, जातजातिहरुको पनि । राष्ट्रिय सभालाई जातीय सभा बनाउने कुरा पनि सबैले गरिरहेछन्, विशेषतः कम्युनिष्ट पार्टीहरुले । तर संविधानमा जातीय सभाको व्यवस्था गर्दैमा जातीय सभा बन्छ र ? जातीय सभा बन्ने किसिमबाट किन कम्युनिष्ट पार्टीहरुले नै उम्मेदवार दिन सकिरहेका छैनन् ? एमालेले दिएको उम्मेदवार हेर्नुहोस्– किन त्यसमा घुमिफिरी बाहुन–क्षेत्रीकै वर्चस्व हुनेगरी उम्मेदवार दिइँदैछ ? कांग्रेसकै उम्मेदवारहरुमा किन बाहुन–क्षेत्रकै हालीमुहाली ? जतिसुकै दलित, जनजातिको कुरा गरे पनि मूलधारको राजनीतिमा खोई उनीहरुको उल्लेखनीय उपस्थिति ? एकात्मक राज्यसत्ताले केही जातिविशेष, धर्मविशेष र लिङ्गविशेषको वर्चस्व कायम गर्ने शासनपद्धति हामीकहाँ छ । त्यसैले, यी सब कुरा भइरहेछन् । आवश्यकता, त्यसैले शासन पद्धतिमै परिवर्तनको हो, जुन संविधान संशोधनबाट हुन सक्दैन । ❑

**स्वास्थ्य चर्चा ■**




# विश्व र नेपालमा
# एचआइभी/एड्स

*एच.आइ.भी.को संक्रमणले विश्वमा ठूलो चुनौति सृजना गरेको छ । यसको पहिलो बिरामी अमेरिकामा सन् १९७८ मा भेटिएको बताइन्छ, तर अहिले आइपुग्दा एच.आइ.भी. भाइरसको संक्रमण विश्वका ४ करोड मानिसमा भइसकेको विश्व स्वास्थ्य संगठन (वि.स्वा.सं.)को ताजा आँकडाले देखाएको छ । यसमध्ये २५ लाख संक्रमित व्यक्तिहरु १५ वर्षभन्दा मुनिका नाबालकहरु छन् । सन् २००३ मा मात्र ३० लाख मानिसको मृत्यु एड्सको कारणले भएको वि.स्वा.सं.को अनुमान छ । यसै वर्ष मात्रै ५० लाख नयाँ मान्छेहरुमा एच.आइ.भी. संक्रमण भएको छ । विश्वमा अहिले हरेक दिन १४ हजार नयाँ मान्छेहरुमा एच.आइ.भी.संक्रमण हुँदैछ । यसमध्ये ९५ प्रतिशत मानिसहरु अल्पविकसित मुलुकमा बसोबास गर्दछन् ।*



*नेपालमा ६० हजार मानिसहरुमा एच.आइ.भी. संक्रमण भइसकेको यु.एन. एड्सले जनाएको छ । तर नेपाल एड्स रोग केन्द्रले भने २००३ को प्रारम्भसम्ममा केवल २,६६५ जनामा मात्र एच.आइ.भी. पोजिटिभ भेटिएको बताएको छ । यु.एन. एड्सको ताजा तथ्यांकअनुसार ६० हजार एच.आइ.भी. ग्रस्तमध्ये ६८ प्रतिशत लागू औषध प्रयोग गर्नेहरु छन् र १७ प्रतिशत व्यवसायिक यौनकर्मीहरु छन् । त्यस्तै, १४ हजार महिला छन् र झण्डै ६ सय बालबालिका छन् । एड्सको कारण टुहुरा बनेका बालबालिको संख्या १३ हजार रहेको अनुमान गरिएको छ । नेपालमा पहिलो पटक १९८८ मा एच.आइ.भी. पोजिटिभ भएका ४/५ जना बिरामी फेला परेका थिए ।* ○

# माओवादी यौन संहिता एक प्रयास, एक ठट्टा



❑ खगेन्द्र संग्रौला

उसको आफ्नै दह्रो सैन्य बल छ । त्यो सैन्य बलको बलले नेपाली भूगोलको विशाल फैलावटमाथि उसले आफ्नो एकछत्र प्रभाव कायम गरेको छ । अब आएर माओवादीले आफ्नो पकडमुनिको समस्त सामाजिक मानचित्रमा आफ्नै ढङ्गको कानुन संहिता लागु गर्ने घोषणा गरेको छ । *दृष्टि* साप्ताहिकमा विनोद के.सी. र गोकुल बाँसकोटाद्वारा प्रस्तुत यौन संहितासम्बन्धी माओवादी कानुनी मान्यता सही हो भने यो एउटा अपरिपक्व प्रयास र बालसुलभ ठट्टा भनिन लायक छ । यसमा माओवादको सुगन्ध थोरै छ र सामन्तवादको दुर्गन्ध कता हो कता धेरै ।

कुनै नारीलाई उन्मादी हुल्याहाहरूले सामूहिक बलात्कार गरे, र पीडित नारीको गर्भबाट शिशु पैदा भयो । त्यस्तोमा पीडित नारीले पाउने न्याय के हो ? माओवादी संहितामा तोकिएको न्यायको प्रकृति अजीव छ । पीडित नारीको सन्तान पहिलो बलात्कारीको हुनेछ र अन्तिम बलात्कारी चाहिं उसको लोग्ने हुनेछ । मेरो विचारमा यस न्याय संहितामा नारीलाई एक पृथक् स्वत्व र स्वाभिमान, संवेदनशीलता र आत्म-निर्णयकारी क्षमतायुक्त मानवका रूपमा नभई एक स्वत्वहीन, स्वाभिमानहीन, संवेदनाहीन र पराश्रयी यन्त्रवत् वस्तुका रूपमा कल्पना गरिएको छ । बलात्कारी पराई र पीडक हो, तर बलात्कारबाट पैदा हुने निर्दोष शिशु त्यो नारीको आँसु र सपनाको पुञ्ज हो । त्यो उसको आफ्नै जीवनको जीवन हो । शिशु पहिलो बलात्कारीको भागमा र अन्तिम बलात्कारी आफ्नो भागमा पारिदिने माओवादी न्याय संहिताले पीडित नारीलाई एक वस्तु ठानी निर्ममतासाथ चिरेर दुई फक्लेंटा बनाइदिन्छ । एउटा फक्लेंटो पहिलो बलात्कारीको भागमा, अर्को फक्लेंटो अन्तिम बलात्कारीको भागमा ।

पीडित नारीको गर्भबाट पैदा हुने शिशु मानवीय र व्याबाहारिक दुवै दृष्टिबाट आमाकै काखमा रहनु न्यायोचित हो । त्यो शिशुलाई आमाको काखबाट खोसेर पहिलो पीडकलाई दिइनुको औचित्य के ? पीडित नारीले अन्तिम पीडकलाई लोग्नेका रूपमा वरण गर्नुपर्ने बाध्यता किन ? पहिलो होस् वा अन्तिम, त्यो पीडक हो । पीडकहरूमध्ये कुनै एकलाई लोग्नेका रूपमा वरण गर्ने वा नगर्ने भनी रोज्ने र निर्णय गर्ने हक त पीडित नारीको पो हो । सबै पीडकहरूबाट अंश भाग भराइनु, शिशु आमाको हुनु र अन्य कुराका हकमा पीडित नारीलाई आफ्नो भाग्यको फैसला आफैं गर्न छाडिदिनु, - बरू यो पो माओवाद हुन्थ्यो कि ?

यहाँ नारीको नियतिबारे माओवादीको सोच्ने ढङ्गमा सामन्ती पिताको सोच्ने ढङ्गको प्रत्यक्ष झलक आउँछ । म सदैव सर्वज्ञ, म सदैव सशक्त, म सदैव न्यायदाता- ऊ सदैव अज्ञानी, ऊ सदैव अशक्त, ऊ सदैव मेरो कृपाकाङ्क्षी । म बलवान् न्यायदाता, ऊ न्यायको अनाथ भिक्षार्थी । नारीको अस्मिता, विवेक र सामर्थ्यलाई उपेक्षा गर्ने यो पारा माओवाद हैन, झर्रो सामन्तवाद हो ।

> **पीडित नारीले अन्तिम पीडकलाई लोग्नेका रुपमा वरण गर्नुपर्ने बाध्यता किन ? सबै पीडकहरुबाट अंश भाग भराइनु, शिशु आमाको हुनु र अन्य कुराका हकमा पीडित नारीलाई आफ्नो भाग्यको फैसला आफैं गर्न छाडिदिनु- बरु यो पो माओवाद हुन्थ्यो कि ?**

बाल विवाह र अनमेल विवाहलाई कडाइका साथ वर्जित गर्ने माओवादी संहिता स्वागतयोग्य छ । तर यसै बुँदाको पेट व्यहोरामा कदापि स्वागत गर्न नसकिने अर्को बुँदा छ । माओवादी कानुन संहितामा दशदेखि सत्र वर्षबीचकी केटी र बाह्रदेखि अठाइ वर्षबीचका केटाको विवाह गराइदिनेलाई पाँच सयदेखि एक हजार रूपियाँसम्म जरिवाना वा तीनदेखि छ महिना श्रमकैद हुनसक्ने प्रावधान छ । यो "वा" बडो खतरनाक छ । यो "वा" हुनेखाने र हुँदा खानेबीच कोरिने विभेदको रेखा हो । हुनेखाने भाग्यमानी पैसा तिरेर फुत्किन्छ, हुँदा खाने अभागी पैसा नहुनाको दुःखले गर्दा श्रमकैदमा कोचिन्छ । पैसामा बेचिने र पैसाले किनिने यो न्याय संहिता ठालुहरूलाई हाइसन्चो हुने र निमुखाहरूलाई खोरमा जाक्ने न्याय संहिता हो । तसर्थ यो माओवादी न्याय होइन, उही सामन्तवादी अन्याय हो ।

धन दिए मान, धन नदिए ज्यान- माओवादी न्याय संहितामा यो पहिलेदखि नै प्रचलित मान्यता हो । मागेजति चन्दा नदिने वा दिनसक्ने गच्छे नहुने थुप्रै अभागीहरूले माओवादीका हातबाट ज्यान गुमाएका कथाहरू हाम्रो स्मृतिमा थुप्रै छन् । उता मागेजति चन्दा दिने भाग्यमानीहरू भने छाला जोगाउन सधैं नै सफल भएका छन् । चन्दाले जाली र झेली, घुसाहा र घुस्याहा, ठग र ठालु, चोर र कमिशनखोरको दुर्मतिलाई सुमतिमा फेरिदिन सक्छ ? चीनका माओको माओवादमा सक्दैन । तर नेपालका माओवादीहरूको माओवादै अनौठो छ । उदाहरणहरूले के भन्छन् भने यसलाई मानवीय मूल्य प्रणालीको उतिबिधि चिन्ता छैन । न त नीति र संस्कृतिको वर्गीय मानक र मान्यताको नै उस्तो फिक्री छ । यो नेपाली माओवाद कति धनवाद हो र कति जनवाद हो, यो कुरा विचारणीय छ । जहाँ बन्दुक हुनेका हातबाट धनले पञ्चखत माफी किन्न सकिन्छ, त्यहाँ जनजनको जनवादले स्थान र गरिमा पाउने आशा गर्नु वीरवलको खिचडी पाक्ला र खाउँला भनी आशा गर्नुजस्तै हो ।

पारपचुके गरेपछि यौन सम्बन्ध कायम गरी सन्तान पैदा भएमा त्यस्ता नारी र पुरुषलाई के गर्ने ? माओवादी संहिताअनुसार ती दुबैलाई एक-एक वर्ष श्रमकैद गरिने छ । यो सन्दर्भले मलाई बालककालको गाउँको एउटा घटनाको सम्झना गराउँछ । छिमेकमा झिल्के दमाइ थियो । झिल्के र झिल्किनीको ठाकठोक परिरहन्थ्यो । तिनका मन फाटे र झिल्किनी अर्कै दमाईको हात समातेर अन्तै बाटो लागी । पछि फाटेका मन पुनः जोडिए र तिनको पुनर्मिलन भयो । सारा गाउँले 'फिर्ती पोइले' भनेर हेलाँ गरे पनि म गाउँमा छउन्जेलसम्म ती दुईको दाम्पत्य सम्बन्ध अटल र सुमधुर नै रहेको थियो । यो आधा शताब्दी अघिको कुरा हो । यत्रो लामो कालखण्डपछि पनि माओवादीको यौन संहितामा तिनै रूढिवादी गाउँलेहरूको संकीर्ण दृष्टि झल्किनु सुखद् कुरा होइन । के पारपाचुके भइसकेका जोइ-पोईले राजीखुशीले पुनः दाम्पत्यको सूत्रमा उनिएर सन्तान पैदा गर्नु पापकर्म हो ? 'हो' भनियो भने हामीले भन्न वाध्य हुनुपर्छ – यो सामन्ती रूढीबाट गाँजिएको रोगी सोचाइ हो ।

इतिहासको रङ्गमञ्चमा नायक-नायिकाको अभिनय गर्ने पात्रहरूका अघिल्तिर इतिहासको दर्शक दीर्घामा सहस्र दर्शकहरू तिनको अभिनय हेर्नमा तल्लीन हुन्छन् । ती असजग र निस्क्रिय दर्शक होइनन्, इतिहासका प्रक्रियाहरूसित पल-प्रतिपल क्रिया-प्रतिक्रिया गरिरहने सजग र सक्रिय दर्शक हुन् । हातमा बन्दूक बोकेर रङ्गमञ्चमा अभिनय गर्ने पात्रका मनमा म जे बोल्छु, त्यो स्वतः सत्य हुन्छ, र म जे गर्छु, त्यो स्वतः मान्य हुन्छ भन्ने दम्भले घर गऱ्यो भने त्यस्ता नायक-नायिकाहरू दर्शकका नजरमा इतिहासका खलनायक-खलनायिकाका रूपमा चित्रित हुन्छन् । तर इतिहासको विशाल डबलीमा म छु र अरूहरू पनि छन् । यी अरूहरू मूर्ख होइनन् । यिनीहरू मेरा वचन र कर्मलाई तर्क, न्याय र आचारविधिको तुलोमा तौलिरहेका छन् । इतिहासका अभिनयकर्ताहरूलाई यति कुराको चेत भयो भने ती इतिहासका हास्यपात्र बन्दैनन् । तर म जङ्गे हुँ । जङ्गेले जे बोल्छ, तरबारको बलले त्यो सत्य ठहरिनै पर्छ भन्ठानियो भने अनर्थ हुन्छ । माओवादीको यौन संहिता झण्डैझण्डै त्यस्तै हुन पुगेको छ । ❑

■ अन्तर्वार्ता

# शरणार्थी वर्गीकरण ठीक भएन



## टेकनाथ रिजाल

**+ गत अक्टोबरमा भुटान-नेपालबीच भएको पन्ध्रौं मन्त्रीस्तरिय बैठकका उपलब्धिहरूलाई तपाईंले किन सकारात्मक रूपमा लिनु भएन ?**

- त्यो बैठक त्यति उपलब्धिमूलक हुन नसक्नाका कारणहरू छन् । भुटानदेखि मानिसहरूलाई सातवटा वर्गमा बाँडेर लखेटिएको हो । फेरि पनि शरणार्थीहरूलाई चार वर्गमा विभाजन गर्ने काम भयो । अब फेरि ती शरणार्थीहरूलाई तीनवटा पगरी लगाएर फर्काउने कुरा भएको छ । भुटानभित्रै उनीहरूको अवस्थाको निराकरण गर्ने कुरा भएको छ । हिजो तिनीहरूको समस्याको निराकरण भुटानभित्रै किन गरिएन र अहिले आएर मात्रै गर्ने कुरा किन आयो ? 'समस्याको निराकरण गर' भन्ने हामीजस्ता मान्छेलाई हिजो बाँधेर जेलमा हालेर ठोकेको हो । अहिले विश्वले चेपेको बेला विश्वको अगाडि आफ्नो स्पष्टीकरण दिनुपर्ने बेलामा भुटानले आफ्नो मान्छेलाई भित्रै लगेर मिलाउँछु भन्नुको तात्पर्य त्यति राम्रो छैन । त्यसैले अहिलेको निर्णय त्यति उपलब्धिमूलक होइन ।

**+ तपाईंले भुटानी शरणार्थीहरू नेपालबाट भुटान गएछन् भने पनि उनीहरूको सुरक्षा हुँदैन, उनीहरूले नागरिकता पाउने ग्यारेन्टि हुँदैन भन्न खोज्नुभएको हो ?**

- सबभन्दा पहिलो कुरा त भुटानले नेपालबाट लगिएका शरणार्थीहरूलाई भुटानमा दुई वर्षसम्म पर्खिनुपर्छ भनेको छ । भुटानले बाह्र वर्ष शरणार्थीको रूपमा नेपालमा थन्क्यायो र अब विश्वको अगाडि कायल भइसकेपछि चाहिं देशभित्र लगेर दुई वर्ष थन्क्याउनुपर्छ भन्दैछ । त्यो दुई वर्ष र खुदुनाबारिबाहेकका हरेक क्याम्पलाई पाँच पाँच वर्ष लगाउँदै जाँदा र ती क्याम्पबाट भुटानभित्र लगिएकाहरूलाई फेरि दुई दुई वर्ष लगाउँदै जाँदा त अहिलेको भुटानको राजसंस्था खत्तम हुनेबेलासम्म पनि ती मानिसहरू भुटान गइसकेका हुँदैनन् । दोस्रो कुरा, सम्पूर्ण विश्वले 'शरणार्थीको समस्या जबसम्म समाधान हुँदैन तबसम्म तपाईंले जग्गा जमीन अरूलाई नदिनुस्' भन्दाभन्दै भुटानको राजाले खुरूखुरू आफ्नै खुसीले आफ्ना मान्छेलाई ती शरणार्थीहरूको जग्गामा बसाइराखेको छ । अनि उसलाई आज दुईपट्टिको चेपारो छ : यी खेदेका मान्छेलाई कुन मुखले आएर बस् भन्नु, हिजो जमीन दिएका मान्छेलाई कुन मुखले छोडेर जाओ भन्नु । त्यसरी हेर्दा भुटानबाट खेदिएका यी शरणार्थीहरूलाई उनीहरूको पुरानो जग्गामा लगेर राख्ने भुटान सरकारको विचार नै छैन । तेस्रो कुरा, कथं दुई वर्षभित्र कुनै मानिसलाई तं गैरभुटानी साबित भइस् भनेर लाञ्छना लगाएको खण्डमा त्यो मान्छे क्रनै फेरि न्यायको लागि झापामा आउँदा नआउँदा यहाँको शिविर उठिसकेको हुन्छ । त्यसबेला त्यस मान्छेले नेपालमा पनि सहारा पाउँदैन, भुटानमा पनि सहारा पाउँदैन ।

अर्को कुरा नेपालको सरकारले ७५ प्रतिशत शरणार्थी भुटानले लानेभयो भन्दैछ । त्यो ७५ प्रतिशतमध्येबाट बाँकी रहेका २५ प्रतिशत नै बढी पीडित थिए र तिनैले नै न्याय पाउन योग्य थिए भने चाहिं अहिलेको निर्णयले के भयो त ?

**+ ती पचहत्तर प्रतिशत चाहिं क वर्गमा परेका अर्थात् भुटानबाट खेदिएका शरणार्थी भएकाले तिनलाई लैजाने कुरा आएको होइन र ?**

- भुटानबाट नेपाल आएका सबै शरणार्थीहरू स्वदेशबाट खेदिएरै आएका हुन् । शरणार्थीहरू कसैले पनि स्वेच्छाले देश छोडेर आएको वा बसाई सरेको भन्दैनन् । त्यस्तो होइन पनि । पहिलो कुरा त यस्तो वर्गीकरणलाई नेपालले मान्दै नमान्नुपर्ने हो । नेपालले भुटानलाई भन्नुपर्ने हो : तिम्रा मुलुकबाट यी मान्छे खेदिएका हुन्, यिनीहरूलाई लैजाओ ।

**+ त्यसोभए शरणार्थीको वर्गीकरण नै बेठीक हो त ?**

- शरणार्थीको वर्गीकरण हुनै हुन्नथ्यो म भन्दिन । किनभने हामी एकै भाषा बोल्ने एउटै भेष लगाउने मानिसहरू भुटानबाट इण्डिया हुँदै नेपालमा आएर बसिसकेको हुनाले र भुटान सरकारले 'यहाँ विदेशी पनि छन्' भनेको हुनाले 'हामी विदेशी होइनौं' भन्ने प्रमाण दिनका लागि हामी वर्गीकरण चाहन्छौं । यस निम्ति दुईटा वर्गीकरण हुनु जरूरी थियो । एउटा भुटानी, अर्को गैर भुटानी । दुईथरि वर्गीकरणसम्म ठीक थियो । तर बसाई गएको भनेर के भन्न खोजेको भुटानले ? यो हामी बुझ्दैछैनौं । उदाहरणको लागि मलाई जेलमा हालेर मेरो श्रीसम्पत्ति भुटान सरकारले जफत गरिराखेको छ । अब भुटान सरकारले मलाई चाहिं के भन्ने ? त्यो भुटान सरकारले अपराध गरेको हो, तर उसले त्यो मान्दैन ।

यो वर्गीकरणको प्रक्रियामा सबभन्दा अप्ठ्यारो कुरा के छ भने शरणार्थीहरूको वर्गीकरण फारममा भुटानमा उनीहरूको श्रीसम्पत्ति कति थियो, त्यो उनीहरूले कतिमा कसलाई बेचे, अब त्यहाँ उनीहरूको श्रीसम्पत्ति कति बाँकी छ, कस कसले त्यहाँ हस्तक्षेप गर्‍यो भन्ने कुरा अंकित छैन । अर्को कुरा, भुटानले विदेशी भनेर हामीलाई खेदेको बेला नेपालले हामीलाई शरण दियो । त्यसको लागि म नेपालप्रति आभारी छु । त्यसैले नेपालले जिम्मेवारीपूर्वक काम गरेन म भन्दिन । तर त्यो काममा खट्टिएर गएका मानिसहरूबाट चाहिं लापर्वाही भयो कि भन्ने कुरा विश्वलै बुझिदिनुपर्ने कुरा हो । भुटानले पहिला सात वर्गमा वर्गीकरण गरेको बेला त्यही काम गरेको थियो, जुन आज भुटान र नेपालले संयुक्त रूपमा गर्दैछन् ।

**+ भुटानले गरेको कुन त्रुटी संयुक्त रूपमा गर्दा फेरि दोहोरियो ?**

- त्यसबेला भुटानले पनि एउटै घरको परिवारलाई यो विदेशीसँग विहा गर्ने, यो नेपालबाट बसाई सरेर आएको र यो चाहिं स्वतः नागरिक हो भनेर विभाजन गरेको थियो । त्यसरी भुटानले उतिबेलै एउटै घरको परिवारलाई चार प्रकारमा वर्गीकरण गरेको थियो । र, आज नेपाल र भुटान दुई देश मिलेर गर्दा पनि पहिला भुटानले जे गरेको थियो त्यही दोहोरिंदैछ ।

खाँट्टी भुटानी, जोसँग राता कार्ड छन्, तिनैलाई अहिले पनि गैर भुटानी बनाइएको छ । आज हामी कस्तो अप्ठ्यारोमा छौं भने यति लामो बाह्र वर्षको अन्तरालपछि हामी भुटान

जाँदैनौं पनि कसरी भन्नु, जान्छौं पनि कसरी भन्नु । एउटै परिवारलाई पनि विभाजन गरिदिएको छ । आधा परिवार फर्किए बाँकी परिवार कहाँ जाने हो ?

**+ अब के गर्दा चाहिँ न्याय हुन्छ त ?**

- भुटानले नेपालको समस्या, शरणार्थीको समस्या, भुटानका सरकारी कर्मचारीले गरेका अन्याय, अत्याचारजस्ता सबै कुरालाई बुझ्नसक्नुपर्दछ । अनि भुटान र नेपालले शरणार्थीहरूलाई वर्गीकरणको पक्षमा नलागेर उनीहरूलाई फर्काउने वा ठेकेदारले वर्गीकरण गरेजस्तो नगरेर सातवटै शिविरमा एकैपटक उचित प्रक्रियाबाट वर्गीकरण गरेर काम गर्नुपर्दछ । अझै पनि नेपालले अर्को गल्ती गर्दैछ, एउटा क्याम्पमा वर्गीकरण गरिसकेपछि अर्कोमा गर्दैछ । त्यस क्याम्पमा फेरि अर्को नीति अपनाउला । भुटानले के गर्दैछ भने खेपैपिच्छे मन्त्री र कर्मचारीहरू फेरी फेरी पठाउँछ । हिजोकाले गरेका निर्णयहरू पछि आउनेले फेर्ने काम पनि हुनसक्छ, भएको पनि छ ।

**+ त्यसोभए, शरणार्थी शिविरपिच्छे संयुक्त टोलीको व्यवहार फरक हुने संभावना छ भन्नुभएको हो ?**

- हो, त्यस्तो संभावना छ । त्यसैले बाँकी छ वटा सबै क्याम्पको काम एकैचोटि हुनुपर्दछ । त्यसमा केवल भुटानी र गैर भुटानी दुई किसिमको मात्र वर्गीकरण हुनुपर्छ । त्यस्तो काम भएपछि भुटानी सावित भएकाहरूलाई चोरेर आएका, बसाई सरेर आएका वा अन्य जेसुकै गरी देश छोडेर यहाँ आएका भए पनि भुटानले फर्काएर लैजानुपर्छ ।

**+ तपाईंको विचारमा गैर भुटानी र भुटानी छुट्याउने आधारचाहिँ के हो ?**

- जसले सरासर भुटानभित्र बसेको प्रमाण दिनसक्दैन र जोसँग त्यस्तो प्रमाणित हुने कागजातहरू छैन भने पनि ऊ भुटानी होइन भन्ने मान्यता राख्नु हुँदैन । कागज नहुने भुटानीहरू पनि छन् । भुटानमा के व्यवस्था छ भने त्यहाँको नागरिक हुनका लागि त्यहाँ घर भएको हुनुपर्दछ । यहाँका शरणार्थीहरू सबैजसो भुटानको शहरी इलाकामा बस्ने भुटानीहरू छैनन् । शहरी इलाकामा कोही बसेको भए पनि उसको मूल घर गाउँमै हुन्छ । त्यहाँ उसको जनगणना हुनेगर्छ । उसले आफ्नो गाउँ



**भारतले आफै मद्दत गर्न अग्रसर हुनुपर्ने हो । भारत र भुटानको वार्ताबाट यो समस्याको जति दरिलो समाधान हुनसक्छ, त्यति दरिलो नेपाल र भुटानको वार्ताबाट हुँदैन ।**

र त्यहाँको घर नम्बर बताएछ भने ऊ भुटानी नै हो । त्यस्ता व्यक्तिहरू कागजात नभए पनि गैर भुटानी होइनन्, भुटानी नै हुन् । यदि गाउँमा त्यस्तो घरजग्गा छैन र सन् १९५८ पछि घुस ख्वाएर कसैले भुटानी नागरिकता लिएको रहेछ भने पनि उसलाई भुटान लगेर त्यहीं नै छानबीन गरी त्यस्तो नागरिकता लिने र दिने दुवैथरिलाई दण्ड दिनुपर्दछ ।

**+ पन्ध्रौं बैठक अघिल्ला बैठकहरूभन्दा के मानेमा चाहिँ उपलब्धिपूर्ण हो त ?**

- चौधौं र पन्ध्रौं बैठकमा केही फरक नै छैन । ती दुईटै बैठकमा नेपालले बहुत ठूलो कुरो हासिल गऱ्यो । आज विश्वले हेर्ने हो भने भुटान सरकारले ती भुटानी शरणार्थी होइनन् आसामबाट, वा अन्तै कतैबाट गएका व्यक्तिहरू हुन् भनेर विश्वलाई छलेको, ढाँटेको कुरा ती बैठकहरूमा उदाङ्गो भएको छ । हामीले यतिञ्जेल दुःख पाएको भए पनि ती बैठकमा नेपालले भुटानलाई घुँडा टेकाएर शरणार्थीहरू अधिकांश भुटानी हुन् भन्ने स्वीकार्न बाध्य पाऱ्यो । यसमा मलाई गर्व लागेको छ । त्यो ठूलो उपलब्धि नै हो । अर्को कुरा, नेपालले भुटानलाई माफ गरिदियो- जवर्जस्ती खेदिएकाहरूको संख्या थोरै देखाइदिएर । त्यसरी खेदिएकाहरूलाई पनि बसाई गएका भन्ने पारेर भुटानलाई राम्रो मुखण्डो लाउने मौका नेपालले दियो । उपलब्धि त्यति नै हो ।

**+ भुटानीहरू भारत हुँदै नेपाल आउनुपर्छ । त्यसैले अहिलेको यो समस्या भारत र भुटानको समस्या हुनुपर्नेमा नेपाल र भुटानको समस्या कसरी हुनपुगेको होला ?**

- भुटान र भारतको मैत्रीसम्बन्ध कस्तो छ भने भुटानीहरू भारतमा स्वतन्त्र रूपले घुम्न पाउँछन् । भुटानीहरूले भारतमा आएर व्यापार लगायत जे व्यवसाय पनि गर्न पाउँछन् । त्यसैले भुटानीहरूलाई भुटानमा बस्नु र भारतमा बस्नु एउटै कुरो हुनजाँदो रहेछ । उनीहरूलाई ती दुई देशको सन्धिको आधारमा कुनै समयमा पनि भारतको प्रहरीले पक्रेर भुटानलाई दिनसक्छ । त्यसैले गर्दा आफ्नो सुरक्षाका लागि शरणार्थीहरू नेपालमा आइपुगेका हुन् ।

**+ यो शरणार्थी समस्या समाधान हुनमा भारतको सहयोगी भूमिका आवश्यक छ कि छैन त ?**

- यो समस्यामा भारतले आफैं मद्दत गर्न अग्रसर हुनुपर्ने हो । भारत र भुटानको वार्ताबाट यो समस्याको जति दरिलो समाधान हुनसक्छ, त्यति दरिलो नेपाल र भुटानको वार्ताबाट हुँदैन । नेपाल र भुटानको वार्ताबाट प्रायः हामी असुरक्षित रहेका हुन्छौं । तर भुटान र भारतको वार्ताबाट हामी भुटानमा जान पायौं भने भोलि गएर हामीलाई फेरि कुनै समस्यै हुँदैन ।

**+ त्यसो भए यो समस्यालाई भुटान, भारत र नेपालबीचको त्रिपक्षीय समस्या पनि भन्न सकिन्छ, होइन र ?**

- सजिलै भन्न सकिन्छ । किनभने पच्चीस हजार भुटानी शरणार्थीहरू त आज पनि भारतमै बसिरहेका छन् ।

**+ तपाईंहरूको मानवअधिकार परिषद्ले चाहिँ अहिले यस विषयमा के गर्दैछ ?**

- नेपालले यत्रो शक्ति खर्च गरेर शरणार्थीहरूलाई जस्तो गरी भए पनि भुटान फर्काउने वातावरण तयार गरेकाले भुटानको मानवअधिकार परिषद्को मंसिर ८ गते बसेको बैठकले भुटान जानुपर्छ र त्यहीं गएर संघर्ष गर्नुपर्छ भन्ने निर्णय गरेको छ । तर खबरदार ! भुटान गएकाहरूलाई केही तलमाथि होला भनेर निरन्तर सचेत पार्ने र यस विषयमा विश्व समुदायको सहयोग जुटाउने काम पनि भुटानको मानव अधिकार परिषदले गर्ने निर्णय गरेको छ । साथै यस विषयमा अन्तर्राष्ट्रिय अदालतमा भुटानविरुद्ध मुद्दासमेत हाल्ने तयारी पनि यसले गरेको छ । ❑

**प्रस्तुति : गोविन्द वर्तमान**


मकालु यातायात बससेवा
काठमाण्डौ, कलंकी, फोन नं. ४२७७५५२

काठमाण्डौबाट बस जाने स्थान र बस छुट्ने समय

काठमाण्डौ - काकडभिट्टा- बिहान ५:०० बजे, भद्रपुर- ५:१० बजे, उर्लावारी-मधुमल्ला- ५:२० बजे, विराटनगर- ५:४५ बजे, राजविराज- ६:०० बजे, सिरहा-माडर- ६:१५ बजे, मलंगवा- ६:३० बजे, विराटनगर दोस्रो- ६:४५ बजे, धरान- ७:०० बजे, जनकपुर- ७:२० बजे, गौर- ७:४० बजे, बिरगंज- ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे, कलैया- ८:०० र १०:१५ बजे, बरहथवा- ८:३० बजे, भरतपुर- ८:३०, ९:१५ र ११:४५ बजे, गितानगर- दिउँसो १:३० बजे, पर्साढाप-मेघौली- दिउँसो १:५५ बजे, नारायणगढ- विशालचोक - दिउँसो २:२० बजे, बिरगंज रात्री- बेलुका ८:१५ बजे


आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !

# हिंसा र प्रतिहिंसाको नग्न-नृत्य



**नेपाली** वृहत शब्दकोशअनुसार हिंसा भनेको अपकार गर्नु हानी पुर्‍याउनु, काटमार गर्नु, हत्या वा वध गर्नु भन्ने परिभाषा गरिएको पाइन्छ । यसैगरी हिंसाको बदलामा हिंसा नै गर्नु चाहिं प्रतिहिंसा भनिएको पाइन्छ । आज हाम्रो मुलुक हिंसा र प्रतिहिंसाबाट त्राहिमाम बनिरहेको छ । हरेक दिन, सूर्योदयसँगै यतिजनाको हत्या, यतिजनाको अपहरणका साथै लुटपाट एवं भौतिक सम्पदाहरूको सांस्कृतिक सम्पदाहरूको विनाशलीला मच्चिएको हाहाकारमय खबर सुन्नु परिरहेको छ । जताततै हत्या हिंसा र अशान्तिकै चर्चा परिचर्चा चलिरहेको पाइन्छ ।

यस हिंसा र प्रतिहिंसाका उत्पादकहरूले यसलाई अनिवार्य घटना बताइरहेका छन् । हिंसालाई उनीहरूले प्रतिस्पर्धाको विषय बनाएका छन् । प्रतिष्ठाको विषय बनाएका छन् । आफ्नो एकात्मक वा समूह विशेषका स्वार्थका निम्ति तिनले जनजीवनलाई भयकान्त बनाएका छन् । तिनको आ-आफ्ना पारस्परिक स्वार्थका लागि जनताले रगतको मूल्य चुकाउनु परेको छ । सर्वसाधारण जनता भयभीत भएर बस्नु पर्ने र वास्तविक हिंसकचाहिं छाती खोलेर डुल्न पाउने विकराल परिस्थिति निर्माण भएको छ । यस हिंसामा थला पर्नु पर्ने चाहिं चन्दा भरेर सुरक्षित बनेको छ र जो सुरक्षित हुनुपर्ने हो, ऊ चाहिं चन्दा भर्न र जंगल जान दुवै गर्न असमर्थ भई हिंसाको मारमा परेको छ । वास्तवमा भन्ने हो भने आज यहाँ र प्रतिहिंसाको नग्न-नृत्य चलेको छ ।



डी. आर. पोखरेल

> **आज हिंसा, हाम्रो सामाजिक भयको कारण मात्र नभई यो दर्शनको विषय पनि बनेको छ**

हिंसा र प्रतिहिंसाका पक्षधरहरूले जतिसुकै युद्ध आचरणका कुरा गरे पनि ती दुवैथरिले निहत्था मानिसहरूको हत्या गरिरहेका छन् । सुराकी र आतंकवादीको आरोपको आडमा तिनले बेकसुर र निहत्था मानिसहरूलाई नाजायन किसिमले, नृसंश ढंगले, अमानवीय व्यहोराले पक्राउ, अपहरण कुटपिट र हत्या गरिरहेका छन् । घाटी रेटेर, हातखुट्टा बाँधी आखाँ झिकेर, गुदद्वारबाट गोली प्रहार गरेर, आराले चिरेर अत्यन्त नृसंश ढंगले हत्या गर्ने गरेका छन् । हिंसा र प्रतिहिंसाका पक्षधरहरूले नै आरोपित गरेपछि निरीह जनताको कुनै उजूरी गर्ने ठाँउ नै छैन । कुनै सुनुवाइको गुन्जाइस नै छैन । युद्धको नाममा आ-आफ्ना नाजायज कर्महरूलाई, अपराधिक गतिविधिहरूलाई समेत तिनले ठीक भन्दै आएका छन् । आफू र आफ्ना अन्धअनुचरबाहेक तिनले अरू बाँकी सबैलाई दुःख दिइरहेका छन् । आफूले भनेजस्तो भएन भने तिनले जे पनि गर्ने गरेका छन्- तिनले उदण्डताको प्रदर्शन गरेका छन् । आफूमात्र श्रेष्ठ हुं आफूमात्र अग्रगामी हुं भन्ने भावनाले युक्त भएर ती हिंसामा उत्रेका छन् । अरूलाई सखाप पार्ने वा स्वाहा पार्ने धुनमा लागेका छन् । यसरी यिनीहरूले जतना र न्यायको नाम जपेर प्रतिक्रियावादको सेवा गरिरहेका छन् । दार्शनिकहरू भन्छन्, यो फासीवादी चरित्र हो, तर यिनीहरू भन्छन्- यो क्रान्तिकारी व्यवहार हो ।

सबैलाई थाहा छ कि क्रान्ति अहिम्रक हुँदैन । यो भोज भतेर जस्तो हुँदैन । यो शान्त र शालिन पनि हुँदैन । यसमा थोरबहुत रगत बग्छ नै । तर यसो भनेर क्रान्ति अन्धधुन्ध विवेकहीन हुन्छ, अमानवीय हुन्छ, नृसंश हुन्छ भन्ने पनि होइन । तिनलाई चन्दा दिन सक्नेचैं वर्गशत्रु नहुने वा तिनलाई सुराक दिन सक्नेचैं देशघाती नहुने, छाती खोलेर हिँड्न पाउने, तर यो गर्न नसक्नेहरूचैं गोलीको निशाना हुने, यो कहाँको जनहित हो ? कहांको क्रान्ति हो ? यो कहांको सामाजिक न्याय हो ?

जनताको त एउटै माग छ- क्रान्ति र प्रतिक्रान्ति वा हिंसा वा प्रतिहिंसाका पक्षधरहरूले आफूलाई दुःख नदिउन् । उनीहरू, आपसमा लड्न चाहन्छन् भने लडून्, मर्न चहन्छन् भने मरून् । तिनको आपसी छिनाझपटीमा, तिनको सत्ता-संघर्षमा जनताले केका लागि रगत बगाउने ? किन ज्यान फ्याक्ने ? जनताले सधैं त्राहिमाम भएर, भयभीत भएर बस्न बाध्य हुनु पर्ने, तिनको युद्धले जनतालाई के राहत पुर्‍याएको छ र ? जनताको लागि त यो आतंक सिवाय केही भएको छैन ।

हतियारधारी दुई पक्षबीच भएको युद्ध वा पारस्परिक हिंसाको यहाँ चर्चा गरिएको छैन । यहाँ त सिर्फ हतियारधारीले निहत्थामाथि गरिएको अन्यायी व्यवहार, हत्या, हिंसाको मात्र उल्लेख गरिएको छ । उनीहरूले मनमानी ढंगले प्रस्तुत गर्ने गरेको दण्ड विधान र त्यसबाट मच्चिएको हाहाकार र आतंकको मात्र यहाँ चर्चा गरिँदैछ । कठोर दण्ड दिएर मात्र राज्य संचालन हुन सक्छ भन्ने अति पुरानो सोचलाई नै यी दुई पक्षले महत्व दिएको देखिन्छ । तिनले सुराकीलाई सफाया गर्ने गरेका छन्, तिनले आतंकवादीलाई समाप्त पार्ने गरेका छन् । यी दुवैले दण्डलाई एउटा साधन मात्रै हो भन्ने नबुझी, यसलाई साध्य नै बनाएका छन् । यसरी दुवैको रणनीति

एउटै देखिन्छ- अरूलाई स्वाहा पार्नु ।

स्वाहा, हवन गर्दा उच्चारण गर्ने एउटा वैदिक मन्त्र हो । वास्तवमा यो मन्त्रको उच्चरणसँगै वैदिक पौराणिक प्राचीन र मध्यकालमा सारा चराचर प्राणी र वस्तुहरू हवनकुण्डमा होमेर सखाप वा स्वाहा पार्ने प्रचलन थियो ।

अश्वमेध यज्ञ होस् वा गोमेध वा नरमेध यज्ञ होस्, यही स्वाहा मन्त्रसँगै त्यो सम्पन्न हुन्थ्यो । यसो भएकाले यस मन्त्रले मानव जातिको अखण्ड र प्रचण्ड हिंसावृत्तिलाई जनाएको छ । अहिले विशेष चाडपर्वहरूमा जुन विशाल संख्यामा पशुबली दिइन्छ, त्यो प्राचीन यज्ञहरूको स्मृति अवशेष हो । यो यति हिंस्रक छ, यति आततायी छ, त्यो भनी साध्य छैन । हामीले एकैदिनमा *लाखभन्दा* बढी राँगा बोका लगायतका पशुपंक्षीको हत्या गर्ने गढीमाईको मेलाबारे सुन्दै आएका छौं । यस्तैगरी बडादशैमा दुर्गालाई खुशी पार्न भनी लाखौं-लाख पशुपक्षीहरूको बली चढाउने गरेका छौं । त्यस अवसरमा यी निरीह पशुहरूको रगतको होली खेल्छौं । विना सोचविचार अन्धो भएर हामी धर्मको नाममा यी सबै कुकृत्यहरू गरिरहेका छौं- आजसम्म । हिजोका दिनहरू त झन् विभत्स थिए । त्यहाँ धर्मका नाउँमा आस्था, विश्वासका नाउँमा नरबली दिने गरिन्थ्यो । दासहरूलाई मौलामा बाँधेर काट्ने गरिरन्थ्यो । तिनका श्रीमतीहरूको चीरहरण मात्र होइन, पलपलमा प्राणहरण गरिन्थ्यो । अत्यचारको कुनै सीमा नै थिएन । सतीप्रथा समाप्त भएको धेरै वर्ष भएको छैन । यो अत्यचारको हिंसाको पराकाष्ठा थियो । जिउँदै स्वास्नीमानिसलाई श्रीमान्को लाशसँगै पोल्नु, त्यो पनि धर्मरक्षाको निम्ति, हामी अहिले यो विभत्स हिंसाको कल्पना पनि गर्न सक्तैनौं ।

विगतमा धर्मको नाममा, आस्था र विश्वासको नाममा अकल्पनीय हिंसात्मक कर्महरू भए । वर्तमानमा पनि धर्मकै नाममा भारतमा बावरी मस्जिद तोड्ने काम भयो । बंगलादेशमा हिन्दूहरूमाथि नृसंश अत्याचार भएको मिशिल तयार पार्ने तसलीमा नसरिनले आफ्नो देश छोड्नुपर्‍यो । सलमान रूस्दी भूमिगत भए । त्यसैगरी तेलको स्वार्थका कारण सद्दाम हुसेनमाथि २७/२८ अतिविकसित भनिने देशका मानिसहरू खनिए, इराक ध्वस्त भयो । अफगानिस्थान ध्वस्त भयो । मान्छे कति हिंस्रक बन्न सक्छ भन्ने उदारहण विश्वयुद्धताका अमेरिकाले जापानको हिरोशिमा र नागासाकीमाथि बम पड्काएर देखाई सकेको थियो । त्यहाँ लाखौं मानिस क्षणभरमा खरानी भएका थिए । तर न ट्रुमेन, तत्कालीन अमेरिकी राष्ट्रपतिलाई कुनै पश्चाताप वा मानवीय संवेदना भयो, न मानवअधिकारको विश्व चेम्पियन अमेरीकालाई कुनै अन्तर्राष्ट्रिय न्यायलयले नरसंहारकारीको मुद्दा हाल्न सक्यो । विश्व सधैं बलियाको पक्षमा छ । आज पनि "जसका लाठी, उसका भैंस भइरहेको छ "। ठूलो माछाले सानो माछा खाने मत्स्य नियम आज समुद्रमा मात्र छैन, यो मानव समुदायमा पनि औधी राम्ररी लागु भैरहेको छ ।

त्यसकारण, के भन्न सकिन्छ भने आज हामीकहाँ जुन हत्या, हिंसा, आतंकको नग्न-नृत्यलीला छ, जुन राज छ, त्यसको सम्बन्ध धेरै गहिरोसँग विगतसित जोडिएको छ । त्यो मानवजातिको मनोविज्ञानसँग जोडिएको छ र त्यतिमात्र नभई यो पशुजगतको जंगली आदतसित, वा पशुवृत्तिसँग जोडिएको छ । आजको हिंसाको श्रोत वा यसको कारकतत्व खोज्दै जाने हो भने हामी मानव प्रकृतिका अति आधारभूत प्रवृत्तिसम्म पुग्न सक्छौं । त्यसकारण आज हिंसा, हाम्रो सामाजिक भयको कारण मात्र नभई यो दर्शनको विषय पनि बनेको छ ।

हिंसा र अहिंसा दुई अलग धारणाहरू हुन् । समाजमा आज जस्तै हिंसाको प्रभाव भएकोले नै हाम्रा प्राचीन पुर्खाहरूले, ऋषिहरूले अहिंसाको कुरो उठाएका हुन् । 'अहिंसा परमोधर्म' त्यसै भनिएको छैन् । धेरै दूर विगतको कुरा नगरौं, भारतका महात्मा गान्धीले समेत अहिंसाको

> *हामीले एकैदिनमा लाखभन्दा बढी राँगा बोकालगायतका पशुपंक्षीको हत्या गर्ने गढीमाईको मेलाबारे सुन्दै आएका छौं । दुर्गालाई खुशी पार्न भनी लाखौं पशुपक्षीहरूको बली चढाउने गरेका छौं ।*

विश्लेषण गर्नु परेको थियो । यो अहिंसा हिंसाको विरूद्ध जन्मेको तत्कालीन धारणा थियो । त्यसमा मानवको हिंसात्मक सोच प्रणालीको कारकतत्व घृणा, इर्ष्या, आक्रोश, भय, लोभ, सत्तास्वार्थ, महत्वकाक्षा आदिलाई बताइएको छ भने अहिंस्रक सोच-प्रणालीको उत्पादन चाहिं प्रेम, सज्जनता, सत्य, सरलता, भाइचारा, एकता, सौदर्य, सहानुभूति, त्याग, तपस्या र चरित्रवललाई ठानिएको छ।

त्यसैगरी हिंसाको कारकतत्व खोज्ने क्रममा शिवदास घोष (भारतका एक समाजवादी चिन्तक) ले मान्छे के हो ? भन्ने व्याख्या गरेका छन् । उनले हरेक वस्तु दुई परस्पर विरोधी तत्वहरूद्वारा निर्मित भएको हुनाले स्वयं एउटा व्यक्ति, एउटा मानिस पनि दुई विरोधी तत्वहरूमा बाडिएको हुनुपर्छ भन्ने गंभीर खोज गरेका छन् । उनको के निचोड छ भने मानिस विवेक (conscience) र सहजवृति (instinct) मा विभाजित छ ।

वास्तवमा विवेक वा चेतना भनेको मानव मस्तिष्क विकासका हिसावले धेरै पछिको कुरा हो, तर सहजवृत्ति भनेको लाखौं वर्षदेखि अर्थात् ढुंगे युगदेखि र त्यसभन्दा अघि पशुहरूको युगदेखि नै विराशदमा मिलेको कुरा हो । यसलाई आधुनिक मनोविज्ञानको भाषामा मोटिभ फोर्स वा (traits) वृत्ति भनिन्छ । जस्तो भोक, प्यास, यौन, क्रोध, लोभ, मोह, स्वार्थ, इर्ष्या, धृणा, दंभ, आक्रोश, आवेश, आक्रमण आदि । यी तत्वहरू मानव जातिमा मात्र नभई पशु जगतका पनि साझा कुराहरू हुन्, यी सहजवृत्तिका कारकतत्वहरू हुन । यी हिंसाका कारक तत्वहरू हुन । आज पनि हामी सबैमा यिनै सहजवृत्तिका तत्वहरू नै प्रभावशाली वा प्रभुत्वशाली भएर रहेको पाउँछौं । यिनबाट छुटकारा पाउन हामीले सचेतन संघर्ष गर्नुपर्छ ।

वास्तवमा यस कुरालाई भारतका अर्का विख्यात चिन्तक श्री अरविन्द घोषले पनि पुष्टि गरेका छन् । उनका अनुसार हिंसात्मक प्रवृति सहजवृत्तिको देन हो ।

हामीले कहिलेकाही आफूलाई कुनै पनि राजनैतिक पार्टीमा नलागेका कारणले स्वतन्त्र भन्ने गरेका छौं । तर बास्तवमा स्वतन्त्र हुनु भनेको त यो सहजवृत्तिबाट मुक्त हुनु हो । अर्थात जंगलको कानूनबाट मुक्त हुनु हो, प्रकृतिका अन्ध नियम कानूनबाट मुक्ति पाउनु हो । यो मुक्तिविना विवेक संभव छैन, स्वतन्त्रता संभव छैन ।


मानव जातिलाई जनावरको स्तरबाट माथि उठाएको संस्कृतिले हो । संस्कृति मानव जातिको सम्पूर्ण जीवनमा फुलेको फूल जस्तो हो । यो काँडाहरूको बीचमा फुल्दछ । त्यही संस्कृतिले नै मान्छेलाई पशुजगतबाट अलग्याउँदै ल्याएको छ । आफ्ना सांस्कृतिक वैचारिक स्तरलाई निरन्तर परिमार्जन गर्दै अगाडि बढेर मात्र हामीले आफूमा रहेका जंगलीवृत्तिहरूलाई हटाउन सक्छौं, सहजवृतिलाई विवेकमा फेर्न सक्छौं । किनभने सहजवृत्ति अत्यन्त लामो इतिहास भएको बहुमूल्य शक्ति हो । यसको रूपान्तरण अति आवश्यक छ ।

त्यसकारण आज हामीकहाँ फैलिएको हिंसा-प्रतिहिंसाको नग्न-नृत्यबाट जनताले मुक्ति पाउनु जरूरी छ । यो जंगली राजबाट मुक्ति पाउनु अति जरूरी छ । यसैगरी हिंसा र प्रतिहिंसाका पक्षधरहरूले आफूलाई विवेकपूर्ण, न्यायपूर्ण र सत्योन्मुखी बनाउन आफ्ना सहजवृत्तिहरूलाई, पशुवृत्तिलाई त्याग्न सख्त जरूरी छ । ❑

*सन्दर्भ सामाग्री*


१ कृष्ण गौतम, योगीश खरेल र प्रकास ज्ञावली (संम्पादक), मानवअधिकार वर्ण पुस्तक -२००३, काठमाण्डौ, अनौपचारीक क्षेत्र सेवा केन्द्र २०५९ पृ (ज)
२ Shivadas Ghosh, Selected works-vol-II, Calcutta: SUCI Central Committee, 1992, page-158
३ Tulsi Ram Vaidya and Tri Ratna Manandhar, Crime and Punishment in Nepal, Kathmandu: Vini Vaidya and Purnadevi Manandhar, 1995, page 12.
४ के दामोदरन, भारतीय चिन्तन परंम्परा -तेस्रो संस्कण) नईदिल्ली : पिपुल्स पब्लिसिंङ हाउस (प्रा) लि. १९८२, पृ.
५ Mohit Chakrabarti, The Gandhian Philosophy of Man, New Delhi: INDUS, 1995, page-141,142
६ Shivadas Ghos , Abid-page 165
७ Benjamin Kleinmuntaz, Essentials of Abnormal Psychology New York: Harper and Raw, Publisher 1974
८ Shri Aurobirdo, The Intergral Yoga, Pandechery: Shri aurobindo Ashram, 1993, page 29

# उत्पत्तिकालदेखि नै नेपाल भाषा उपेक्षित र उत्पीडित छ



प्रा. माणिकलाल श्रेष्ठ

पृथ्वीनारायणको मृत्युपछि उनका छोरा प्रतापसिंह शाह नेपालका राजा भए । उनले नेपाल भाषालाई ठूलो महत्व दिए । त्यतिबेला यो भाषालाई एक किसिमले राष्ट्र भाषाको रूपमा नै मान्यता दिइयो ।

**नेपाल** भाषा विश्वकै सबभन्दा पुराना भाषाहरूमध्ये एक हो । तर नेपाल भाषाको इतिहास हेर्ने हो भने शुरूदेखि अहिलेसम्म यो भाषा एक किसिमले उत्पीडित र उपेक्षित नै रहेको छ । यो भाषाप्रति कमै शासकहरूको मात्र राम्रो दृष्टिकोण रहेको देखिन्छ ।

यो भाषाको उत्पत्ति कहिले भयो भन्ने विषयमा भारतका एकजना ठूला विद्वान सुनीतिकुमार चटर्जीको विचारमा यो भाषाको उत्पत्ति आजभन्दा करिब १९०० वर्ष पहिले भएको थियो । मेरो विचारमा पनि नेपाल भाषाको विकास लिच्छविहरू नेपाल उपत्यकाभित्र प्रवेश भएपछि भएको थियो । उनीहरूको नेपाल प्रवेश करिब १८/१९ सय वर्ष पहिले भएको थियो । यहाँ आउनुभन्दा अगाडि लिच्छविहरूको भाषा मैथिली थियो । यहाँ आएपछि उनीहरूले यहाँ प्रचलित किराँत भाषा बोल्न थाले । उनीहरूले किराँत भाषा बोल्दा आफूलाई नआएको शब्दजति मैथिली शब्द राखेर बोल्न थाले । त्यसैले नेपाल भाषा भनेको मैथिली शब्दहरू मिसिएको किराँत भाषा हो भन्न सकिन्छ । यो भाषाको उत्पत्तिपछि नेपाल मण्डल (उपत्यका तथा वरिपरिका केही इलाका)का जनता सबैले यही भाषा बोल्न थाले । यसरी त्यतिबेला जनताले बोल्ने भाषा भए तापनि लिच्छविकालभरि यो भाषा उपेक्षित नै रह्यो । लिच्छवि राजाहरूले यो भाषालाई कहिल्यै आधिकारिक भाषाको रूपमा मान्यता दिएनन् । आधिकारिक भाषा संस्कृतलाई नै गरियो ।

लिच्छविहरूपछि उपत्यकामा मल्लहरूले राज्य गरे । मल्लकालको शुरू शुरूमा मैथिली र खस भाषा (नेपालीको पूर्वज भाषा)लाई नै महत्व दिइयो । मल्लकालको केही शताब्दीपछि मल्ल राजाहरू आफैले नेपाल भाषा बोल्न थाले । उनीहरूले यो भाषा बोल्न थालेपछि यसलाई देश भाषाको रूपमा मान्यता दिए । राष्ट्रभाषा भन्ने शब्द प्रयोग नगरे पनि देशभाषाको अर्थ एक किसिमले राज्यभाषा थियो । दुई-तीन सय वर्षसम्म यस भाषाले देशभाषाको रूपमा मान्यता पायो । मल्ल राजाहरूले साहित्य लेख्दा पनि मैथिली र नेपाल भाषामा लेख्ने गर्दथे ।

पृथ्वीनारायण शाहले उपत्यका विजय गरेपछि उनले प्रशासनिक भाषाका रूपमा आफ्नै भाषा खस (पर्वते वा गोर्खाली) प्रयोग गर्न थाले । नेपालमा उनले धेरै वर्षसम्म राज्य गर्न नपाएकाले नेपाल भाषाप्रति उनले कस्तो नीति अपनाए भन्ने कुरा स्पष्ट हुनसकेन । उनको मृत्युपछि उनका छोरा प्रतापसिंह शाह नेपालका राजा भए । उनले नेपाल भाषालाई ठूलो महत्व दिए । त्यतिबेला यो भाषालाई एक किसिमले राष्ट्र भाषाको रूपमा नै मान्यता दिइयो । देशभित्रको प्रशासनिक काममा नेपाली भाषा प्रयोग गरिए तापनि विदेशीहरूसँग सम्झौता गर्दा सम्झौतापत्र भने नेपाल भाषामा लेखिएको पनि देखिन्छ । ने.सं. ८९५ (वि.सं. १८३२) मा तिब्बतसँग सन्धि हुँदा सन्धिपत्रको एकप्रति तिब्बती भाषामा र एकप्रति नेपाल भाषामा लेखिएको पाइएको छ । राजा रणबहादुर शाह र राजा राजेन्द्रविक्रम शाहले नेपाल भाषामा साहित्य लेख्ने गरेको देखिन्छ ।

त्यसपछि जंगबहादुरले आफ्नो हातमा सत्ता लिएपछि नेपाल भाषामाथि दमन शुरू गरे । उनले भाषाको कारणले नभएर धर्मको कारणले यो भाषामाथि दमन गरेका थिए । उनी ज्यादै कट्टर आस्तिक व्यक्ति थिए । बुद्ध धर्म अनिश्वरवादी र अनात्मवादी विचारको धर्म हो । जंगबहादुरभन्दा केही शताब्दी पहिलेका बौद्ध विद्वान असंघ गुरूले लेखेका थिए- 'मानिसहरूले गंगा अथवा विष्णुमती, वागमतीमा नुहाएपछि स्वर्ग पुगिन्छ भन्ने विश्वास गर्छन् । यदि यो कुरा साँचो हो भने तपाईंहरू कहिल्यै स्वर्ग पुग्न सक्नुहुन्न । स्वर्ग त माछा र भ्यागुताहरूले भरिइसक्यो होला, किनभने उनीहरू सधैं पानीमा बस्छन् ।'

यस्ता यस्ता कुरा भएका ग्रन्थहरूको कुरा सुनेर होला, जंगबहादुरले देखेजति बौद्धधर्मसम्बन्धी नेपाल भाषाका पुस्तकहरू फालिदिए र दमन गर्न शुरू गरे । ती पुस्तकहरूका केही प्रति तत्कालीन ब्रिटिश राजदूत हड्सनले बेलायतमा लगे । अहिले पनि ती पुस्तकहरू लण्डनको म्यूजियममा सुरक्षित छन् ।

त्यसपछि नेपाल भाषामाथि चर्को दमन चन्द्र शमशेरको शासनकालमा भयो । उनले प्रत्यक्ष रूपमा नै भाषामाथि दमन त गरेनन् । तर नेपाल भाषामा लेख्नेहरू र बोल्नेहरूलाई सरकारी जागिर नदिई त्यो भाषा बोल्न निरूत्साहित गरियो ।

त्यस्तै गरेर चन्द्र शमशेरले वि.सं. १९६२ मा नेपाल भाषामा लेखिएका कुनै पनि दस्तावेज प्रमाणका लागि अदालतमा पेश गर्न नपाइने सूचना निकाले । यसले गर्दा नेपाल भाषामा लेखिएका सबै तमसुकहरू नेपालीमा अनुवाद गरी सरकारी अफिसमा प्रमाणित गरेर मात्र अदालतमा पेश गर्न पाउने व्यवस्था भयो । त्यतिबेला उपत्यकामा धेरैजसो वकिलहरू नेवारहरू नै भएकाले गैरनेवारहरूका तमसुकहरू पनि नेपाल भाषामा नै लेख्ने चलन थियो । त्यो सूचना प्रकाशित भएपछि बाध्य भएर सबैले तत्कालीन पर्वते वा गोरखा भाषा (नेपाली भाषा) मा नै तमसुकहरू लेख्न थाले ।

भीम शमशेरको पालामा पनि नेपाली भाषा बोल्नेहरूलाई मात्र जागिर दिने, नेपाल भाषा बोल्ने र लेख्नेहरूलाई हतोत्साहित गर्न थालियो । यसले गर्दा चाकडीवाला खरदार र सुब्बा पदमा सरकारी जागिर खाने परिवारहरूले घरमा पनि नेपाल भाषा नबोली नेपाली भाषा बोल्न थाले ।

राणा शासनकालमा सबभन्दा बढी जुद्ध शमशेरको पालामा नेपाल भाषामाथि दमन गरियो । वि.सं. १९९७ सालको काण्डमा सजायँ पाएकाहरूमध्ये नेपाल भाषामा साहित्य लेख्नेहरू पनि परेका थिए । उनीहरू थिए- योगवीर सिंह कंसाकार, फत्तेबहादुर सिंह, सिद्धिचरण श्रेष्ठ र चित्तधर हृदय । योगवीर सिंह वृद्ध भएका र जुद्ध शमशेर प्रधानमन्त्री हुनुभन्दा पहिले आफूलाई चाहेको बेलामा उनीसंग ऋण लिने गरेकाले उनलाई कुनै सजायँ दिइएन । बाँकी ३ जनामध्ये चित्तधर हृदयलाई ६ वर्ष कैद, सिद्धिचरण श्रेष्ठलाई १८ वर्ष कैद र फत्तेबहादुर सिंहलाई सर्वस्वसहित जन्म कैदको सजायँ सुनाइयो ।

पद्म शमशेरको शासन शुरू भएपछि भाषानीतिमा केही उदार नीति अपनाइयो । उनको समयमा कसैले नेपाल भाषामा साहित्य सृजना गर्न चाहन्छ भने 'नेपाली भाषा प्रकाशिनी समिति'मा जँचाएर स्वीकृति लिई छाप्न पाइने नीति अपनाइयो । त्यही नीतिअनुरूप नेपाल भाषाका कृतिहरू हेर्नका लागि त्यस समितिमा खड्गमान मल्ललाई जिम्मा दिइयो । उनले त्यहाँ ल्याइएका कृतिहरू राणाहरूलाई प्रत्यक्ष रूपमा गाली गरिएका बाहेक अरू कृतिहरूको सन्दर्भमा सच्याउने र सुझाव दिने काम पनि गर्न थाले । त्यो नीतिमा मोहन शमशेरले केही परिवर्तन गरेनन् ।

००७ सालको परिवर्तनपछि त देशमा एउटा ठूलो उत्साह नै आयो । हनुमान ढोकाभित्रै नेपाल भाषाको साहित्य सम्मेलन गर्ने अनुमति राजा त्रिभुवनले दिए । ०८/९ सालतिर त्यहाँ तीन दिनसम्म सम्मेलन भयो । स्कूल स्कूल र कलेज कलेजमा नेपाल भाषाबाट साहित्य लेख्ने लहर नै आयो ।

०१७ सालपछि फेरि नेपाल भाषामाथि दमन शुरू भयो । त्यो दमनले ०२२ सालमा गएर चर्को रूप लियो । त्यही सालमा रेडियो नेपालबाट प्रसारण भइरहेको नेपाल भाषाबाट दिइने समाचार र 'जीवन दबु' भन्ने नेपाल भाषाको साहित्यिक कार्यक्रम हटाइयो ।

त्यही बेला नेपाल भाषाका विज्ञापनहरू प्रसारण बन्द गरियो । यस सम्बन्धमा एउटा चाख लाग्दो घटना यहाँ प्रस्तुत गर्दछु । जापानी होण्डा मोटरसाइकलको एउटा विज्ञापन रेडियो नेपालले नेपालीहरू कसैले नबुझ्ने जापानी भाषामा प्रस्तुत गर्‍यो । तर नेपाल भाषामा लेखिएको विज्ञापन प्रस्तुत गरेन ।

त्यस्तै, जेलमा बन्दीहरूसँग भेट्न जाने आफन्तहरूसँग समेत नेपाल भाषा बोल्न प्रतिबन्ध लगाइयो । अफिसहरूमा पनि नेपाल भाषा बोल्न नपाइने गरियो । नेपाल भाषामाथि मात्र नभई 'नेपाल सम्बत्'को नयाँ वर्षमा निकालिएको मोटर साइकल र्‍यालीमा समेत समय समयमा क्रूर दमन गरियो ।

०४६ सालपछि बनेको संविधानमा नेपाल भाषालाई राष्ट्रिय भाषाको रूपमा मान्यता त दिइयो, तर त्यसै संविधानमा 'नेपाली भाषा राष्ट्र भाषा हो र त्यो सरकारी कामकाजको भाषा हो' भनेर लेखियो । यसबाट के बुझिन्छ भने अरू भाषालाई राष्ट्रिय भाषाको मान्यता दिइए तापनि सरकारी कामकाजमा नेपाली भाषाबाहेक अरू भाषाले मान्यता पाउँदैनन् । त्यसैले यस भाषाले राष्ट्रिय भाषाको मान्यता पाए तापनि यसको कुनै मूल्य छैन । त्यसैको आधारमा २०५५ सालमा काठमाण्डौ महानगरपालिका र राजविराजको नगरपालिकाले स्थानीय भाषा प्रयोग गर्दा सर्वोच्च अदालतले त्यसमाथि प्रतिबन्ध लगाइदिएको थियो ।

अहिले आ-आफ्नो क्षेत्रमा राष्ट्रिय भाषामा कक्षा ५ सम्म निजी स्कूल खोज्न पाइन्छ भन्ने नीति बनेको छ । बाहिर हेर्दा सरकारले यो एउटा राम्रै काम गरेको जस्तो लाग्छ । तर यसलाई कसरी राम्रो काम भन्ने ? जनताहरू आफैंले स्कूल खोलेर आफ्नै भाषामा पढाउन त नीति नै चाहिँदैन । तिब्बतीयनहरू र इण्डियनहरूले आफ्नै भाषामा नेपालमा स्कूल चलाइराखेका छन् । राज्यले नै संचालन गरेका स्कूलहरूमा राष्ट्रिय भाषाको माध्यमबाट शिक्षण गरेको भए त्यसलाई उपलब्धि मान्न सकिन्थ्यो ।

यसरी ०४६ सालमा भएको परिवर्तनपछि पनि नेपाल भाषालाई प्रत्यक्ष रूपमा हतोत्साहित र उपेक्षा नै गरिएको छ, जसलाई दमन नै भन्न सकिन्छ ।

यो दमन र उत्पीडनविरूद्ध नेपाल भाषा बोल्नेहरूले आन्दोलन पनि गरेका छन् । त्यो आन्दोलन अझैसम्म पनि जारी छ । सबभन्दा पहिला नेपाल भाषाको आन्दोलन चन्द्र शमशेरको पालामा भएको थियो । चन्द्र शमशेरले नेपाल भाषा बोल्नेहरूलाई निरूत्साहित गर्न थालेपछि मानिसहरूले नेपाल भाषा पढ्न र लेख्न छोड्न थाले । यसले गर्दा यो भाषा लेख्न पढ्न जान्नेहरू हराउँदै गए । नेवारी अक्षर ( प्रचलित नेपाल लिपी ) पढ्न जान्नेहरू त झन् हुँदै भएनन् । यसो भएपछि नेपाल भाषा नै हराएर जाने सम्भावना बढ्नथाल्यो । यसलाई जसरी भएपनि बचाउने उद्देश्य लिएर दुईजना व्यक्ति देखापरे । ती व्यक्तिहरू हुन्- सिद्धिदास र निष्ठानन्द । उनीहरूले देवनागरी लिपीमा नेपाल भाषा लेख्न थाले । सिद्धिदासले सबभन्दा पहिले 'रामायण' र नीतिकथाहरू नेपाली भाषामा लेख्नथाले । त्यसपछि उनले विस्तार विस्तारै साहित्य पनि लेख्न शुरू गरे । उनी जति पनि रचनाहरू लेख्थे, त्यसको दशप्रति हातैले लेख्थे र विभिन्न व्यक्तिहरूलाई बाँड्थे । यसो गर्नुमा उनको धारणा के थियो भने अहिले यो भाषा दमित अवस्थामा रहेतापनि कुनै न कुनै समय अवश्य पनि यो भाषा प्रचारमा आउँछ र ती कृतिहरू छापिने छन् । तिनै कृतिहरू अहिले प्रकाशित भएका छन् ।

निष्ठानन्दले नेपाल भाषामा बुद्धको जीवनी लेखेर प्रकाशित गरे र त्यसको कथा पनि टोल-टोलमा भन्न शुरू गरे । त्यही समयमा योगवीर सिंहले नेपाल भाषामा कविता लेख्न थाले । धमादित्य धर्माचार्यले 'बुद्ध धर्म व नेपाल भाषा' भन्ने साहित्यिक पत्रिका कलकत्ताबाट निकाले । त्यस्तै गरेर शुक्रराज शास्त्रीले नेपाल भाषाको व्याकरण लेखे भने जगतसुन्दर मल्लले भक्तपुरमा स्कूल खोलेर नेपाल भाषामा पढाउन शुरू गरे । उनले नेपाल भाषामा मात्र पढाएनन्, भूगोल, इतिहास, अंक गणित, बीज गणित आदि पुस्तकहरू पनि नेपाल भाषामा अनुवाद गरे । यसरी यी ६ जना



*जेलमा बन्दीहरूसँग भेट्न आउने आफन्तहरूसँग समेत नेपाल भाषा बोल्न प्रतिबन्ध लगाइयो । अफिसहरूमा पनि नेपाल भाषा बोल्न नपाइने गरियो । मोटर साइकल र्‍यालीमा समेत समय समयमा क्रूर दमन गरियो ।*



*जंगबहादुरले आफ्नो हातमा सत्ता लिएपछि नेपाल भाषामाथि दमन शुरू गरे । उनले भाषाको कारणले नभएर धर्मको कारणले यो भाषामाथि दमन गरेका थिए ।*

व्यक्तिले राणा शासनको दमनलाई पूरै बेवास्ता गरी नेपाल भाषाको विकासका लागि सिर्जनात्मक र प्रचारात्मक आन्दोलन गरेका थिए । यो नै नेपाल भाषामाथि भएको दमनविरूद्ध गरिएको पहिलो आन्दोलन थियो ।

त्यसपछि १९९७ सालमा जेलमा परेका फत्तेबहादुर सिंह, चित्तधर हृदय र सिद्धिचरण श्रेष्ठले जेलभित्रै पनि आन्दोलन शुरू गरे । उनीहरूले जेलभित्रै प्रत्येक हप्ता साहित्य सम्मेलन गर्न थाले । ती सम्मेलनहरूमा सबैले आ-आफ्नो एउटा रचना दिनुपर्ने व्यवस्था गरियो । त्यसमा गणेशमान सिंहको ठूलो योगदान थियो । उनले आफूले त कुनै रचना लेखनन्, तर उनले जेलका सबै बन्दीहरूलाई साहित्य सम्मेलनमा जम्मा गरेर आफूले संचालन समेत गर्दथे । त्यतिबेला नै राजनैतिक मुद्दामा परेका धर्मरत्न यमि, केदारमान व्यथित, हरिकृष्ण श्रेष्ठले पनि साहित्य लेख्न शुरू गरेका थिए ।

त्यसपछि ०२२ सालको दमनको विरूद्ध ठूलो आन्दोलन भयो । त्यतिबेलाको आन्दोलन टोल टोलमा भाषण र साहित्य सम्मेलनको रूपमा भयो । त्यतिबेला हरेक हप्ता, हरेक टोलमा नेपाल भाषाको साहित्य सम्मेलन हुनथाल्यो । त्यो क्रियाकलाप करिब १४/१५ महिनासम्म भयो । यसलाई सरकारले दबाउन खोजे तापनि दबाउन सकेन । दबाउन नसकेपछि सरकारले साहित्यकारहरूकै बीचमा नै फाटो ल्याइदियो । र, नयाँ र पुराना पुस्ताबीचमा परस्पर झगडा गराइदियो । यसले गर्दा त्यो कार्यक्रम त्यसै सेलाएर गयो । तर त्यतिबेलाको आन्दोलनले नेपाल भाषाको क्षेत्रमा कैयौं राम्रा राम्रा साहित्यकारहरूको जन्म पनि दियो । त्यसबेला निस्केका लेखकहरूमध्ये अधिकांश कवि थिए र नेपाल भाषाको आधुनिक कवितामा ठूलो प्रगति भयो ।

अहिले सबै भाषालाई समान अधिकार दिनुपर्छ भन्ने मागसहित अन्य भाषाहरूको पनि भाषिक आन्दोलन चलिरहेको छ । र, भाषाको आधारमा जातीय स्वशासन हुनुपर्छ भन्ने कुरा पनि उठिरहेको छ । नेपालमा अहिले संसदीय बहुदलीय व्यवस्था छ । यो व्यवस्था भनेको उदारवादी पूँजीवादी लोकतन्त्र हो । कुनै पनि देशभित्रका सबै भाषाहरूको स्वतन्त्रताका लागि आन्दोलन यूरोपमा सामन्तवादी व्यवस्थाको विरोधमा उठेको पूँजीवादले अठारौं शताब्दीदेखि नै शुरू गरेको थियो ।

साँच्चैको लोकतन्त्र भनेको राष्ट्रिय राज्य हो र एक जातिको एक राज्य हुनुपर्छ भन्ने त्यतिबेला पूँजीवादी प्रजातन्त्रको धारणा थियो । त्यसैले उनीहरूले एउटै भाषा बोल्नेहरूको एउटै राज्य हुनुपर्छ भनेर जर्मनी, इटालीको एकीकरण गरेका थिए । तर एउटै राज्यमा विभिन्न भाषा बोल्ने मान्छेहरू छन् र त्यसलाई टुक्रा राज्यमा विभाजन पनि गर्न सम्भव छैन भने त्यहाँ भएका सबै भाषालाई राष्ट्रभाषाको मान्यता दिनुपर्छ भन्ने धारणा पनि उनीहरूको थियो, जस्तो स्वीजरलैण्ड । त्यहाँको जनसंख्या २५ लाख मात्र छ र त्यहाँ जर्मन, फ्रेन्च, इटालियन र रोमन गरी चार भाषा बोल्नेहरू छन् । अझ रोमन भाषा बोल्ने त ५० हजार जनसंख्यामात्र छ । तैपनि त्यहाँ रोमन भाषासमेत चारै भाषालाई राष्ट्रभाषा बनाइयो ।

राष्ट्रमा भएका सबै भाषालाई समान अधिकार दिनुपर्छ, एउटा भाषालाई मात्र विशेष स्थान दिनुहुँदैन, सबै नागरिक र जातिहरूलाई समान अधिकार दिनुपर्छ भन्ने संसदीय व्यवस्थाको सिद्धान्त हो । यदि हामीले पनि संसदीय व्यवस्था नै अपनाएका छौं भने देशका सबै भाषालाई समान अधिकार दिइनुपर्छ । भारतमै पनि हिन्दी भाषालाई राष्ट्रभाषा मानिएता पनि सरकारी रिकर्ड राख्नका लागिमात्र त्यो भाषा प्रयोग गरिन्छ । जनताले अड्डा- अदालतहरूमा र सांसदहरूले संसद्मा आफ्नै भाषा बोल्न पाउँछन् । त्यस्तै गरेर शिक्षा पनि आफ्नै भाषामा लिन पाउँछन् ।

यहाँ भने नेपाली भाषालाई सरकारी कामकाजको मात्र भाषा नबनाएर शिक्षासहित सबै क्षेत्रमा प्रयोग हुने राष्ट्रभाषाको मान्यता प्रदान गरियो । त्यसले गर्दा अरू भाषाभाषीहरूका लागि पढ्न गाह्रो पर्नुका साथै जागिर खाने अवसरबाट पनि उनीहरू केही हदसम्म वञ्चित भएका छन् । उनीहरूलाई जहिले पनि नेपाली भाषाभाषीहरूले जित्ने भए । र, अरू भाषाभाषीहरू जहिले पनि नेपाली भाषाभाषीहरूभन्दा पछाडि पर्ने भए । यो त संसदीय उदार लोकतन्त्रको खिल्ली उडाउने काम भएन र ?

यही कारणले गर्दा सबै भाषाभाषीहरूलाई समान अधिकार दिनुपर्छ भन्ने माग उठेको हो । यदि हाम्रो देशले पनि संसदीय उदारवादी व्यवस्था अपनाएको छ भनेर घमण्ड गर्ने हो भने यहाँ पनि भाषा, जाति र संस्कृतिको आधारमा जुन जुन ठाउँमा जुन जुन मान्छेको बाहुल्य छ, तिनलाई केन्द्रको अधीनमा रहेर पनि स्वायत्तता दिनुपर्छ । यसो गर्दा सबै जातजातिले समान अधिकार पाउँछन् । ❑

*मुक्ता श्रेष्ठसँगको टेपवार्तामा आधारित*

# रिहर्सलले उब्जाएको आतंक



*__यही__ मंसिर १४ गते राजधानीमा भएको एउटा रिहर्सलले राजधानीवासी सबैलाई आतंकित पार्‍यो । निजामती प्रशासनका कर्मचारी, नेपाल प्रहरी र शाही नेपाली सेनासमेतको उपस्थिति र सक्रियतामा भएको त्यस रिहर्सलबारे रिहर्सल गर्नेहरुलाई बाहेक कसैलाई केही थाहा थिएन ।*


*विहान नौ बजेपछि नयाँ बानेश्वरस्थित अन्तरराष्ट्रिय सम्मेलनकेन्द्रतिर साइरन बजाउँदै थुप्रै दमकल र एम्बुलेन्सहरु गएका थिए । सम्मेलन केन्द्र वरिपरि सेना र प्रहरीको भीड थियो । मानिसहरु सडकमा दगुरादगुर गरिरहेका थिए । के भएको यो ? कसैलाई थाहा थिएन ।*

*त्यस रिहर्सलमा ३५ वटा एम्बुलेन्स र ४ वटा दमकलको प्रयोग भएको थियो । बुझिएअनुसार अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा ठूलो आगलागी भएर थुप्रै सुरक्षाकर्मीहरु घाइते भएको जानकारी दिई एम्बुलेन्स र वारुणयन्त्रहरुलाई त्यहाँ बोलाइएको थियो । तर वास्तवमा त्यहाँ त्यस्तो दुर्घटना भएकै थिएन । दमकल, एम्बुलेन्स र सुरक्षाकर्मीहरुको चहलपहल तथाकथित दुर्घटनास्थलमा लगभग दुई घण्टासम्म रहेको थियो ।*

*सैनिक मुख्यालयले जनाएअनुसार भविष्यमा अचानक यस्ता दुर्घटनाहरु भए भने कसरी उद्दार गर्ने भन्ने विषयमा गरिएको यो उद्दार प्रदर्शन थियो । तर यस प्रदर्शनले राजधानीवासीहरुलाई १४ गते दिनभरि नै आतंकित पारिरह्यो । त्यसअघि १२ गते राती सोल्टी होटल परिसरमा भएको भयंकर आवाजसहितको आतसबाजीले पनि वरिपरि ठूलो क्षेत्रका हजारौंलाई आतंकित पारेको थियो । १४ गतेको रिहर्सल दुर्घटनाको कल्पनामा आधारित थियो भने १२ गतेको आतसबाजी स्वयं एउटा दुर्घटना थियो । सुरक्षा फौज र माओवादीबीच सशस्त्र भिडन्त भइरहेको समयमा भएका ती दुवै घटनाहरुले राजधानीबासीको मनमा अप्रिय छाप छोडेका छन् । जनतामा अमनचैनको खडेरी परेको बेला राज्यले यस्ता रिहर्सल वा आतसबाजीलाई सामान्य क्रियाकलापका रुपमा हेर्नु हुँदैन भन्ने टिप्पणी आम जनताले गरिरहेको छ ।*

*स्मरणीय छ, यसअघि केही समयअघि पाँच दलको आन्दोलन चलिरहेकै बेला पनि सुरक्षा फौजले आन्दोलन कसरी दबाउने भन्नेबारेमा शाही सैनिक मंचअगाडि कृत्रिम जुलुसमाथि अश्रुग्याँस, लाठी प्रहार र गोली चलाउने रिहर्सल गरेको थियो । त्यसबाट पनि सर्वसाधारणमा ठूलै त्रास पैदाभएको थियो । पटक-पटक हुने यस्ता रिहर्सलले साँच्चैको दुर्घटना र अनिष्टलाई पनि मानिसहरुले ख्यालख्यालको खेल ठान्ने खतरा हुनसक्नेबारे सम्बन्धित निकायले विचार पुऱ्याउनु जरुरी छ ।* ❑

-समीर थापा



# कसरी बच्ने ग्यास्ट्राइटिस्‌बाट ?

डा. सुन्दरमणि दीक्षित

❑ नेपालमा धेरैजसो मानिसहरू मलाई ग्याष्ट्रिक भयो भन्छन् । आखिर के हो ग्याष्ट्रिक रोग भनेको ?

- 'ग्याष्ट्रिक' शब्द साधारण मान्छेले भन्ने एउटा शब्द हो । डाक्टरी शब्दमा ग्याष्ट्रिक भन्ने रोग छैन । ग्याष्ट्रो शरीरको एउटा अंग हो अथवा हाम्रो खाने पेटलाई ग्याष्ट्रो भनिन्छ । 'ग्याष्ट्रो' शब्दको अभै साधारण नाम हो- 'स्टमक्' (STOMACH) । शायद 'ग्यास्ट्राइटिस्' शब्द बिग्रेर 'ग्याष्ट्रिक' भएको हुनसक्छ । पेट पोल्ने, माथिल्लो पेट दुख्ने, खानाअघि वा खानापछि पेट दुख्ने, मुखबाट अमिलो पानी आउने लक्षण देखियो भने त्यस रोगलाई 'ग्यास्ट्राइटिस्' भनिन्छ । आजभोलि यस रोगलाई एशिड पेप्टिक डिजिज (Acid Peptic Disease) भनिन्छ । ग्यास्ट्राइटिसमा पेटको भित्ता सुनिन्छ । तर त्यो बढ्दै बढ्दै गयो भने पेटमा र पेटबाट जाने स्यानो आन्द्रा 'डिओडिनमा' नलीको अल्सर हुन्छ । अल्सर पनि बढ्दै बढ्दै गयो भने क्यान्सर पनि हुनसक्छ ।

❑ एशिडिटी र ग्यास्ट्राइटिस्‌को बीच के सम्बन्ध छ ?

-यी दुवैबीच एकदम नजिकको सम्बन्ध छ । हामीले खाएको खाना पेटमा गएपछि त्यसलाई पचाउने काम हाइड्रोक्लोरिक एशिड र पेप्सिनले गर्छ । पेट खाली भएको बेलामा यी दुवै कुराको मात्रा बढी भएमा पेटको भित्तामा घाउ पार्ने काम पनि गर्छन् । यसैबाट एसिडिटी भन्ने शब्द उत्पत्ति भएको हो । त्यसैले एसिडिटी, अमलपित्त र ग्यास्ट्राइटिस् भन्ने एउटै रोग हो । यही रोग अगाडि बढे "अल्सर" हुन्छ । 'अल्सर' भनेको घाउ हो ।

❑ यो रोग कसरी लाग्छ ?

- पहिला पहिला यो रोग अमिलो पीरो खानाबाट र ज्यू नदुख्ने औषधि खाएर हुने रोग हो भन्ने गरिन्थ्यो । करिब वि.सं. २०३१ सालसम्म पनि यही धारणा थियो । तर अहिले अधिकांश यो रोग हेलिकोब्याक्टर पाइलोरी (Helicobacter-Pylori) भन्ने ब्याक्टेरियाबाट हुने कुरा प्रमाणित भएको छ । यसलाई निर्मूल पार्न अलि गाह्रो छ । पहिलेको जमानामा सिसीबाट कर्क भिक्दा कर्कस्क्रु घुमाई घुमाई भित्र पसाएभैं यो ब्याक्टेरिया पेट र डियोडिनममा पनि घुसीघुसी भित्र पस्छ । त्यसैले यो किराले मान्छेमा बारम्बार रोगको लक्षण फर्काउने गर्छ ।

❑ ग्यास्ट्राइटिस् भएको कसरी थाहा पाउन सकिन्छ ?

- माथिल्लो, नाइटो वरिपरि तथा त्योभन्दा तल्लो पेट दुख्ने, पेट र छाती पोल्ने, पेट खालि हुँदा अथवा खाना खाएपछि पेट दुख्ने, अमिलो पानी आउने यसका लक्षणहरु हुन् । यस्तो बारम्बार अथवा दिनहुँजसो भइरहन्छ । प्रायः त्यही ठाउँमा र त्यही समयमा दुख्ने हुन्छ । यसको साथै पेट फुलेजस्तो हुने, दिशा बारम्बार लाग्ने र पातलो-पातलो हुने अथवा दिशा सफा नहुने पनि हुन्छ । कसैकसैलाई छाती, जिउ तथा घाँटी दुख्ने पनि हुनसक्छ । अल्सर भइसकेको छ भने जुन ठाउँमा पेट दुखेको हो, त्यही समयमा त्यसको ठीक पछाडि पनि दुख्छ ।

❑ किन धेरै नेपालीहरू यो रोगबाट पीडित छन् ?

- यो ब्याक्टेरिया प्रायः प्रदूशित पानीबाट अथवा फोहोर खानपिनबाट आउँछ । यो एक किसिमको इन्फेक्सन पनि हो । यसरी खानपिनबाट यो ब्याक्टेरिया बच्चैदेखि नै शरीरमा प्रवेश गरिसकेको हुन्छ । यसले शरीरमा प्रवेश गरिसकेपछि यसलाई निर्मूल गर्न गाह्रो हुन्छ । वास्तवमा भन्ने हो भने नेपालीहरुको सरसफाइ कमजोर भएको कारण नै धेरै नेपालीहरुलाई यो रोग लाग्ने गरेको हो । शुद्ध पानीको अभावमा यो रोग व्याप्त हुन्छ ।

❑ यो रोगको उपचार कसरी हुन्छ ?

- सबभन्दा पहिला त यो रोगको पहिचान गर्नुपर्‍यो । यसको लागि अहिले इन्डोस्कोपी गर्ने गरिन्छ । इन्डोस्कोपीबाट पेटभित्रको सानो टुक्रा मासु निकालेर बायोप्सी गरेपछि पेटभित्र ब्याक्टेरिया भए नभएको थाहा हुन्छ । तर कहिलेकाहीं घाउ नभएको ठाउँको मासु भिकियो भने ब्याक्टेरिया नदेखिन पनि सक्छ । तर ब्याक्टेरिया नदेखिँदैमा यो रोग छैन भन्न मिल्दैन । माथि भनिएका लक्षणहरु देखिनेबित्तिकै उपचार गरी हाल्नुपर्छ । मैले त आएका सबै बिरामीहरुलाई इन्डोस्कोपी गराइरहदिँन । यसको लक्षण देखिनेबित्तिकै सोभै औषधी दिन्छु । यदि ३/४ हप्ता औषधी खाएर पनि रोग निको भएन, या अरु नै रोगको शंका भएको छ या कसैले आफै गराउन चाहेमा इन्डोस्कोपी गराउने गर्छु ।

हेलिकोब्याक्टर पाइलोरिलाई निर्मूल गर्न गाह्रो भएतापनि यसको उपचार गर्न भने सजिलो छ । अहिले यो रोगको लागि दुई या तीन किसिमका एण्टिवायोटिक र एउटा ओमियोप्राजोल वा रनिटिडिन दिने गरिन्छ । यसलाई ट्रिपल थेरापी भन्ने गरिन्छ । साधारण ग्यास्ट्राइटिस् हो भने यो औषधि १५ दिन खाए पुग्छ ।

❑ ग्यास्ट्राइटिस्‌बाट के कस्ता समस्या उत्पन्न हुनसक्छन् ?

- लामो समयसम्म ग्यास्ट्राइटिस् भइरह्यो भने त्यसबाट अल्सर वा क्यान्सरसम्म हुनसक्छ । आन्द्रा फुट्नसक्छ । ३/४ महिनासम्म यो रोग निको भएन भने र रक्तश्राव भयो भने त्यसबाट खतरा हुनसक्छ । खास गरेर ग्यास्ट्राइटिस् भएका व्यक्तिहरुले दुखाइ कम हुने नोभाल्जिन, ब्रुफेन, एस्प्रो, एनासिन तथा यस समूहमा औषधीहरु जथाभावी खायो भने त्यसबाट रक्तश्राव हुने सम्भावना बढी हुन्छ ।

सबभन्दा ठूलो खतरा त माथिल्लो पेट दुख्यो, ग्याष्ट्रिक भयो भनेर आउनेहरुमा अरु खतरनाक रोगहरु पनि भएको हुन्छ । माथिल्लो पेट दुखाएर जचाउन आउनेहरुमा हर्टएटेक, लिभरको क्यान्सर, गलब्लेडरको स्टोन र पेटको क्यान्सर भएकाहरु पनि छन् । त्यसैले माथिल्लो पेट दुख्नेबित्तिकै यो ग्यास्ट्राइटिस् नै हो भनेर बस्नु हुँदैन । विशेष गरेर उमेर पुगेका, उच्च रक्तचाप भएका, मधुमेह भएकाहरु लागि खतरा हुनसक्छ । त्यस्ता व्यक्तिहरुलाई माथिल्लो पेट दुख्नुको साथै वान्ता भयो, स्वाँस्वाँ आयो, पसिना छुट्यो भने त्यो हर्टएटेक हुनसक्छ ।

> **माथिल्लो पेट दुख्नेबित्तिकै यो ग्यास्ट्राइटिस् नै हो भनेर बस्नु हुँदैन**

❑ ग्यास्ट्राइटिस भएकाहरूले के के कुरा खानु हुँदैन ?

- अमिलो, पिरो, भुटेको, तारेको, गरम मसला, कोक, फेन्टाजस्ता सफ्ट ड्रिङ्क, अल्कोहल, चुरोट, खैनी धेरै चिया, कडा कफी, लेमन टी खान हुँदैन । यसले ग्यास्ट्राइटिस्‌लाई बढाउने काम गर्छ । त्यस्तै, हर्लिक्स र त्योजस्ता माल्ट भएको खानेकुराले पनि ग्यास्ट्राइटिस बढाउँछ । यो धेरै बिरामीहरुको अनुभव पनि छ । फलफूलमा सुन्तला, भोगटे, आरु, आरुबखडा, अनार, अंगुर, काँक्रो र अन्य यस्तै खाले खान हुँदैन । जीऊ नदुख्ने औषधी खानै पर्‍यो भने डाक्टरको सल्लाह लिएर एण्टासिड खाएर मात्र खानुपर्छ ।

❑ खान हुने वा यो रोगलाई निको पार्ने खानाहरू के के छन् त ?

- साधारण दाल, भात, तरकारी खाए हुन्छ । चिउरा दूधमा भिजाएर, पाउरोटी, बिस्कुट दूधमा चोपेर खाए हुन्छ । पाउरोटीमा मखन लगाएर खानु राम्रै हुन्छ । फलफूलमा पाकेको आँप, मेवा, केरा र स्याउ खान हुन्छ । दूध यो रोगको औषधि नै हो । तर के खान हुन्छ र के खान हुँदैन भन्ने कुरा मान्छेको प्रकृतिमा पनि भर पर्छ । कसैलाई दूधले राम्रो गर्छ भने कसैलाई ग्यास्ट्राइटिस् बढाएको पनि देखिन्छ । त्यस्तै गरेर अन्य खाना पनि कसैलाई नहुने कसैलाई हुने हुनसक्छ । त्यसैले अमिलो, पिरो, खेस्रा खाना, चुरोट, खैनी, एल्कोहोल तथा माल्ट भएका खानाबाहेक अरु खाना बिरामीको आफ्नो प्रकृतिअनुसार पनि खान हुने र नहुने हुनसक्छ ।

❑ यो रोग लाग्नै नदिनको लागि के गर्नुपर्छ ?

- खानपिन, आहारविहार शुद्ध र सन्तुलित राख्ने, ग्यास्ट्राइटिस् बढाउने खानाहरु नखाने, उमालेको र फिल्टर गरेको पानी खाने, शुलभ चर्पी प्रयोग गर्ने, धेरै समय खालि पेट नबस्ने, सागसब्जीहरु राम्ररी पखालेर खाने, रक्सी जाँड नखाने, टेन्सन नलिने, जथाभावी दुखाइ कम गर्ने औषधि नखाने । नियमित रुपमा योगाभ्यास गर्ने गरेमा, व्यायाम गरेमा, समयमा खाने, समयमा सुत्ने आदि गरियो भने यो रोगबाट मानिसहरु बच्न सक्दछन् । मुख्य गरेर प्रकृतिसँग मिलेर सन्तुलित जीवनयापन गर्नु नै रोग र अन्य रोगहरुबाट बच्ने एउटा प्रमुख उपाय हो ।

❑ प्रस्तुति : मुक्ता श्रेष्ठ



रमेश विकल

# बारुदको कुहिरो र परेवाहरु

*इतिहासमा सत्ताले सुब्बा कृष्णलालको कलम भाँच्न उनको 'मकैको खेती'लाई ध्वस्त तुल्याएको थियो भने, शुक्रराज शास्त्रीको 'गीता प्रवचन'लाई फाँसीको फन्दामा झुण्ड्याएको थियो*

*ठीक छ हरिभजन !*

❑ ❑

*तिमीलाई वासिङ्टनकै महाजनहरुको*
*जुत्ता सुँघ्ने मन छ भने*
*मालिकले दिएको खोपसियो लिएर तिमी पनि*
*बनिसकेको पिरामिडलाई*
*घोच्ने काम गर्दै गर !*

यो हाँक कवि पूर्णविरामको हो । यो हाँक ती बन्दूके सत्तालाई हो, जसले मालिकहरूको बन्दूक बोकेर जनताको पिरामिडलाई घोच्ने दुःसाहस गरिरहेका छन् । कवि पूर्णविराम त्यो कलमवीर हो, जसले बन्दूकको सत्तालाई कहिल्यै कबूल गरेन; त्यो सत्तासँग ऊ कहिल्यै झुकेन । भोक, गरीबी र प्रताडनालाई सहर्ष स्वीकार्दै तिनका कुव्यवस्था र कुशासनको धर्तिमा उब्जनी भएका लुटमार, भ्रष्टाचार अनि हत्या-हिंसा, बलात्कारजस्ता अराजक स्थितिहरूसंग निरन्तर, अथक रूपमा लड्दैरह्यो ऊ । उसैको हुंकार थियो त्यो ।

आ.ज देश सत्ताधारीहरूको भ्रष्ट चरित्र, दमनकारी नीति र सत्ताकै परिधिमा घुम्ने संकीर्ण, अदूरदर्शी राजनीतिले उत्पादन गरेको हिंसा र हत्या अनि बलात्कार, लूटको डँढेलोमा हुर्हुरी सल्किरहेको छ । जनताको प्राण दुईथरि बन्दूकेहरूका गोलीले भुटिंदो छ; बारूदको गन्धले निसास्सिंदो छ । एकथरिको बन्दूकले जंगलमाझबाट 'जनताकै मुक्ति'का नाउँमा जनताकै रगत बगाउँदोछ भने, अर्काथरि बन्दूकले शहरबाट निस्किएर जनताकै शान्ति सुरक्षाका नाउँमा जनतामाझ अशान्ति, भय र सन्त्रासको सृजना गरिरहेको छ ।

अनि यिनै दुईथरि बन्दूकेहरूका आडमा अर्काथरि अर्धहतियारधारी तत्वले फाइदा उठाइरहेको छ- हत्या, हिंसा र लूटको खेती गर्न । जो वास्तवमा 'जनता' छ, ऊ त तीनैथरि लूटमारका माझ बलिको बोको बनेर रगत चढाउँदै छ; विदेश पलायन गर्दैछ र मूकपशुझैं निसास्सिएर मर्न बाध्य छ ।

अनि यिनै दुई हिंस्रक शक्तिहरूको बीचमा असहाय भएर छट्पटाउने, जनताका आवाज बनेर जनताकै नाउँमा गरिने जनहत्या, लूट र बलात्कारका अति कुत्सित, घृणित, नीच अमानवीय खेतीको पूर्णविरामको नारा ध्वनित गर्दैछन्- पूर्णविरामहरू ।

तर उनका मानवीय स्वरहरूलाई कुनै पनि बन्दूके सत्ताले सहन सक्तैन, र आजसम्म सहन सकेको पनि छैन । न त नीरोको सत्ताले त्यो सहेको थियो, न हिटलरको नाजी सत्ताले, न मुसोलिनीको फासी सत्ताले त्यो सह्यो; न उहिलेका राणाहरूको जंगे सत्ताले त्यो सहन सकेथ्यो, न आजको प्रजातन्त्रको मुकुण्डो भिरेको बन्दूके सत्ताले सहन सकेको छ ।

कुनै विद्वानले भनेका छन् : "हजारौं बन्दूकका गोलीभन्दा बढी शक्तिशाली एउटा कलमको टुप्पो हुन्छ ।" हजारौं बन्दूक भिरेर कवाज खेल्ने सत्ताका सैनिकको शक्तिभन्दा एउटा कलम भिरेर कागजको भूमिमा अक्षरको खेती गर्ने एउटा साहित्यकार, कविको निर्भिक बोलीको शक्ति हुन्छ । किनभने निर्लोभ र निडर साहित्यकार आफ्नो कलम र जनताप्रति सँधैंभरि इमान्दार र निष्ठावान हुन्छ । त्यसैले उसमा आत्मविश्वास हुन्छ । त्यसैकारण बन्दूकको सत्ता उसबाट हरदम त्रसित हुन्छ । यही त्रासको कारणले गर्दा ऊ त्यस्ता निर्भिक र निष्ठावान कलमहरूलाई आफ्नो नियन्त्रणमा राख्न प्रयत्नशील हुन्छ; कुनै उपायले, आर्थिक र अरू पनि कतिपय प्रलोभनमा फँसाएर वा डर, त्रास, धाक-धम्की देखाएर । अनि प्रलोभनमा पनि नबिक्ने र डरत्रासले नडग्ने निर्भिक, निर्लोभी प्रतिभालाई निर्मूलन नै गर्न पनि यस्तो सत्ता पछि हट्दैन । वर्ष डेढ वर्ष पहिले पत्रकार, कवि कृष्णसेनको हत्या एउटा त्यस्तो उदाहरण हो ।




*७६ दिन सेनाद्वारा सिंहदरबारमा थुनिएर बेपत्ता बनाई रिहा गरिएका कवि पूर्णविराम*

सत्ताको यस अमानुषिक कुकृत्यको मूलमा रहेको तत्व उसको त्रसित मानसिकता हो । सत्ताको आसन गुम्ने डर, सत्ताद्वारा प्रदत्त आफ्नो र आफ्ना वर्गवन्धु, आसेपासे र हनुमानहरूको विलाशिता, सुखसुविधा, हैकम गुम्ने आन्तरिक भयको मानसिकता । यसै मानसिकताले अघि विश्व इतिहासको कुनै एउटा कालखण्डमा हिटलरलाई हिटलर बनायो, मुसोलिनीलाई मुसोलिनी र नीरोलाई नीरो । सत्ताको यसै मानसिकताले शोक्रेटसलाई विषपान गरायो, ग्यालीलियोलाई, आइन्स्टाइनलाई निर्वासन दिलायो । यसरी यसले विश्वका अनेकन प्रतिभाहरूलाई आफ्नो क्रूरताको शिकार तुल्याएको छ ।

अनि हाम्रो आफ्नै इतिहासका पाना पल्टाउँदा पनि त्यसको एउटा कालखण्डमा सत्ताले सुब्बा कृष्णलालको कलम भाँच्न उनको 'मकैको खेती'लाई ध्वस्त तुल्याएको थियो भने, शुक्रराज शास्त्रीको 'गीता प्रवचन'लाई फाँसीको फन्दामा झुण्ड्याएको थियो ।

आज विश्वमा हिटलरको नाजीवादी सत्ता छैन, मुसोलिनीको फासीवादी सत्ता पनि छैन, न हाम्रै देशमा राणाहरूको जहानीया जंगे सत्ता नै छ । आज विश्वमा जर्ज बुशको प्रजातन्त्र र मानवतावादी कलात्मक मुखुण्डो भिरेको आणविक अस्त्र र युद्ध प्रसारको वणिकवादी सत्ता छ ॥ त्यसैको छत्रछायाँमा (हतियार र डलर अनुदान-सहयोगको रूपमा) विश्व आतंकवाद निर्मूलन र मानवताका नाउँमा हुने युद्धवादको सत्ता छ ॥ त्यसैको परिणाममा 'इरान-इराक युद्ध', 'इराक र अठार मुलुक मिलेको संयुक्त सेनाको युद्ध', 'अफगानिस्तानमा रूस र बुस समर्थित तालिवान-विन लादेन युद्ध' अनि केही समयअघिमात्र सम्पन्न जर्ज वुस र सद्दाम हुसेनबीचको संयुक्त राष्ट्र संघको निर्णयात्मक आदेशलाई (र विश्व जनमतलाई समेत) भकुण्ड्याएर गरिएको अनैतिक युद्ध भएका छन् । अमेरिकाको वर्तमान 'हिटलर'कै महत्वाकांक्षी साम्राज्यलिप्साकै जगमा निर्मित आतंकवादकै द्योतक त हुन् यी सबै !

आज त्यसै हिटलरको महत्वाकांक्षी वणिक संस्कृतिको अनुयायी हाम्रो मुलुकमा पनि भ्रष्ट राजनीतिको भ्रष्ट सत्ता छ । यसैको उपज दुईथरि बन्दूकधारी सत्ता, जंगल सत्ता र



*स्व. कृष्ण सेन इच्छुक*

राज्यसत्ताको आतंकको डँढेलोमा देश सल्किरहेछ । अनि यिनै सत्ताका आडमा मौलाउँदो तेस्रो खाले लूट, बलात्कार र हत्याको, अराजनीतिक आतंक, लूटमारको सिंगो शिकार पनि निरीह जनताले भैरहनुपरेको छ ।

अनि यसै दमन, हत्या, लूट आतंकको विरोधमा जनताको आवाजलाई बोकेर खुल्ला आकाशमा लड्न फट्फटाउने शान्तिका परेवा हुन्- कलमको हतियार लिएका कलमवीर 'पूर्णविराम'हरू, देशका स्वतन्त्र चिन्तक कवि, कलाकार, साहित्यकारहरू, पत्रकारहरू । तर यिनै स्वतन्त्रता, शान्ति र प्रगतिका सन्देशवाहक परेवाहरू आज बन्दूके सत्ताका गोलीका निशाना तुल्याउन थालिएका छन्, अपहरण र यातनाका शिकार बन्न थालेका छन् ।

एक डेढ वर्षअगाडि पनि यसैगरी कलमको शक्तिदेखि त्रसित सत्ताले कवि तथा पत्रकार कृष्णसेन इच्छुकलाई अपहरण गरी वेपत्ता पारेको थियो । उनको मुक्तिका लागि आवाज उठाउने जनताले सत्ताको धेरै झूठ र फट्याइँको नकारपछि आखिर उनको मृत्युको दुःखदायी खबर पाएका थिए । आज पनि त्यसै इतिहासलाई दोहोऱ्याउने प्रयत्न गरियो सत्ताबाट । कतिपय बुद्धिजीवी, लेखक, पत्रकारलाई राज्यसत्ताले र कतिपयलाई जंगलसत्ताले अपहरण गरेर बेपत्ता पारेका छन् । तिनैमध्ये एकजना जुझारू कवि हुन्- पूर्णविराम ।

आज साँच्चै देशको आकाशमा बारूदको कुइरो धेरै नै बाक्लिएको छ । त्यसभित्र पूर्णविरामजस्ता शान्तिका परेवाहरू ७६ दिनसम्म हराए । यसबीच उनीहरूको कतै अत्तोपत्तो भएन । तिनका खोजीमा हिंडेका खोजकर्ताहरू उच्च स्वरमा चिच्याइरहेका थिए- "हाम्रा परेवाहरू, शान्ति सन्देशवाहक पखेरूहरूलाई देखाइदेऊ, उनीहरूको स्थितिलाई प्रष्ट तुल्याऊ ! उनीहरू सुरक्षित छन्, उनीहरूको ज्यान सुरक्षित छ भन्ने कुराको विश्वास दिलाऊ ! उनीहरूलाई मुक्त गर !"

तर निर्लज्ज शिकारीले भने सूर्यलाई हत्केलाले ढाक्ने, प्रखर प्रकाशलाई कालो पछ्यौराले छोप्ने प्रयत्न गर्दै निर्लज्जता साथ भनिरह्यो- "हामीले तिम्रा परेवालाई देखेकै छैनौं, चिनेकै छैनौं ! छैनन् हामीसँग तिम्रा पूर्णविराम । छैनन् हामीसँग तिम्रा परेवासरेवा ! नकराउ हामीसँग । हामी छैनौं जिम्मेवार तिम्रा परेवाको ।"

कति छर्लङ्ग फट्याइँ ! तर सत्ताको यो फट्याइँ पनि कलमका योद्धाहरूको कलमका तीक्ष्ण टुप्पाको प्रहारको डर त्रासकै द्योतक हो । उनीहरूका बन्दूकहरू पूर्णविरामहरूका निर्भिक, निच्छल र इमान्दार कलमहरूदेखि कति त्रसित छन् भने तिनका अस्तित्वसमेत मेट्न टाउको फोरेर लागिपरेका छन् । उनीहरूका त्रसित मानिसकताबाट उब्जिएको बारूदको कुइरोभित्र आज शान्तिका परेवा अनेकौं पूर्णविरामहरू हराइरहेका छन् । ७६ दिनपछि एउटा कवि पूर्णविराम र ६६ दिनपछि एउटा निवन्धकार नवीन विभासलाई चुपचाप रिहा गर्न सरकार बाध्य भएको छ । तर पनि बारूदको कुहिरो भने यहाँ फाटेको छैन, बाक्लिएकै छ ।

तर यी बारूद र बन्दूकको औजार लिएर आतंकको खेतमा हत्या र हिंसाको बाली लगाउन खोज्ने बन्दूके सत्तालाई कति कुराको हेक्का छैन भने शान्तिका परेवा पूर्णविरामका कलमहरू रक्तबीज हुन्छन् । एउटा कलमको टुप्पो भाँच्न खोज्यो भने त्यसबाट हजारौं कलमका टुप्पाहरू निर्माण हुन्छन् । पहिलेका बन्दूके सत्ताहरूले भाँचेका सुब्बा कृष्णलाल, लक्ष्मीनन्दन चालिसे, गोपालप्रसाद रिमालजस्ता विद्रोही कलमबाट आज हजारौं संख्यामा पूर्णविरामका कलमका नीबहरू निर्माण भैसकेका छन् । तिनलाई जति नृशंस शक्तिद्वारा भुत्ते तुल्याउन खोजिन्छ, त्यति नै तीखो भएर ती उठ्ने छन् । यी कलमवीरहरूलाई जति दबाउन खोजिन्छ त्यति नै जोस्सिएर ती उठ्नेछन् । उनीहरूका सास जति थुन्न कोशिश गरिन्छ, त्यति नै त्यो ज्वालामुखीको निःश्वास भएर फुट्नेछ । बन्दूक र बारूदको फूँकलाई परास्त गर्न त्यो आँधी बनेर गर्जने छ, दावानलन बनेर त्यो हुर्रिनेछ, बाढी बनेर त्यो उर्लनेछ र अन्त्यमा, त्यसले बन्दूक-बारूदको पर्खाल ढालेर कलमको सत्तालाई जन्माउने छ ।


त्यसैले बन्दूक-बारूदको सत्तामा उन्मत्तहरूले आफ्नो वज्र मूर्ख्याइँको मूढ हठ छोडेर बुद्धि, विवेक र कलमलाई दमन गर्नु सट्टा तिनलाई सम्मान गर्दै तिनका मुटु (सम्वेदनशीलता) र राजनेताको मस्तिष्क (बुद्धि र चतुऱ्याइँ)को समन्वय गराएर राज्य संचालन गरून् । प्रलोभनमा नविक्ने, त्रास र भयसँग न झुक्ने निर्भिक, देश र जनताप्रति इमान्दार कलमको सत्य परामर्शलाई मनन गर्दै राज्य संचालन गरून् । शक्ति र सत्ताको विवेकपूर्ण उपभोग गरून्, अनिमात्र उनीहरूको कल्याण छ । उनीहरूको मूर्ख्याइँ, अदूरदर्शी हठको कारण देश, जनता डुब्यो भने तिनले र तिनको सत्ताले पनि खुट्टो टेक्ने धर्ति पाउने छैन । अस्तु ! ❑


अन्धविश्वास र कुरीतिहरूले समाजलाई पतनको बाटोतिर लैजान्छन् । बोक्सी, भूतविद्या आदि विषयमा प्रचलित अन्धविश्वासहरूतर्फ लाग्नुभन्दा यथार्थ कुराको विश्लेषण गरेर आइपरेका बाधा-व्यवधान हटाउनेतर्फ सचेत नागरिकहरूले लाग्नुपर्छ । अन्धविश्वास र कुरीतिहरूको प्रचलनबाट हुने दुष्परिणामहरूबारे जनसाधारणलाई जानकारी दिन सचेत र शिक्षित व्यक्तिहरूले अग्रसर हुनुपर्छ ।

श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

# फासीवादको चिरफार

राजेन्द्र महर्जन



*बर्लिन आर्सनलमा हिटलरको सम्बोधन सुनिरहेका नाजीहरु*

## पूँजीपति वर्ग र फासीवाद

पूँजीपति वर्गको नेतृत्वमा इटालीले राष्ट्रिय एकता र स्वतन्त्रता प्राप्त गरेको करिब–करिब पचास वर्षपछि पूँजीपति वर्गको लोकतन्त्रको हत्या भयो र फासीवाद सत्तासीन भयो । इटालीको नेतृत्व गरिरहेको पूँजीपति वर्गले आखिर किन आफ्नै लोकतन्त्रलाई धोखा दिई हत्या हुने हदसम्म जान दियो त ? आखिर किन उसले लोकतान्त्रीकरणको प्रक्रियालाई अगाडि नबढाईकन अन्ततः फासीवादीकरणलाई टेवा दिन पुग्यो त ?

इटालीका कम्युनिष्ट नेता तथा चिन्तक अन्तोनियो ग्राम्शीले फ्रान्सका क्रान्तिहरूको सन्दर्भसँग जोड्दै यस विषयमा विश्लेषण गर्नुभएको छ । फ्रान्सको 'पूँजीपति वर्गले सन् १७८९ को क्रान्तिमा मजदूर र किसानहरूसँग मिलेर सामन्तवादी अभिजातवर्गसँग लडेर सफलता प्राप्त गरेपछि तुरुन्तै थाहा पायो– 'गरीखाने जनतासँग मिलेर कुनै पनि खाले अभिजातवर्गविरोधी क्रान्ति गर्दा अन्ततः त्यो क्रान्ति पूँजीवादविरोधी क्रान्तिमा परिणत हुनसक्छ ।'

त्यसपछि संसारभरका पूँजीपतिहरूले मजदूर र किसानजस्ता गरीखाने वर्गलाई नियन्त्रित गरिराख्न अभिजात वर्गसँग साँठगाँठ गरेर दीर्घायु पाउने आशा गर्न थाले । इटालीका पूँजीपतिहरूले पनि फ्रान्समा गरीखानेहरूको पहिलो राज्य 'पेरिस कम्यून'को स्थापनासँगसँगै स्वतन्त्रता प्राप्त गरेका थिए । पेरिस कम्यूनको स्थापनापछि इटालीलगायत विश्वभरिका पूँजीपतिहरू पूरै प्रतिक्रियावादी शिविरतिर झुम्मिन थाले । कृषिप्रधान समाज भएको इटालीका पूँजीपतिहरूले स्वतन्त्रता संग्रामताका देशका विभिन्न खाले प्रतिक्रियावादी तत्वहरूसँग साँठगाँठ गरेका थिए । त्यस्ता तत्वहरूमा सामन्तवादी शक्तिहरू र धार्मिक प्रतिक्रियावादी तत्वहरू समेत थिए ।

> पूँजीपति वर्गले आखिर किन आफ्नै लोकतन्त्रलाई धोखा दिई हत्या हुने हदसम्म जान दियो त ? किन उसले लोकतान्त्रीकरणको प्रक्रियालाई अगाडि नबढाईकन अन्ततः फासीवादीकरणलाई टेवा दिन पुग्यो त ?

यस कारण गाउँमा सामन्त र किसानहरू बीचको शोषणपूर्ण सम्बन्धमा कुनै क्रान्तिकारी रूपान्तरण हुन सकेन र शहरमा औद्योगीकरणको प्रक्रिया अगाडि बढ्न सकेन । यस्तो स्थितिमा पनि शहरीकरणको क्रम भने तीव्र रूपमा बढ्दै थियो । इटालीका अधिकांश शहरहरू उद्योगविनाको शहरीकरणका नमूनाहरू हुन् । मूलतः घरभाडा असुलेर मोटाउने पूँजीपति वर्ग, सानोतिनो बन्द व्यापार र अल्झाइरहने खालको जागिरमा झुण्डिरहेको मध्यम वर्ग र धेरैजसो बेरोजगार र अर्द्धबेरोजगार लम्पट सर्वहारा वर्गले बनेका थिए ती शहरहरू । मध्यम वर्गका तल्लो स्तरका मानिसहरू र लम्पट सर्वहारावर्गका बेरोजगार र अर्द्धबेरोजगारहरूको फौज झन् झन् तेज गतिमा बढ्दै थियो । यही लम्पट, कुण्ठित, आक्रोशित तत्व अन्ततः फासीवादको मुख्य सामाजिक आधार बन्यो ।

जब इटालीको कम्युनिष्ट पार्टीले लोकतान्त्रिक संघर्षलाई तीव्र पार्ने र मजदूर आन्दोलनको उभार ल्याउने काम गरे, तब मध्यमार्गी पार्टी र सरकार डुलमुल हुन थाले । उनीहरूले लोकप्रिय वामपन्थी जनउभारलाई थाम्न सकेनन् । ठीक त्यही बेला अन्धराष्ट्रवादी लफ्फाजी र आक्रामक शक्तिसहित मुसोलिनीले फासीवादी लहर ल्याए । प्रजातन्त्र र फासीवादबीच छनौट गर्ने बेला आउँदा शासक वर्गको रूपमा रहेको पूँजीपति वर्गले फासीवादलाई छान्यो ।

सन् १९२२ मा मुसोलिनी सत्तासीन हुनुभन्दा अगाडिसम्म केवल दुई तीनवटा ठूला पूँजीवादी घरानियाँहरूले मात्रै फासीवादलाई समर्थन र सहयोग दिएका थिए । मध्यमार्गीहरूले मुसोलिनीको फासीवादसामु घुँडा टेकेपछि पूँजीपति वर्गले पनि आत्मसमर्पण गरेको थियो । यो परिघटना तब देखिएको थियो, जब कम्युनिष्टहरूको जनउभारलाई चुनौती दिन मुसोलिनीले एउटा मजबूत राज्य र आधुनिक अर्थव्यवस्था खडा गर्ने आकर्षक नारा दिएका थिए ।

आफैले जन्माएको लोकतन्त्रको हत्या गर्ने मुसोलिनीको फासीवादलाई स्वीकार्दा, फासीवादीहरूले इटालीका जनताविरूद्ध निर्मम शोषण, उत्पीडन र श्वेतआतंकले भरिपूर्ण तानाशाही शासन लाद्दा पनि पूँजीपति वर्गलाई कुनै असजिलो भएन । किनकि जनता, लोकतन्त्र र जनअधिकारहरूप्रति पहिलेदेखि नै त्यस वर्गको

कुनै प्रतिबद्धता र सरोकार थिएन ।

यस्तो स्थितिमा पूँजीपति वर्गको शासन हुँदाहुँदै पनि फासीवादको उदय हुनुका पछाडि ग्राम्शीले मूल रूपमा दुईवटा केन्द्रीय कारकतत्वहरू अगाडि सार्नुभएको थियो । एक, पूँजीपतिवर्ग आफूलाई किसान जनतासँग जोड्न र भूस्वामी वर्गको अन्त्य गर्ने काममा विफल हुनु । दुई, कृषि क्षेत्र र धर्मसँग सम्बन्धित प्रतिक्रियावादी शक्तिसँग साँठगाँठ गरी संगठित विद्रोह गर्ने प्रतिक्रियावादीहरूविरूद्ध संघर्ष गर्न असफल हुनु ।

ग्राम्शीको विचारअनुसार, कृषिप्रधान समाजमा लोकतन्त्रको सवाल भनेको मूलतः कृषिसम्बन्धी प्रश्न हो र किसानहरूको क्रान्तिकारी उत्थानविना पूँजीवादी राजनीतिक व्यवस्था न लोकतान्त्रिक भइरहन सक्छ, न त पूँजीवादी नै भइरहन सक्छ; न वास्तविक अर्थमा एउटा राजनीतिक व्यवस्था नै भइरहन सक्छ । *(Gramsci 1996)*

इटालीको इतिहास हेर्दा छर्लङ्गै देखिन्छ : फासीवाद न पूँजीपति वर्गले पैदा गरेको थियो, न त भूस्वामी अभिजात वर्गले । उसलाई जन्माएको थियो- मध्यम वर्गभित्रका पनि निम्न तहको तप्काले । इटालीको सन्दर्भमा भूस्वामी अभिजात वर्गले फासीवादद्वारा घोषित मजबूत राज्यको स्थापना गर्ने लोभलाग्दो नारा ठीक लागेपछि असाधारण तत्परताका साथ फासीवादको राजनीतिक र सामाजिक सर्वोच्चता स्वीकारेको थियो । त्यस्तै, संगठित धर्मका मागहरू स्वीकारिएपछि फासीवाद र चर्चको पनि राम्ररी नै लगनगाँठो बाँधिएको थियो । र, 'मध्यम वर्गीय अधिनायकत्व'को स्थापनाको नाममा वर्षौंवर्षसम्म निष्कण्टक कुशासन गरिएको थियो ।

## मध्यमवर्गीय चरित्र र प्रवृत्तिको चिरफार

इटालीका मुसोलिनी र जर्मनीका हिटलरले फासीवादलाई पूँजीवाद र साम्यवादको विकल्पको रूपमा प्रस्तुत गरेका थिए । विशेषतः तत्कालको खतराको रूपमा देखापरेको साम्यवादको विरोधमा यो नक्कली विकल्प प्रस्तुत गरेका थिए । सर्वहारा वर्गको अधिनायकत्वका विरूद्ध मध्यम वर्गीय अधिनायकत्वको बुलन्द नारासहित फासीवाद इटाली र जर्मनीमा सत्तासीन भएको थियो ।

अतः इटाली र जर्मनीको सन्दर्भमा फासीवादको बाहक शक्तिको रूपमा निम्नपूँजीपति वर्ग अर्थात् मध्यमवर्ग देखिएको थियो । यो यथार्थ सिंगो विश्वको सन्दर्भमा पनि त्यत्तिकै सही देखिएको छ, जति इटाली र जर्मनीको प्रसंगमा । तर यहाँ प्रश्न के उठ्छ भने मध्यम वर्गमा त्यस्तो के संस्कृति, चरित्र र प्रवृत्ति छ, जसले त्यो वर्गलाई फासीवादजस्तो मानवद्वेषी बर्बरताको भारी बोक्नसमेत तयार गर्छ ?

फासीवाद, नस्लवाद, जातीय र धार्मिक र उन्मादहरूको मुख्य बाहक वर्गको रूपमा देखिएको मध्यमवर्ग वास्तवमा पूँजीवादका सबै उत्पादनहरूमध्ये सबैभन्दा अप्रिय उत्पादन हो । सानोतिनो घर, अलिअलि जग्गा र सम्पत्ति हुने निम्नस्तरका मालिकहरू अर्थात् खुद्रा पसले, कालीगढ, 'ह्वाइट कलर जब' *(हेर्नुहोस् शब्द परिचय)* गर्ने तल्लो स्तरका कर्मचारीहरू यस वर्गभित्र पर्दछन् ।


लेनिनले मध्यमवर्गको विशेषतालाई परिभाषित गर्ने क्रममा भन्नुभएको छ : 'पूँजीवादअन्तर्गत सधैं अत्याचारको शिकार भइरहने कारणले यो वर्गको हालत धेरैजसो अविश्वसनीय रूपमा तीव्रताका साथ बिग्रन्छ र चौपट नै हुनपुग्छ । यो वर्ग क्रान्तिकारिताको हदसम्म त सजिलै पुग्छ, तर यसले धैर्य, संगठन, अनुशासन र दृढताको परिचय दिन सक्दैन । पूँजीवादका विभीषिकाहरूका कारण 'उन्मादी'समेत हुने यो मध्यम वर्ग एउटा त्यस्तो सामाजिक परिघटना हो, जुन अराजकतावाद जस्तै सबै पूँजीवादी देशहरूका लागि स्वाभाविक छ । के कुरा सर्वविदितै छ भने यस्तो क्रान्तिकारिता अस्थिर र निष्फल हुन्छ, यो छिट्टै नै ताबेदारी, उदासीनता र मृगमरीचिकामा पनि फेरिन सक्छ, कहाँसम्म भने यो क्रान्तिकारिता पूँजीवादी फेसनेबुल धाराप्रतिको 'घोर' अनुरागमा समेत बदलिन पनि सक्छ ।' *(लेनिन १९८५ : २६२-२६३)*

त्यसैले, बेलायतका मार्क्सवादी समीक्षक क्रिस्टोफर कडवेलले मध्यम वर्गलाई सबैभन्दा अविश्वसनीय र अप्रिय वर्गको रूपमा व्याख्या गर्दै यस वर्गको ढुलमुले चरित्रको राम्ररी चिरफार गर्नुभएको छ । कडवेलका अनुसार, शोषित वर्गमा पर्ने भएतापनि यो वर्गलाई पूँजीपति वर्गको डाइनिङ्ग टेबुलबाट खस्ने शोषणका केही हाडखोरहरूको भागबण्डामा सहभागी बनाइन्छ । त्यसैले यसले आफूलाई पूँजीवादी व्यवस्थासँग जोडेर परिचय दिन रूचाउँछ । त्यो व्यवस्थामा बैंक म्यानेजर, स-साना पसले र ठूला घरका नोकरका रूपमा निर्भर हुने यस वर्गको जिन्दगीको एउटै मात्र मूल्य हुन्छ- हरहालतमा आफ्नो स्थितिलाई उन्नत पार्नु, आकाशको फलजस्तो भएको पूँजीपति वर्गका चीजहरू पाउन भऱ्याङ



*हिटलर (माथि) नाजीवादको स्वस्तिक चिन्ह र फासीवादको फासीयो (तल)*





चढ्न खोजिरहनु । यो वर्गलाई जहिले पनि एउटा भयले सताइरहन्छ, त्यो हो- सम्माननीय स्थितिबाट सर्वहारा वर्गको नर्कमा खस्ने डर । हुन त यो सर्वहारा वर्गको नर्कमा खस्ने संभावना निकै नजिक छ; त्यसैले पनि यो वर्गलाई धेरै नै भयावह लागिरहन्छ । यो जराहीन, व्यक्तिवादी र एक्लो छ र सधैं सधैं आक्रोशित भएर शत्रुवत् विरोधी संसारसँग हरदम लडिरहन्छ, हावामा मुक्का हान्दै ! यसले पूंजीपतिको सुरक्षाकवच र मजदूरको सहयोगी भावनाको महसूस नै गर्न सक्दैन । यो कहिले पनि, केही चीजमा पनि स्थिर रहन सक्दैन, किनकि यो लगातार माथि उक्लनका लागि संघर्षरत रहन्छ ।

'यो सबैभन्दा दिग्भ्रमित वर्ग हो । .... पूंजीवादले सुरक्षा र स्वतन्त्रताको हनन गर्न थालेपछि यसको भयमा वृद्धि हुन्छ । यसको अनुहार तुच्छ, निरर्थक, विस्मयकारी असन्तोषले पोतिंदै जान्छ । जिन्दगीका हरेक पाइलामा यसले धोखा पाउँछ । यो कुण्ठित हुन्छ, पिटिन्छ, जिन्दगी जिउन कठिन हुन्छ ।

'मध्यमवर्गको त्रासदी के हो भने यिनीहरू एक-अर्कालाई घृणा गर्नका लागि विवश छन् । यिनीहरूलाई लाग्छ- आफूमाथि चोटिलो प्रहार गर्ने, भोकमरी र उत्पीडनको शिकार बनाउने आफ्नै वर्गको कुनै सदस्य हो, पूंजीपति होइन । त्यसैले, यिनीहरू आफ्नै वर्गका सडकपारिका पसले, जागिरे या छिमेकीसँग प्रतिस्पर्धा र प्रतिद्वन्द्विता गरिरहन्छन् । एकजना निम्न पूंजीपतिको सफलता अर्काको लागि दिलमा तलवारझैं घातक हुन्छ । हरेकले आफ्नो असफलताको दोष अर्काको टाउकोमाथि थोपर्छ । यस्तो स्थितिमा सहयोग र ऐक्यबद्धता संभव नै हुँदैन । प्रत्येकको घृणाको घेरो आफूभन्दा तल रहेको र आफूलाई पर्खिरहेको मजदूरको नर्कदेखि आफूभन्दा सफल र एक खुड्किलो माथि रहेको निम्न पूंजीपतिसम्म फैलिएको हुन्छ, जसको सफलता देखेर यो हरदम जलिरहेको हुन्छ ।' *(Caudwell 1990 : 50-52)*

क्रिस्टोफर कडवेलले मध्यम वर्गीय प्रवृत्तिको चिरफार गर्ने क्रममा व्यक्त विचार हेर्दा मध्यम वर्ग भनेको त्रिशंकुजस्तो देखिन्छ । यही वर्ग आफ्नो वर्गीय चरित्र र यसले जन्माउने मानसिकताको कारणले नानाभाँतीका राम्रा-नराम्रा विचारहरूका बाहक हुन पुग्छ, नक्कली सहयोग, नक्कली सुरक्षा र नक्कली एकताको आश्वासन दिने मानवद्वेषी विचारहरूसमेत बोक्न यो वर्ग तयार हुन्छ । वर्गभेद गायव हुने, जिन्दगीका कटुताहरू मेटिने एवं निराश, आक्रोशित, असुरक्षित रहने यो मध्यम वर्गले 'एकरूपता र एक उद्देश्य' पाउने आश्वासनमा नस्लवाद, जातीय उन्माद र धार्मिक साम्प्रदायिकताजस्ता प्रतिक्रियावादी विचारहरूमा समेत एउटा सुनिश्चित लक्ष्य देख्छ र त्यही भ्रमपूर्ण लक्ष्य प्राप्तिका लागि प्रयास गर्छ ।

विश्वविख्यात जर्मन मनोविश्लेषक एरिक फ्रमले नाजीवादको मनोविज्ञानको चिरफार गर्ने क्रममा विशेषतः मध्यम र निम्नमध्यम वर्गीय सामाजिक मानसिकताको बारेमा कडवेलकै विचारलाई गहिऱ्याउँदै गहन विचार प्रस्तुत गर्नुभएको छ *(from 1984 : 179-206)* । उहाँका अनुसार, सन् १९२० को दशकसम्ममा प्रथम विश्वयुद्धमा जर्मनी पराजित भएको र राजतन्त्र विस्थापित भइसकेको सन्दर्भमा मध्यम वर्ग, विशेषगरी निम्नमध्यम वर्गका जर्मनहरूमा असुरक्षा र भयको वातावरण छाएको थियो । त्यसमाथि चरम सीमामा पुगेको एकाधिकार पूंजीवादको कालमा सन् १९२९ मा शुरू भएको आर्थिक मन्दी र महंगीले आर्थिक र मनोवैज्ञानिक भूमिका खेलेको थियो । त्यसैले एकातिर प्रगति र सम्वृद्धिको सिद्धान्त एवं नारालाई रद्दीको टोकरीमा फ्याँकेको थियो, अर्कोतिर राज्यको प्राधिकारलाई नष्ट गरेको थियो । मन्दी र महंगीको कारणले वर्षौंवर्षको कमाइ दुई-चार महिनामै सुक्ने स्थिति आएपछि उनीहरूको आर्थिक दुरावस्था तीव्र रूपमा बढ्न थाल्यो । र, राज्यले जथाभावी रूपमा पैसा छाप्न थालेपछि उनीहरूमा राज्यप्रतिको आस्था र विश्वासमा पहिरो जान थाल्यो ।

जर्मनी पराजित भएको प्रथम विश्वयुद्धपछि उनीहरूको आर्थिक अवस्था मात्रै ध्वस्त भएको थिएन, उनीहरूको सामाजिक मान, सम्मान र प्रतिष्ठामा पनि पहिरो गएको थियो । पहिले आफ्नो स्थिति मजदूरहरूको भन्दा त राम्रै छ नि भन्ठान्ने मध्यम र निम्नमध्यम वर्गका मानिसहरूको सामाजिक प्रतिष्ठा आर्थिक दुरावस्थासँगै सापेक्षिक रूपमा घट्न थालेको थियो भने संगठित संघर्ष गर्न थालेका मजदूरहरूको प्रतिष्ठा र आत्मसम्मान बढ्न थालेको थियो । राजतन्त्र र राज्यजस्तो पुरानो अधिकारको केन्द्रको रूपमा रहेका शक्तिपीठहरूको पतनपछि अन्ततः मध्यम वर्गको सुरक्षाको अन्तिम केन्द्र पनि ध्वस्त हुनथालेको





*बेलायतका मार्क्सवादी समीक्षक : क्रिस्टोफर कडवेल र सोभियत क्रान्तिका नेता लेनिन*



*फासीवाद न पूंजीपति वर्गले पैदा गरेको थियो, न त भूस्वामी अभिजात वर्गले । उसलाई जन्माएको थियो- मध्यम वर्गभित्रका पनि निम्न तहको तप्काले ।*

*आफ्ना सैनिक तथा सहकर्मीहरुका साथ मुसोलिनी*

थियो, त्यो केन्द्र हो : परिवार । राज्य, राजा र परिवारको मुलीको अधिकारलाई अति सम्मान गर्न सिकाउने परम्परा रहेको जर्मनीमा अन्य सबै पक्षहरूको पतनसँगै परिवार र घरमुली पिताको प्रतिष्ठा र आत्मसम्मानमा पनि भुइँचालो गएको थियो ।


यस्तो स्थिति मध्यम वर्गले आफ्ना सम्पूर्ण पीडा र आक्रोश जर्मनीमाथि अपमानजनक ढंगले थोपरिएको 'वेर्साइय सन्धि' *(हेर्नुहोस् शब्द परिचय)* माथि पोख्न थाल्यो । नाजीवादीहरूले मध्यम वर्गको आवाज बुलन्द पार्ने क्रममा जर्मनीका सम्पूर्ण पीडाहरूको कारकतत्व नै यो सन्धि हो भनेर धुँवाधार प्रचार गरे । त्यसैको फलस्वरूप मध्यम वर्गको सामाजिक असुरक्षा र हीनताभाव वेर्साइय सन्धिविरोधी राष्ट्रिय आक्रोशको रूपमा अभिव्यक्त भयो । एकाधिकार पूँजीवादद्वारा अत्यन्त प्रभावित भई शक्तिहीनता, सम्मानहीनता र आक्रोशका बीच बाँचिरहेका मध्यम वर्गीय मानिसहरूलाई नाजीवादीहरूले बाह्य देश र अन्य अल्पसंख्यक जातिलाई सम्पूर्ण समस्याको मुख्य जरोको रूपमा प्रस्तुत गरेर एकोहोर्‍याए ।

मध्यम वर्गका युवा-युवतीहरूलाई नाजीवादले असाधारण रूपमा भावुक अपील गर्न सक्नाले नै सन् १९३० को दशकमा यो वाद जर्मनीमा मात्रै होइन, विश्वमै जगजगी कायम गर्न सफल भएको थियो । नाजीवादी नेताहरूप्रतिको अन्धभक्ति, अन्य देश र अरू अल्पसंख्यक जातिप्रतिको उग्र घृणा, अरूमाथि विजय र प्रभुत्वको तीव्र आकांक्षा, जर्मन जाति र नर्दिक नस्लप्रतिको अतिशय अहंकारले तिनीहरूलाई मन्त्रमुग्ध नै पारेका थिए । एरिक फ्रमको विश्लेषणअनुसार, यसको खास कारण हो- तिनीहरूमा रहेको सत्ता, शक्ति, बल र प्रभुप्रतिको प्रेम तथा कमजोरप्रतिको घृणाको मनोभाव । तिनीहरूको तुच्छता र विद्वेषपूर्ण मनोभाव, संकीर्ण दृष्टिकोण र आफ्ना घृणाहरूलाई नैतिक र युक्तिसंगत बनाउने धृष्टताले नाजीवादका धुर्त्याइँपूर्ण नारा र आक्रामक



*एरिक फ्रम*

**सन् १९३० को दशकमा नाजीवाद जर्मनीमा मात्रै होइन, विश्वमै जगजगी कायम गर्न सफल भएको थियो**



*मुसोलिनी र हिटलर*

कारबाहीका लागि मेलमिलापको वातावरण बनाएको थियो । *(Fromm 1984 : 179-206)*

एकाधिकारवादी पूँजीवादको कारणले अस्तव्यस्त र पीडित भएका मध्यम वर्गीय जर्मनहरूलाई हिटलरको नाजीवादले केही धनीहरूको डिपार्मेन्टल स्टोर (विशाल बजार)माथि आक्रमण गर्ने काम र बैंकिङ पूँजीको प्रभुत्व नष्ट गर्ने घोषणाद्धारा त्यस्तो नारा र मंच दियो, जसमा उनीहरू समाहित भए । नाजीवादले मध्यमवर्गीय घृणा, आक्रोश, सानाप्रतिको हेलाँ र ठूलाप्रतिको भक्तिभावलाई दुरूपयोग गर्ने नियतले मध्यम वर्गीय अधिनायकत्वको अवसरवादी नारा दियो । त्यस नारामा मध्यम वर्गले स्वर्ग नै स्थापना हुने दिवास्वप्न देख्यो र अन्ततः आफूलाई त्यसैसँग आत्मसात् गर्‍यो ।

यसको अर्थ, मध्यमवर्गका सबै व्यक्तिले फासीवादका लागि जनाधार प्रदान गरे भन्न खोजेको पक्कै होइन । निश्चित रूपमा मध्यम वर्गका निम्नतहका धेरै मानिसहरूले फासीवादलाई सघाए । तर यही वर्गका सचेत, सजग, लोकतान्त्रिक र वामपन्थी तप्का, श्रमिक वर्गको आन्दोलनमा क्रियाशील व्यक्तिहरू भने फासीवादको विरोधमा लागे । र, पहिले फासीवादीहरूको अन्धराष्ट्रवाद, जर्मन र इटालियन गौरवको पुनर्स्थापनाको समर्थन गर्ने यो वर्गका केही मानिसहरू पनि फासीवादीहरूको डरलाग्दो चरित्र देखेर पाखा लागे ।

अत्यन्त अवसरवादी नीति, कार्यक्रम र नारा दिन कुशल नाजीवादले आर्थिक र मनोवैज्ञानिक रूपले अत्यन्त अभावको जीवन बाँच्ने इसाई धर्मावलम्बी मध्यम वर्गलाई सत्ता, धन र प्रतिष्ठा दिने नाममा उच्च वर्ग र फरक धर्म मान्ने यहूदीहरूविरूद्ध खन्यायो । धर्म र जातिको हिसाबले अल्पसंख्यक यहूदीहरूविरूद्ध नस्लवादी आक्रमण गर्न पाउँदा मध्यम वर्गले आफू पनि कोहीमाथि शासन गर्न सक्ने, विश्व समुदायमाथि प्रभुत्व जमाउन सक्ने शासकीय अहंकारको भाव महसूस गर्न पायो । तर पछि गएर केहीले मात्रै साँच्चै नै सत्ता, धन र प्रतिष्ठा पाए, धेरैले यस्तै भावनात्मक सन्तुष्टिमात्रै पाए ।

यो हदसम्म मनोवैज्ञानिक र सांस्कृतिक अभियान चलाउन सफल नाजीवादको सर्वसत्तावादी चरित्र नाजीवादी नेतृत्वमा पनि छर्लङ्गै देखिन्छ । नाजीवादी नेता हिटलरको आत्मकथा Mein Kampf को गहन अध्ययन गरेर एरिक फ्रमले लेख्नुभएको छ : हिटलर स्वयंमा सर्वसत्तावादी चरित्रका दुईवटा महत्वपूर्ण गुणहरू : 'स्याडिस्टीक र म्यासोचिस्टीक' उत्प्रेरणा (Sadistic and masochistic drives) थिए । उनमा ठूला र माथिका प्रतिको अन्धभक्ति र आत्मसमर्पण थियो अनि साना र तलकाप्रतिको घृणा र प्रभुत्वको भाव र कर्म थियो । *(Fromm 1984 : 191-192)*

❑ क्रमशः

## शब्द परिचय

### ब्लू कलर जब र ह्वाइट कलर जब

*पश्चिमा राष्ट्रहरुमा श्रमिक वर्ग र कर्मचारीहरुलाई जनाउन blue colour job / white colour job भन्ने चलन छ । शारीरिक श्रम गरी खाने श्रमिकहरुलाई blue colour job गर्ने मानिस भनिन्छ । कार्यालयमा शारीरिक श्रम नगरी उच्च वेतनयुक्त जागिर खाने कर्मचारीहरुलाई white colour job गर्ने मानिस भनिन्छ ।*

### के हो वेर्साईय सन्धि भनेको ?

*पेरिसको वेर्साईयस्थित शीशकक्ष (हल अफ मिरर्स) मा भएको सन्धिलाई वेर्साईय सन्धि भनिन्छ । यसमा प्रथम विश्वयुद्धका विजेताहरुका तर्फबाट ब्रिटेन, फ्रान्स र अमेरिका अनि पराजित जर्मन साम्राज्यको तर्फबाट हस्ताक्षर गरिएको थियो । त्यस सन्धिअन्तर्गत पहिले जर्मन साम्राज्यको नियन्त्रणमा रहेका विभिन्न देशका भूमि बाँडेर लिने-दिने काम भएको थियो । त्यस्तै, जर्मनीमाथि थप प्रतिबन्ध लगाउने क्रममा ठूलो संख्यामा सेनाको कटौती गर्ने, नौसेनाको समाप्ति गर्ने, वायुसेनामाथि प्रतिबन्ध लगाउने घोषणा गरिएको थियो । त्यसैगरी, नष्ट भएका क्षेत्रहरुको पुनर्स्थापना, विनष्ट सम्पत्तिको क्षतिपूर्ति र मित्र राष्ट्रहरुद्वारा दिइने युद्धको पेन्सन जर्मनीले दिनुपर्ने प्रावधान थोपरिएको थियो ।*

*यस वेर्साईय सन्धिले गर्दा जर्मनीले कहिल्यै पनि टाउको उठाउन नसक्ने विश्वास लिइएको थियो, तर भयो ठीक उल्टो । वास्तवमा यो सन्धि जर्मनीमाथि थोपरिएको एकतर्फी सजायँ थियो, जसको दुष्परिणाम ठीक २० वर्षपछि द्वितीय विश्वयुद्धको रुपमा विस्फोट भएको थियो ।*

*यस सन्धिका बारेमा फ्रान्सिसी मार्शल फाशले सन् १९१९ मा अत्यन्त सटीक मूल्यांकन गर्दै भनेका थिए- 'यो सन्धि होइन, २० वर्षका लागि युद्ध स्थगनमात्रै हो !'* ❑



# भैरहवाको डण्डाखोला : इकोसिस्टम विनाशको नमूना

- खेटराज दाहाल

नेपालमा बग्ने नदीहरूलाई मुख्यतया ३ भागमा विभाजन गरिएको छ । ती हुन् : प्रथम स्तर, दोस्रो स्तर र तेस्रो स्तरका नदी वा खोला । हिमालय पहाडलाई शीर बनाएर बग्ने नदी वा खोला प्रथम स्तरका हुन्, जस्तै : कोशी, मेची, नारायणी, कर्णाली, काली आदि । महाभारत पहाडबाट बग्ने नदीहरू (खोलाहरू) दोस्रो स्तरका नदी वा खोला हुन् । कमला, तिनाउ, बाग्मती आदि नदीहरू दोस्रो स्तरको समूहमा पर्दछन् र चुरे पहाड वा सोभन्दा मुनिबाट बग्ने खोलाहरू तेस्रो स्तरका हुन् । रोहिणी, झरही, डण्डा, घाघरा आदि खोलाहरू यस वर्गमा पर्दछन् ।

प्रसङ्ग डण्डाखोलाको हो । रूपन्देही जिल्लाको पूर्वी दिशा भएर बग्ने डण्डा खोला तेस्रो स्तरको खोला हो । डण्डाखोलाको उत्पत्ति ससाना झरनाहरू मिलेर बनेको भएतापनि यो खोलामा अरू खोलामा भन्दा फरक विशेषता पाइन्छ । अक्सर चुरे वा सोभन्दा तलबाट बग्ने खोलाहरूमा वर्षा याममा पानी हुने र सुख्खा मौसममा पानी नहुने गर्दछ । तर डण्डाखोलामा भने बाह्रैमास पानी बग्दछ । यो खोलामा सुख्खा मौसममा एक प्रकारको समान बहाव रहनु यसको भिन्नै विशेषता हो । डण्डाखोला सिद्धार्थनगर नगरपालिकाको वडा नं. ९ बाट शुरू भई यसै नगरपालिकाको वडा नं. १ मा पुगेर नगरपालिकालाई छाडेर भारततिर बग्दछ ।

डण्डाखोलाको बहाव सिधा नभई नागबेली आकारको छ । यो खोलामा पहिले पहिले मानिसहरू सहज ढंगले माछा मार्ने, नुहाउने, तथा पौडी खेल्ने गर्दथे । हिन्दू परम्पराअनुसार खोला वा नदीमा स्नान गर्नु भनेको धर्म कमाउनु पनि हो । हाम्रा विभिन्न विधि-विधानअनुसार कतिपय कर्महरू (संस्कारहरू) खोलाको किनारमा नै गर्नुपर्ने हुन्छ । श्राद्ध गरिसकेपछि पिण्ड सेलाउनु, मरेपछि अन्त्येष्टी गर्नु, नर्के बगाउनु, सप्ताह लगाएको फूलपाती बगाउनु, बत्ती बाल्नु, आदि कर्महरू खोला वा नदीमा नै गरिन्छ । नदी वा खोला जुन दृष्टिकोणबाट हेरेपनि मानव जीवनको लागि पवित्र थलो मानिन्छ र अन्य प्राणी जगत्को लागि जीवन जीउने आधार बनेको हुन्छ । तर के अहिलेको डण्डाखोला यी सबै कर्म गर्न उचित थलो छ त ? के अब अन्य जीवजन्तुका लागि यो खोला जीवन जीउने आधार बन्न सक्छ छ त ?

सिद्धार्थनगर नगरपालिकाका लागि आकर्षक बन्नसक्ने क्षमता बोकेको यो खोलाको किनारमा केही वर्ष अघिसम्म क्रशर मिल (ढुंगा पेल्ने मेशीनहरू) संचालनमा थिए । क्रशर मिलको धुलोले यसको वरपरको क्षेत्र पूरै प्रभावित बनेको थियो र जता हेर्‍यो त्यतै प्रदूषित बनेको देखिन्थ्यो । यो दृश्य स्वाभिमानी तथा समाजसेवीहरूका लागि अपच हुन गयो । त्यसैले 'वातावरण बचाउ आन्दोलन, सिद्धार्थनगर, भैरहवा'को पहलमा डण्डाखोलाको किनारमा अवस्थित क्रशर मिल विस्थापनका लागि सशक्त आवाज उठाइयो । आखिर परिश्रम गर्दा नहुने के छ र ? समाजसेवीहरूबाट उठेको यो आवाजलाई रूपन्देहीको प्रशासन र क्रशर मालिक दुवै स्वीकार गर्न बाध्य भए । यस कार्यका लागि जिल्ला प्रशासन कार्यालय रूपन्देहीका तत्कालीन प्रमुख जिल्ला अधिकारी ललितबहादुर थापाले सराहनीय सहयोग पुर्‍याएका थिए । वातावरण बचाउ आन्दोलन, भैरहवाले उठाएको आवाजलाई प्रजिअ थापाले प्रशासनिक क्षेत्रबाट जोडबल दिएका थिए । उनको यस्तो कामलाई वातावरणसँग सम्बद्ध सम्पूर्ण संघसंस्थालगायत सिंगो नागरिक समाजले सराहना गरेका छन् । यसरी प्रशासन र समाजसेवीहरूको संयुक्त प्रयासले डण्डाखोलाको क्रशरलाई त्यहाँबाट हटाइएको छ । वातावरण बचाउ आन्दोलन, भैरहवाले गरेको यो प्रयत्न पूर्णतः सफल भएको छ र उद्योगपतिबाहेक अन्य सबैका लागि फलदायी बनेको छ । डण्डाखोलाको प्रदूषणमा यसले २० को १९ गराएको छ ।

डण्डाखोलामा अचेल विविध प्रकारका फोहोरको डंगुर थुप्रने गर्दछ र पूरै खोला फोहोरले भरिपूर्ण बनेको छ । सिद्धार्थनगर नगरपालिकाले 'डम्पिङ साइट' कतै नपाएर फोहोरलाई डण्डाखोलाकै किनारमा थुपार्ने गरेको छ । भैरहवा शहरबाट करिब २ किमी टाढा सुनौलीतर्फ लागेपछि नगरपालिकाले पुराणले पवित्र मान्ने खोलालाई फोहोरको उपहार चढाएर सबैका लागि उपहास मात्र गरेको छैन, विविध प्रकारका रोगहरूलाई निम्त्याएको छ । र, भारतबाट नेपाल प्रवेश गर्ने पर्यटकहरूलाई "स्वागत" गरेको छ । यो फोहोर चराचुरूङ्गी तथा पशुपंछीले खाने गर्दछन् र एक ठाउँबाट अर्को ठाउँमा सहज रूपमा ओसार पसार गर्दछन् । यसले गर्दा रोग फैलिन सजिलो भएको छ र वरपरका सबै ठाउँमा जीवहरूका लागि प्रतिकूल असर परिरहेको छ । डण्डाखोलाको किनारमा फ्याँकिएको फोहोरले त्यो बाटो भएर लुम्बिनी क्षेत्रको भ्रमणमा आउने पर्यटकहरूका लागि विकर्षण पैदा गरेको छ । विदेशीहरूको नजरमा त यो शहर रहरको थलो नभएर फोहोरको भण्डारको रूपमा चिनिन्छ । त्यसैगरी सिद्धार्थनगर नगरपालिकाले निर्माण गरेको 'वर्षे ढल निकास 'प्रणाली' डण्डाखोलामा कुनै उपचार पद्धतिविना नै फ्याँकिन्छ । वर्षे ढल प्रणालीमा वर्षाको मात्र पानी बग्दैन, कयौं घरहरूको त सेप्टिक ट्याङ्कमा भर्नुपर्ने फोहोर मैला सिधै ढलमा मिसिएर बग्दछ र यसले पनि डण्डाखोलामा मिसिने मौका पाउँछ ।

त्यसैगरी डण्डाखोलामा नै मुसलमान समुदायले 'कब्रिस्तान' बनाएका छन् । धनीमानी व्यक्ति मरेमा पक्की चिहान पनि बन्नसक्छ तर सबै नेपाली मुसलमानहरूको पक्की चिहान बनाउन तथा अन्त्येष्टीमा खाडल खनेर व्यवस्थित रूपले शव गाड्न औकातले भ्याउँदैन । र, त्यस्ता परिवारहरूमा मान्छे मर्दा कम गहिरो खाडलमा नै शव गाडेर छाडिइन्छ । कालान्तरमा स्याल र कुकुरले त्यसलाई खोतलेर पुनः सतहमा ल्याउँछन् र त्यो स्थलमा काग, कुकुर, स्याल र गिद्धको जमघट हुन थाल्छ । यसरी निस्किएको सिनोको बचेखुचेको भाग पनि डण्डाखोलामा नै मिसिन्छ तथा खोलालाई नै उपहार हुन्छ । डण्डाखोलाको आसपासका बासिन्दाहरूको वस्तुभाउ मरे पनि डण्डाखोलामा नै बगाइन्छ । अस्पतालबाट निस्केका विषादी औषधिहरू, समय नाघेका औषधिहरू र कृषकहरूले खेतबारीमा छर्ने

विषादीहरू पनि डण्डामा नै मिसाइन्छन् । यतिमात्र होइन, डण्डाखोलाको वरपरका वस्तीहरूबाट निस्कने सबैखाले घरेलु फोहोर पनि त्यही खोलामा फ्याँक्ने चलन छ । यसरी प्रदूषित वस्तुहरूले भरिपूर्ण खोला सिद्धार्थनगर नगरपालिकाको वडा नं. ९ बाट शुरू भई वडा नं. १२ र १ हुँदै पक्लिहवा क्याम्पस अगाडि पुगेपछि पुनः क्याम्पसबाट निस्केको ठोस तथा तरल फोहोरको भारी पनि यसैमाथि थोपरिन्छ र पूरै भैरहवादेखि बोकेको फोहोरको गरूङ्गो भारी लिएर डण्डाखोला भारततर्फ बग्दछ ।

यति धेरै फोहोर मिसिएर प्रदूषित बनेको डण्डाखोलाको पानीमा कुन कुन प्यारामिटरको मात्रा कति छ ? जनसंख्या तथा वातावरण मन्त्रालयले तोकेको मात्राभन्दा कति बढी छ ? यसले कुन कुन रोग निम्त्याउँछ ? र सम्पूर्ण प्राणीजगतलाई कसरी प्रभाव पार्दछ ? सो तथ्य भने अझै खोजको विषय बनेको छ । र, अहिलेसम्म वातावरणप्रति चासो राख्ने संघसंस्थाहरूको अझै यसतर्फ ध्यान पुग्न नसकेको देखिन्छ । तर सामान्य रूपमा गरिएको अनुभवअनुसार डण्डाखोलामा अचेल कसैले नुहाएमा शरीरभरी खटिरा निस्कने र जीउ चिलाउने गर्दछ । झाडा-पखाला, टाइफाइड, हैजाआदि रोगबाट यसको आसपासमा बस्ने मानिसहरू बेलाबखतमा ग्रसित भइरहेका छन् र पशुहरूसमेत खोलाको पानीको सेवनबाट रोगी बनेका छन् ।

यस क्षेत्रमा सारस, जलहाँस तथा साइबेरियन हाँसलगायतका चराहरू आआफ्नो मौसममा यहाँ आउने परम्परा थियो । खोलाको पानी प्रदूषित हुँदै गएपछि यो क्रम घट्दै जान थाल्यो र अहिले लगभग शून्य हुनथालेको छ । यतिमात्र होइन, डण्डाखोलाको फोहोरले खोलामा पाइने अन्य जीवहरू पनि मासिने क्रम बढ्दै जाने तथा यसले जैविक विविधतामा ह्रास हुने प्रक्रिया दिनानुदिन झनझन बढ्दै गएको छ ।

डण्डाखोलाको फोहोरमा कसले राजनीति गरिदिने त ? यो समस्या समाधान गर्ने आशा देखाएर कसैलाई चुनाव जित्नु छ कि ? यसको लागि जिम्मेवार निकाय कुन हो ? यी प्रश्नहरू निश्चय पनि बुझ्रुकहरूका लागि गहन छन् । कुरो जताबाट गरे पनि यसको जिम्मेवार निकाय मुख्यतः नगरपालिका नै हो र यसको वातावरणीय संवेदनशीलताप्रति ध्यानदिने निकाय पनि ऊ नै हो । रूपन्देही जिल्लाकै र देशभरिका अन्य पुराना नगरपालिकाहरूमा पर्ने सिद्धार्थनगरले आफ्नो स्थापना काल (वि.स. २०२४ साल) देखि धेरैवटा नेतृत्व फेरिसक्यो । योभन्दा पछि स्थापना भएको बुटवल नगरपालिका विकासका दृष्टिकोणले कयौं गुना माथि पुग्यो । तर

**यो समस्या समाधान गर्ने आशा देखाएर कसैलाई चुनाव जित्नु छ कि ? यसको लागि जिम्मेवार निकाय कुन हो ? यी प्रश्नहरू निश्चय पनि बुझ्रुकहरूका लागि गहन छन् ।**

सिद्धार्थनगरले विकासको स्पष्ट दृष्टिकोण बोकेको, समाजसेवी, त्यागी तथा केही गरौं भन्ने भावनाले ओतप्रोत भएको नेतृत्व पाउन सकेन । फलस्वरूप डण्डाखोला मात्र होइन, पूरै शहरले काँचुली फेर्ने मौका पाएन । यहाँसम्म कि त्यत्रो शहरमा मनोरंजन प्रदान गर्ने स्थल एउटा पनि भेटिँदैन । यहाँका बासिन्दाहरूले यसो घुमफिर गरेर मन बहलाउने त्यस्तो कुनै आकर्षक पार्क हालसम्म निर्माण गरिएको छैन । यसतर्फ सम्बद्ध निकायको ध्यान कहिले पुग्ला त ?

विकसित मुलुकहरूमा खोला भएको शहरलाई प्रकृतिको वरदान मानिन्छ र यसको जगेर्ना गर्न र स्वच्छ राख्न सम्बन्धित निकायले भरमग्दुर प्रयत्न गर्दछ । कहाँसम्म भने खोला नभएको शहरमा कृत्रिम खोला बनाएर बगाउनेसम्मको प्रयत्न गरिन्छ । प्राचीन तथा ऐतिहासिक मानव सभ्यता र शहरको विकास स्वयं नदी वा खोला किनारबाटै भएको तथ्यले यसको महत्वका विषयमा आफैं स्पष्ट पार्दछ ।



## *डण्डाखोलालाई कसरी सफा राख्न सकिन्छ त ?*

यसको पहिलो उपाय हो : नगरपालिकाले हाल संचालन गर्दै आएको डम्पिङ्ग साइट सारेर उपयुक्त ठाउँमा फोहोर फाल्ने व्यवस्था गर्नु । डण्डाखोलामा विनाउपचार फालिने वर्षै ढलको पानी उपचार पद्धति पूरा गरेर मात्र खोलामा फाल्ने व्यवस्था गर्नु दोस्रो उपाय हो । तत्काल संचालनमा रहेको मसानघाट व्यवस्थित पार्नु, जताततै फोहोर फाल्ने, सिनो मिल्काउने र कब्रिस्तानमा अव्यवस्थित तरिकाले मानिस गाड्ने प्रक्रियामा रोक लगाउनु तेस्रो उपाय हो । खोलाको दुवै किनारामा फलफूल तथा बाँसका विभिन्न प्रजातिहरूको वृक्षारोपण गरी हराभरा बनाउनु संरक्षण पद्धतिको महत्वपूर्ण उपाय हो ।

दीगो विकास गर्न नगरपालिकाले स्थानीय स्तरका संघसंस्थासँग मिलेर डण्डाखोला संरक्षणका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तयार पार्नु पर्दछ । र, यस क्षेत्रमा पहिलेदेखि नै सक्रिय रहेका संघसंस्थालाई प्रोत्साहित गर्ने कार्यको आरम्भ गर्नु पर्दछ । नदी वा खोलामा प्रदूषण गर्नेलाई कानूनी मापदण्डअनुसार दण्ड र जरिवाना गर्ने परिपाटी तत्कालै थाल्नु पर्दछ र यो कामका लागि नगरपालिकाले प्याकेज कार्यक्रम बनाएर लागू गर्नु उपयुक्त देखिन्छ । डण्डा खोलालाई प्रदूषणबाट मुक्त गर्न सकेमा हाल भएको डम्पिङ्ग साइटको स्थलबाट पक्लिहवा क्याम्पसअगाडिको तलाउसम्म डुङ्गा चलाउने, शान्ति उद्यान तथा बाल उद्यान स्थापना गर्नेआदि कामहरू संचालन गरी मनोरञ्जन स्थलको विकास गर्न सकिन्छ ।

अन्ततः डण्डाखोला संरक्षण गरेपछि हुने फाइदा सबै नगरवासीहरूका लागि हो र यो कार्यमा सबैको संलग्नता अपरिहार्य छ भन्ने चेतना सबै स्तरसम्म पुऱ्याइनु पर्दछ । निश्चय पनि यो कामको शुभारम्भमा कठिनाइ त पर्छ नै तर 'गरे के हुँदैन ?' को मूलमन्त्र शीरोधार्य गर्नु सम्बद्ध सबै निकायका लागि उपयुक्त हुनेछ । खोलाको संरक्षण गर्नु भनेको परिस्थितिकी - प्रणाली (eco-system)को सन्तुलन कायम राख्नु हो । अतः शहरको शोभा कायम राख्न सक्ने, पर्यटकहरूलाई आकर्षण गर्न सक्ने र नगरपालिकाका बासिन्दाहरूलाई शुद्ध र चिसो हावा प्रदान गर्नसक्ने डण्डाखोलाको संरक्षण गर्न सबै एकजूट बन्नु र सबैले तत्परता देखाउनु नै वर्तमान स्थितिको महत्वपूर्ण आवश्यकता हो । ❑

■ किताब


# पानीको विज्ञान र राजनीति

पानी विशेषज्ञ अजय दीक्षितले Basic Water Science (आधारभूत पानी विज्ञान) नाम भएको एक उच्चस्तरीय पाठ्यपुस्तक बजारमा ल्याउनुभएको छ । यो किताबले व्याचलर अफ इन्जिनियरिङ्ग पाठ्यसामग्रीमा पाइने, पानीका समस्याका उपचारलाई सामाजिक, वातावरणीय र राजनीतिक परिप्रेक्ष्यमा नहेरी स्वच्छ प्राविधिक हिसाबले मात्र खोज्ने चलनलाई सन्तुलनमा ल्याउने प्रयत्न गरेको छ । धेरै प्राविधिक योजनाकारहरू यही पुरानो साँघुरो संस्कारबाट आएका भएरै होलान्, पानीका क्षेत्रमा योजना बनाउँदा र कार्यान्वयनमा ल्याउँदा नेपाललगायत धेरै मुलुकमा यी अन्य महत्वपूर्ण पक्षहरू बारम्बार छुट्ने गर्दछन् ।

किताबको अध्याय १ "Fresh Water and Hydrology"(ताजा पानी र जलविज्ञान)ले जलविज्ञान, बाढी, पहिरो, भूमिगत पानी, हिमताल फुटेर आउने बाढी र थिग्रिने प्रक्रियाका बारेमा आधारभूत जानकारी प्रस्तुत गर्दछ । यसमा जलचक्र, भूमिगत पानी र वास्तविक पानीका योजनाका उदाहरण दिइएका छन्, जुन दक्षिण एशियाका पाठ्यसामग्रीमा असामान्य र नयाँ शुरूवात हो । यसको अर्को विशेषता हो, प्रयोग भएका उदाहरणहरू अधिकांश नेपालका नै हुनु । चछो रोल्पाको हिमताल अप्रत्याशित रूपमा बढेको, तमोर नदीमा १९८० मा आएको बाढीका उदाहरणहरू वास्तविक र समसामयिक घटनामा आधारित छन् ।

अध्याय २ "Water Science and Society" (पानी विज्ञान र समाज) हाइड्रलिक विज्ञानको इतिहास र विकासबाट शुरू हुन्छ । किताबको पछाडिको खोलभित्र एउटा निकै उपयोगी इशापूर्व २५०० देखि वर्तमान समयसम्म समेट्ने तालिका छ । विज्ञान र प्रविधिको विकासको विवरणसँगै काठमाडौंका ढुङ्गेधारा, नेपालका शहरमा पानी ट्यांकी प्रणाली र पश्चिम चीन र मध्य एशियामा अहिले पनि प्रयोगमा रहेका करेज भन्ने भूमिगत कुलोजस्ता परम्परागत प्रविधिका पनि उदाहरण प्रशस्त छन् । यसले पानीको व्यवस्थापन सम्बन्धमा ऐतिहासक कालदेखि र विशेष गरी २०औं शताब्दीको शुरूदेखिको सोचाइको प्रगतिको विवरण दिन्छ । यहाँ पानीसम्बन्धी भएका अन्तर्राष्ट्रिय वार्ताका निष्कर्ष पनि दिइएका छन् । दक्षिण एशियामा भएका पानीसम्बन्धी विवादहरू : बंगलादेशको बाढीसम्बन्धी कार्ययोजना, भारतको सरदार सरोवर र नेपालको अरूण तेस्रोका विवरण पनि दिइएका छन् ।

अध्याय ३ देखि ६ सम्मले हाइड्रोलिक्स, हाइड्रोस्ट्याटिक्स र हाइड्रोडाइन्यामिक्सका पानी सम्बन्धमा इन्जिनियरिङ्ग पूर्वाधार प्रस्तुत गर्दछन् । यिनमा नमूना हिसाब गरेर उदाहरणहरू पेश गरिएका छन् । पास्कलको सिद्धान्त, बर्नौलिको, चेजि र म्यानिङका इक्वेसनका विवरण र अभ्यास यी अध्यायमा प्रस्तुत गरिएका छन् ।




सातौं अध्याय 'Domestic Water Supply systems' ले साना ग्रामीणदेखि ठूला शहरी समुदायको आवश्यकतापूर्ति गर्ने उद्देश्यले खानेपानीको आपूर्तिको माग अनुमान गर्ने र यससम्बन्धी प्रणाली डिजाइन गर्नेबारे दिशाबोध र औजारहरू प्रदान गर्छन् । बृहत् आधुनिक योजनादेखि लिएर सानाभन्दा साना हाते र रोअर पम्पसमेत यसमा समेटिएका छन् । काठमाण्डौको शहरी क्षेत्रको खानेपानीको आपूर्तिसम्बन्धी १०० वर्षभन्दा बढीको संस्थागत विकासको इतिहास: १८९१ सम्बत्को वीर धारा वर्क्सदेखि १९२९ को पानी गोश्वारा, र १९७४ मा आएर खानेपानी तथा ढल निकास विभाग र १९८९ मा स्थापित खानेपानी संस्थानको विवरण चाखलाग्दो गरी प्रस्तुत गरिएको छ । पानी आपूर्ति क्षेत्रमा आइपरेका चुनौतीको रूपमा भूमिगत पानीको अत्यधिक प्रयोगले ल्याएको सामाजिक समस्या र तराईमा खानेपानीलाई आर्सेनिकले दूषित पारेको समस्याको छलफल पनि यहीं गरिएको छ । मूलधारको विकल्पका साथसाथै पानीको आपूर्तिका लागि नयाँ योजनाको विकल्पमा प्रस्तुत भएका पानीको संरक्षण र आकाशबाट परेको पानीको संकलनजस्ता उपायहरूका बारेमा पनि प्रकाश पारिएका छन् । यसले इन्जीनियरहरूलाई शहरी क्षेत्रमा पानी आपूर्ति गर्नका लागि ठूला ढाँचाहरू कसरी बनाउने भन्ने कुरामात्र सिकाउँदैन, गरीब गाउँले क्षेत्रमा पानीको आपूर्ति कसरी गर्ने भन्नेबारेमा समेत व्यावहारिक ज्ञान प्रदान गर्छ । यसले सामुदायिक व्यवस्थापन प्रणालीबारे पनि छोएको छ र पानी योजना सफल हुनका लागि दक्ष प्राविधिक डिजाइनका साथसाथै सामाजिक र राजनीतिक सन्दर्भको पनि उत्तिकै महत्व भएको झल्काएको छ । र, संसारका धेरै भागमा पानी वितरण योजनाहरू निजीकरण गर्दा असफल भएका कारणबारे छलफल अगाडि सारिएको छ ।

अध्याय ८ "Open Channel Flow" इन्जिनियरिङ बहसमा फर्केर आउँछ । यो अध्यायले चेजि र म्यानिङ्ग इक्वेसन प्रयोग गरेर ओपन च्यानल (नहर)मा हुने बहावको हिसाब निकाल्ने व्यवहारिक अभ्यास गराउँछ । अध्याय ९ "Water for Irrigation" ले सिंचाइमा प्रयोग हुने प्राविधिक र व्यवस्थापन पक्ष दुवैबारे छलफल गर्दछ । प्रविधिको हकमा ट्रेडल (ढिकी), पम्प, थोपा सिंचाइ र साना डिजेल पम्प सेटदेखि ठूला राष्ट्रिय मर्चवार, नारायणीजस्ता पम्प सिंचाइ योजनाको बारेमा पनि वर्णन गरिएको छ । यसमा सरकारी विभागको व्यवस्थापनदेखि उपभोक्ताबाट आफैं व्यवस्थापन गरेका विकल्प पर्दछन् । यसमा इन्जिनियरिङ्ग किताबमा विरलै पाइने कुरा : पानीसम्बन्धी नीति, कानूनी पक्ष र पानीमाथिको अधिकारको पनि छलफल छ । यसमा बेलायतीहरूले बनाएको दक्षिण एशियाका सिंचाइ योजनाबारे ऐतिहासिक उदाहरणहरूमा शारदा ब्यारेजदेखि लिएर विवादमा परेका पंचेश्वर र टनकपुर योजनाहरूबारे रोचक र विस्तृत जानकारी पाइन्छन् ।

अध्याय १० "Principle of Momentum Transfer" ले पानीबाट शक्ति निकाल्ने विषयको सैद्धान्तिक पक्ष समेट्छ । मोमेन्टम इक्वेसनको प्रयोगबाट टर्वाइनको डिजाइन र पेनस्टक पाइपमा पर्ने फोर्सबारे व्याख्या गरिएको छ । अध्याय ११ "Hydropower Development and Water Issues" ले नेपालमा जलशक्तिको ऐतिहासिक पृष्ठभूमि दिने सन्दर्भमा परम्परागत घट्ट, फर्पिङको पहिलो जलविद्युत योजनादेखि आएर आधुनिककालमा त्रिशुली, पुवा खोला, कालिगण्डकी 'ए' आदिसम्मका वास्तविक जीवन्त उदाहरण दिएको छ । नेपालका अक्कलमान नकर्मीको लघु जलविद्युत क्षेत्रमा योगदानबारे पनि विवरण दिइएको छ । ठूला जलविद्युत योजना बनाउँदाका चुनौती प्रस्तुत गर्ने क्रममा कुलेखानी योजनाको इन्द्रसरोवर जलाशय अप्रत्याशित तवरले थेग्रोले भरिएको उदाहरण दिइएको छ । साथै कर्णाली चिसापानीको उदाहरण दिएर ठूला योजनाहरूका सामाजिक र वातावरणीय जटिलताको पक्षलाई उजागर गरिएको छ ।

सारांशमा यो किताब दक्षिण एशियाको इन्जिनियरिङ्ग पाठ्यक्रममा पाइने अन्य किताबभन्दा बेग्लै छ । यो किताब नेपालको जलस्रोतको विकासमा ऐतिहासिक, सामाजिक, आर्थिक पक्षमा चाख राख्ने गैर-इन्जिनियरिङ्ग विद्यार्थीलाई पनि सन्दर्भ-ग्रन्थको रूपमा उत्तिकै काम लाग्छ ।

❑ विकास पाण्डे

■ कविता

राजकुमार के.सी.



# मेरो क्रमवेल मरेको छैन

क्रमवेल आउँदैछ
ऊ मरेको छैन
म पर्खिरहेछु
दिनहुँ दोबाटोतिर हेर्दै
मेरो क्रमवेललाई खोजिरहेछु
जतिबेला, घोडा चढेर
ऊ मलाई भेट्न आउँथ्यो
सात समुद्रपारिबाट
विजयका केही पुलिन्दाहरु बोकेर
म नजिक झण्डा हल्लाउँदै आउँथ्यो
म हेरिरहन्थें,
हातमा फहराइरहेको झण्डा
अनि निरंकुश शासकका काटिएका टाउकाहरुबाट
तप्तप् चुहिरहेको आलो रगत
म हेरिरहन्थें
घोडाको टापबाट आइरहेको आवाज
र घोडाको टापले उडाएको धूलो
त्यतिबेला, म त्यो क्रमवेलको
सपना देख्थें- कस्तो होला क्रमवेल कल्पना गर्थें
र हुर्काउँथें मनको एक कुनामा मेरो क्रमवेललाई,
धेरै दिनपछि अहिले म मेरो माटोमा
क्रमवेल देखिरहेछु
जसले विजयको खबर लिएर आओस्
र क्रूर शासकहरुका टाउका गिंडोस्,
र भकुण्डो खेलोस्
अनि सडकमा टुक्राटुक्रा पारोस्
क्रूर शासकका लाशहरुलाई ।
म चाहन्छु,
ऊ चाँडै विजयको खबर लिएर आओस्
विनासम्झौता विजयको झण्डा हल्लाउँदै आओस् ।
म अहिले पनि सुनिरहेछु
घोडाको टापबाट आएको आवाज
टाढा समुद्रमा उठिरहेका असंख्य छालहरु ।
खै यतिखेर कहाँ पुग्यो होला मेरो क्रमवेल ?
झिमरुक नदीको किनारमा,
अहिले झमक्क साँझ परिसक्यो होला
बाँसका झ्यांगमा झ्यापीचराहरु कराउँदै होलान्,
सिमसिम पानीमा मेरो क्रमवेल
अहिले शायद डाँडागाउँ पुग्यो होला
म पर्खिरहेछु,
मेरो क्रमवेल छिट्टै आउनेछ
हातमा क्रूर शासकका टाउकाहरु
लिएर आउनेछ ।
मेरो क्रमवेल मरेको छैन
म पर्खिरहेछु
ऊ हातमा विजयको झण्डा हल्लाउँदै
बडो बेगसँग आउनेछ
वर्षौंदेखि हराएको खुशी लिएर
मेरो क्रमवेल
अब छिट्टै आउनेछ । ❑

*लण्डन, २००१ जून ७*



*बेलायती क्रान्तिका नायक ओलिभर क्रमवेल*

■ उल्लेख्य



**अब उक्लो चढिदैन**
विधा : कथा
लेखक : विवश वस्ती
प्रकाशक : परिवेश प्रकाशन प्रा.लि., काठमाण्डौ
पृष्ठ : ८०
मूल्य : रु. ४०/-

**बस्तीको कुनाबाट**
विधा : कविता
लेखक : इन्द्रसुर बेल्टारे
प्रकाशक : इन्द्रबहादुर राई
पृष्ठ : ३४+४
मूल्य : रु. २५/-






**कवितारामका अस्वीकृत मान्यताहरू**
विधा : अन्तर्वार्ता
सम्पादक : चेतनाथ धमला
प्रकाशक : कौशिकी साहित्य प्रतिष्ठान, काठमाण्डौ
पृष्ठ : १०८+४
मूल्य : रु. १००/-

**त्रिशुल र दोर्जे**
*नेपाली राजनीतिमा सामाजिक परिवेश*
विधा : समाज विज्ञान
लेखक : हर्क गुरुङ्ग
प्रकाशक : सोसल साइन्स बहा:, ललितपुर
पृष्ठ : २८+४
मूल्य : ..







**संस्कृति**
विधा : कविता विशेषांक
सम्पादक : वि.अधिकारी
प्रकाशक : राष्ट्रिय जनसांस्कृतिक मंच, नेपाल
पृष्ठ : १३२
मूल्य : रु. ३०/-

**आफ्नो परिचय आफैं**
विधा : निबन्ध
प्रकाशक : श्रीमती जनक चालिसे, ललितपुर
पृष्ठ : २०+४
मूल्य : रु. ६/-







# श्रद्धाञ्जली झलकमानदाइलाई

९८ वर्षको आयु लिएर हिंड्दाहिंड्दै, सारंगी बजाउँदै, दुःख-व्यथाका गीतहरू गाउँदै, मायाप्रीतिका भावनाहरू पोख्दै, गाउँघरका सवाईहरू कहँदा-कहँदै मुटु र मृगौलाको रोगबाट ग्रस्त झलकमानदाइ २०६०, मंसिर ६ गते शनिवार साँझ ८ बजे काठमाण्डौ मोडल हस्पिटलमा बित्नुभयो ।

पोखराको बाटुलेचौरबाट काठमाण्डौ झर्नु भएका झकलमानदाइ २०२२ सालमा रेडियो नेपालमा गीत रेकर्ड गर्नुभएपछि सर्वाधिक चर्चामा रहनुभयो । झलकमानदाइलाई बाटोमा भेट्दा टाढैबाट उहाँलाई हामी 'हे बरै...' भन्दै नमस्कार गर्दथ्यौं । 'हे बरै, आमाले सोधलिन् नि, खोइ छोरा भन्लिन' भन्ने गीत रेडियोबाट सुन्दा घरका सबै परिवारहरूले 'कस्तो राम्रो गीत गाएको, आँखाबाट आँसु नै आउने' भन्दै कुरा गरेको नेपाली गाउँवस्तीमा सुनिन पाइन्थ्यो । नेपालीहरू अरू देशको माटोमा मर्दैछन्, लड्दैछन्, घरका जहान बच्चालाई छाडेर, टुहुरो पार्दैछन् भन्दै बुद्धिजीवीहरू, विद्यार्थीहरू र शिक्षकहरू कुरा गर्थे, भाषण गर्थे । त्यहीबेला यो गीतमा भएको 'छोराले सोध्लान् नि खोइ बाबा भन्लान्, टोपी झिक भन्दिए' भन्ने शब्दहरू सुन्दा संवेदनशील नहुने कोही मानिस हुन्नथे ।

यसरी यस गीतले श्रोताहरूको दिल छुँदै असंख्य नेपालीहरूबीच पुग्न थालेपछि २०२८ सालतिर राल्फाली गायकदाइहरू मंजुल र रामेशले पूर्वको भोजपुर, तेह्रथुमतिर आफ्ना प्रगतिशील गीतहरूको प्रस्तुतिमा झलकमानदाइले गाउनुभएको यही गीतलाई परिमार्जित गरेर अत्यन्त भावविभोर ढंगले यसरी गाउने गर्नु हुन्थ्यो :

*'७ नम्बरको टप्परमा, गोली वर्षन्छ खप्परमा*
*मरें भने मरिहालें, बाँचे पठाउँला तस्वीरै खिचेर'*

*'हे बरै....' भन्दै झलकमान दाइले सारंगी रेट्दै गाउने* यो गीतलाई गिटार बजाउँदै मंजुल र रामेशदाइहरूले यो गीतको मर्मलाई भित्रैसम्म छोएर श्रोतामाझ प्रस्तुत गर्दा यो गीत देशैभरि आमजनताको गीत हुनथालेको थियो । तर अर्काका निम्ति लड्ने नेपालीहरूको व्यथा संगेटिएको यस गीतको समायोजन र संकलनमा आखिरमा झलकमानदाइकै परिश्रम परेको थियो ।

यही गीत वस्ती वस्तीमा, गाउँ-गाउँमा गाउँदै हिंड्दा कतिपयले ठाउँ-ठाउँमा पंचायती प्रशासनको कारबाहीसमेत भोग्नुपरेको थियो । २०४० सालमा कीर्तिपुर क्याम्पसको अडिटोरियममा मैले सारंगी रेट्दै 'हे बरै...' गीत गाउँदा गिटार बजाएर गीत गाउने साथीहरू तीनछक्क परेका थिए । त्यसबेला विद्यार्थी श्रोताहरूले त्यो गीतलाई 'वन्स मोर' भनेर ताली पिटेको मलाई अहिले पनि सम्झना छ । त्यो बेला पनि फोकल्याण्डमा अर्को देशकै स्वार्थका लागि नेपालीहरू लडिरहेको बेला थियो ।

प्रजातन्त्रको पुनर्स्थापनापछि २०४७ सालतिर 'हे बरै..' गीत सांस्कृतिक कार्यक्रममा घन्किन छोड्यो । त्यसको कारण झलकमानदाइ हुनुहुन्थेन । बहुदलीय प्रजातन्त्रमा प्राप्त वाक् स्वतन्त्रतामा नयाँ विचार, न्याय, समानता, अन्याय अत्याचारको विरूद्धमा ठाडो नारावादी गीतहरू घन्किन थालेको हुनाले यस्तो भएको थियो । त्यसबेला झलकमानदाइलाई भेटेर सोध्दा "रेडियो नेपालको जागिरे जीवन बिहान-बेलुकीको दाल-भातको व्यवस्थामा आघात पुर्‍याइदेला, त्यसैले मनभित्रको वेदना, छटपटी, व्यथा, विद्रोह गाउन मन लाग्दालाग्दै पनि विवश र बाध्य छु" भन्नुहुन्थ्यो । तर पनि *'कोही त भने जहाजमा हरर, कोही त भने पसिना तरर हाम्रो नेपालमा'* गाएर सुनाउनुहुन्थ्यो उहाँ । मंजुलदाइसँग झलकमानदाइको घनिष्ठ सम्बन्ध रहेको कारणले पनि होला, झलकमान दाइ प्रगतिशील कलाकार समूहसँग अत्यन्त मेलमिलाप राख्नुहुन्थ्यो ।

सबैखाले श्रोताहरूलाई मनपर्ने उहाँका गीतहरूमध्ये एउटा हो :

*'उकाली ओराली धाई धाई*
*केको माया लाउने हो, कर लाई लाई'*
*'सात घुम्तीतिर लेट भयो*
*कहाँकी सुखी म दुःखीसँग यही ठाउँमा भेट भयो'*

यी गीतहरूमा झलकमानदाइले आफ्नो युवा उमेरको स्वर दिनुभएको छ । शासकहरूको स्तुति र राजा-रजौटाहरूको गुलामी गरिएका गीतहरू भने झलकमानदाइको तर्फबाट प्रचारमा आएको कहिल्यै पाइएन । जुनबेला 'पञ्चै हो यो देश बनाइदेऊ' भन्ने गीत रेडियो नेपालबाट बजिरहेको थियो, त्यो बेला झलकमानदाइको स्वाभिमान 'हे बरै..' गीतमार्फत् नै अभिव्यक्त भइरहेको थियो । प्रत्येक गीत गाउँदा झलकमानदाइ सारंगी रेट्दै गाउनुहुन्थ्यो । गाइनेजस्तो अपहेलित शब्दलाई झलकमानदाइले गौरवशाली बनाउन भरमग्दुर प्रयत्न गर्नुभयो । गाइनेको सारंगीलाई गौरवशाली बाजा बनाउन उहाँले जीवनको अन्तिमकालसम्म पनि आफ्ना हरेक गीतमा सारंगी रेटिरहनुभयो ।

२०६० साल मंसिर ७ गते आइतबार झलकमान दाइको शवयात्रामा 'वरिष्ठ *लोकगायक झलकमान - अमर रहून्'* भन्दै शवयात्रामा श्रद्धालु सहभागीहरूले नारा लगाए । उहाँलाई पशुपति आर्यघाट पुर्‍याउँदा बाटोभरि पनि नेपाली श्रोताहरूको उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली देखियो । उहाँको पार्थिव शरीर र सारंगी बजाउँदै गाउने स्वरहरू र हातहरू अब हामीबीच नभए पनि उहाँका मन छुने गीतहरू अझै अमर र अजर छन् र रहनेछन् ।

जीवन र मृत्यु त हरेक प्राणीको शाश्वत नियम हो, यसलाई रोक्न कसैले सक्दैन । कोही छिटो कोही ढिलोमात्र हो । जीवनभर सारंगी रेट्दै लोकगीत गायनमा समर्पित भएर लाग्नुहुने झलकमानदाइलाई नेपाली लोकगीत गायनमा पुर्‍याउनुभएको योगदानबापत उच्च सम्मान गर्दै हार्दिक श्रद्धाञ्जली !

❑

- माधव प्रधान -






# डेनमार्कको सम्वैधानिक राजसंस्था

श्याम श्रेष्ठ



डेनमार्क त्यो मुलुक हो, जहाँ यूरोपको सबैभन्दा पुरानो राजसंस्था छ । भाइकिङ् किङ् बुङ् प्रथमले सन् १०१८-३५ मा बेलायत र डेनमार्कलाई एकताबद्ध गर्नु धेरैअघि नै डेनमार्क अधिराज्य अस्तित्वमा थियो । शुरूमा डेनमार्कका राजाहरू निर्वाचित हुन्थे । तर सन् १६६५ को संविधानले त्यहाँ निरंकुश राजसंस्था स्थापना गर्‍यो । उदीयमान पूँजीपति वर्गको निरंकुश सामन्ती सत्ताविरूद्धको संघर्षबाट सर्वप्रथम सन् १८४८ मा राजा फ्रेडरिक सातौंको पालामा त्यहाँ सम्वैधानिक राजसंस्था स्थापित भएको थियो । तर त्यो धेरै समय टिकेन । सन् १८६४ मा प्रसियासित भएको बहुचर्चित लडाइँ- दोस्रो सेल्सवीग होल्स्टीन युद्धमा डेनमार्क नराम्रोसित हारेपछि र थुप्रै भू-भाग गुमाएपछि डेनमार्कका राजा क्रिश्चियन नवौं पुनः निरंकुश राजतन्त्रतिरै फर्किए । त्यसपछि उदारवादी लोकतन्त्रको सोच राख्ने पूँजीपति वर्गको प्रतिरोध र संघर्षबाट त्यहाँको राजनीतिक प्रणाली पुनः बदलियो र सन् १९०१ मा त्यहाँ बेलायतको जस्तै संसदीय लोकतन्त्र र सम्वैधानिक राजसंस्था स्थापना गरियो । त्यहाँदेखि यता डेनमार्कमा लगातार सम्वैधानिक राजसंस्था अस्तित्वमा छ, जुन नाजी जर्मनीले सन् १९४०-४५ सम्म डेनमार्कलाई कब्जा गरेर आफूमा मिलाउँदासमेत पूर्णतः नष्ट भएन ।

राष्ट्रको रूपमा डेनमार्क पन्ध्रौं शताब्दीसम्म संयुक्त स्कोण्डिनेभियन अधिराज्यको एउटा भाग थियो । सन् १८१४ सम्म यो नर्वेसित एउटै राज्यका रूपमा थियो । मे १७, १८१४ मा नर्वेका जनताले डेनमार्कबाट स्वतन्त्र भएको घोषणा गरे । त्यसपछि डेनमार्कले आफूलाई एउटा स्वतन्त्र तटस्थ राष्ट्रका रूपमा उभ्याउने प्रयत्न गर्‍यो र सन् १९१४ देखि प्रारम्भ भएको पहिलो विश्वयुद्धमा समेत यो तटस्थ बस्यो । दोश्रो विश्वयुद्धमा पनि यसले तटस्थ बस्ने प्रयत्न गर्‍यो र यस परिप्रेक्ष्यमा एडोल्फ हिटलरसित एउटा सम्झौता पनि गर्‍यो । तर सम्झौताको विपरीत, १९४० मा नाजी जर्मनीले आक्रमण गरेर यसमाथि कब्जा गर्‍यो । बल्ल सन् १९४५ मा गएर विश्वयुद्धको अन्त्यतिर बेलायतीहरूले डेनमार्कलाई नाजी जर्मनीबाट मुक्त गरेका हुन् । त्यस उप्रान्त यो तटस्थ बनेन, सन् १९४९ मा NATO मा यो सरीक भयो । अहिले डेनमार्कमा जुन संविधान छ, त्यो त्यसपछि ५ जुन १९५३ मा संसदद्वारा अनुमोदित संविधान हो । यही संविधानले डेनमार्कको राजसंस्थालाई आधुनिक, संसदीय लोकतन्त्रमा आधारित सम्वैधानिक राजसंस्थाका रूपमा संस्थागत गरेको छ ।

## डेनिश सम्वैधानिक राजसंस्थाका विशेषताहरू

डेनिश राजसंस्था पनि बेलायती सम्वैधानिक राजसंस्थाजस्तै संविधानतः औपचारिक अधिकारहरू मनग्ये भएको, तर व्यवहारतः तिनीहरूको व्यक्तिगत प्रयोग नगर्ने, संसदप्रति उत्तरदायी मन्त्रिपरिषद्द्वारा मात्र प्रयोग गर्ने चरित्रको सम्वैधानिक राजसंस्था हो । फरक के छ भने, बेलायतमा लिखित संविधान छैन, परम्परा र ऐनहरूले राजसंस्थाको हकलाई सीमित र औपचारिक बनाएका छन्; डेनमार्कमा चाहिँ लिखित संविधान छ र त्यसको धारा १२ ले किटानसाथ भन्छ- "सम्वैधानिक कानूनको सीमाभित्र रहने गरी अधिराज्यको सबै मामिलामा राजाको सर्वोच्च अधिकार रहने छ र उनले त्यस्तो सर्वोच्च अधिकार मन्त्रीहरूमार्फत् अभ्यास गर्नेछन् ।" डेनमार्कमा सर्वोच्च कार्यकारी अधिकार औपचारिक रूपमा राजामा निहित छ त भनिएको छ, तर व्यक्तिगत तवरले राजा तिनीहरूलाई प्रयोग नै गर्न सक्दैनन्, तिनीहरूको प्रयोग ती मन्त्रीहरूमार्फत् गर्नुपर्ने अनिवार्य गराइएको छ, जो निर्वाचित संसदप्रति उत्तरदायी छन् ।

डेनमार्कमा निर्वाचित संसदको राजामाथिको सर्वोच्चताको व्यवस्था कसरी कायम गरिएको छ भने- त्यहाँ राजाले हस्ताक्षर गर्दैमा कुनै विधेयक स्वतः ऐन बनिहाल्दैन, राजाको हस्ताक्षरका साथसाथै त्यसमा एक वा बढी मन्त्रीहरूको प्रतिहस्ताक्षर हुनैपर्छ, र मात्र त्यो वैध बन्दछ । अन्यथा, त्यो व्यवहारमा लागू नै हुँदैन । खालि ऐनमात्र होइन, सरकारसम्बन्धी कुनै पनि प्रस्तावमा पनि राजाको हस्ताक्षरको साथसाथ संसदप्रति उत्तरदायी मन्त्री वा मन्त्रीहरूको प्रतिहस्ताक्षर अनिवार्य गराइएको छ । संविधानको धारा १४ मा त्यो कुरा स्पष्टतः व्यवस्थित गरिएको छ । त्यसमा भनिएको छ- "कानून र सरकारसम्बन्धी प्रस्तावहरू तब मान्य हुनेछन्, जब हस्ताक्षरको साथसाथ एक वा बढी मन्त्रीहरूको त्यसमा प्रतिहस्ताक्षर हुनेछ । प्रस्तावको निम्ति तिनै मन्त्री उत्तरदायी हुनेछन्,

**'साइकल चढ्ने राजा' भनेर चिनिने राजतन्त्रको परिचय**



डेनमार्कको संसद फोकेटिंग

जसले त्यसमा हस्ताक्षर गरेका छन् ।"

यतिमात्र होइन, डेनमार्कमा संविधानको धारा ८ मार्फत् नयाँ राजाले सिंहासनारूढ हुनुअघि मन्त्रिपरिषद्समक्ष 'इमान्दारीपूर्वक सम्वैधानिक कानून पालन गर्छु' भनेर लिखित घोषणा गर्नुपर्ने अनिवार्य व्यवस्था गरिएको छ । त्यस्तो घोषणामा हस्ताक्षर नगरेसम्म कुनै पनि वैध राजगद्दी उत्तराधिकारीले समेत राजाका रूपमा मान्यता नै पाउँदैनन् । फलस्वरूप सिंहासनमा बस्नै पाउँदैनन् । सिंहासन खाली भएको छ, तर माथि भनिएको घोषणामा नयाँ राजाको हस्ताक्षर भइसकेको छैन भने त्यसबीचको अवधिमा राजाले गर्नुपर्ने सरकारसम्बन्धी कार्य मन्त्रिपरिषद्ले नै सम्पन्न गर्ने त्यहाँको सम्वैधानिक व्यवस्था छ । यो पनि राजालाई संविधान र संसदको मातहतमा राख्न डेनमार्कका जनताले सुझाएको सुन्दर उपाय हो ।

डेनमार्कमा यस्तो पनि सम्वैधानिक व्यवस्था छ कि- सिंहासन रिक्त भयो, तर राजगद्दी उत्तराधिकारी चाहिं छैनन् भने संसदले नै नयाँ राजाको चुनाव गर्दछ र त्यसपछिको राजगद्दी उत्तराधिकारीको क्रमसमेत निर्धारित गर्दछ । (हेर्नुहोस् धारा ९)। माथि नै भनियो, डेनमार्क पहिले संयुक्त स्केण्डिनेभियन अधिराज्यको एउटा भाग थियो । नयाँ संविधानको धारा ५ ले कस्तो व्यवस्था गरेको छ भने अब उप्रान्त 'संसदको स्वीकृतिविना राजाले अन्य देशमा शासन गर्ने छैनन् ।'

डेनमार्कमा अहिले जुन राजगद्दी उत्तराधिकारीसम्बन्धी ऐन छ, त्यो त्यहाँको संसदद्वारा २७ मार्च १९५३ मा अनुमोदन गरिएको र संविधान लागु भएकै दिनदेखि कार्यान्वयनमा आएको ऐन हो । त्यसभन्दा यता त्यो ऐनमा कुनै संशोधन गरिएको छैन । यसप्रकार, डेनमार्कमा राजगद्दी उत्तराधिकारीसम्बन्धी ऐन पनि नेपालमा जस्तो राजाको स्वविवेकमा आफैं नबनाएर जनताले चुनेका प्रतिनिधिले संसदमा बनाउने व्यवस्था गरिएको छ ।

डेनमार्कमा सेना परिचालनसम्बन्धी व्यवस्थामा पनि राजामाथि संसदको सर्वोच्चता कायम गरिएको छ । संविधानको धारा १९ मुताविक डेनमार्कमाथि बाह्य आक्रमण भएको अवस्थामा बाहेक कुनै अर्को राज्यमाथि सैन्यबल प्रयोग गर्न संसदको स्वीकृति अनिवार्य गरिएको छ । यो व्यवस्थामुताविक सेनासम्बन्धी जे-जस्तो कदम उठाइने हो, त्यसको सूचना राजाले तुरुन्तै संसद समक्ष प्रस्तुत गर्नुपर्ने गरिएको छ । यदि ससदको अधिवेशन बस्दै छैन भने तुरुन्तै अधिवेशन डाकिनु पर्ने गरिएको छ ।

डेनमार्कमा पनि नेपालमा जस्तै प्र.मं.को नियुक्ति राजाबाटै हुन्छ । तर त्यहाँको भिन्नता के छ भने त्यहाँ त्यहाँको एक सदनात्मक संसद- फोकेटिंगका प्रत्येक राजनीतिक दलहरूसित सर-सल्लाह गरिसकेपछि राजाले उनीहरूको रायको मूल्यांकन गरेर सर्वप्रथम

## त्यहाँ राजा सिंहासनारूढ हुन्छन्, तर राज्य चलाउँदैनन्, राजासितै त्यहाँ औपचारिक कार्यकारी अधिकार छ, तर तिनलाई आफू प्रयोग गर्दैनन्

एकजना पार्टी नेतालाई बहुमतको सरकार गठन गर्ने प्रयत्न गर्ने अधिकार प्रदान गर्छन् । यदि यो असंभव भयो भने पहिले प्रदत्त अधिकार सच्च्याइन्छ, र अल्पमतको वा एउटा पार्टीको सरकार पनि अन्ततः स्वीकार गरिन्छ । अचम्म के छ भने डेनमार्कमा सन् १९०६ यता कुनै एउटा पार्टीले पनि स्पष्ट बहुमत ल्याएको छैन । मन्त्रिपरिषद् ज्यादाजसो दुई वा त्योभन्दा बढी पार्टीहरू मिलेर बनिरहेको छ । धेरैजसो अल्पमतका सरकारले खासखास नीति र सवालहरूमा अरू पार्टीको समर्थन जुटाउने प्रबन्ध गरेर आफ्नो शासन सम्भव पारिरहेछन् । मन्त्रिपरिषद् लगभग २० जना जति मन्त्रीहरूको हुन्छ र त्यसको नेतृत्व प्र.मं.ले गर्छन्, जसलाई त्यहाँ 'स्टेट्सर्मिनिस्टर' भनिन्छ । मन्त्रिपरिषद् त्यहाँको संसद-फोकेटिंगप्रति उत्तरदायी हुन्छ ।

डेनमार्कमा मन्त्रिपरिषद्माथि संसदको सर्वोच्चता कसरी कायम गरिएको छ भने त्यहाँको संविधानको धारा १५ ले 'फोकेटिंगले कुनै मन्त्रीमाथि अविश्वास व्यक्त गरेको छ भने उनी पदमा बहाल रहने छैनन्' भन्ने एउटा चलाखीपूर्ण नकारात्मक प्रावधानको व्यवस्था गरेको छ । यो प्रावधानअनुसार एकातिर संसदको विश्वास नरहेको व्यक्ति देशको शासन चलाउनयोग्य रहँदैनन् भन्ने सिद्धान्त स्थापित गरिएको छ, अर्कोतिर डेनमार्कमा जबसम्म संसदले कुनै प्रधानमन्त्री वा मन्त्रीमाथि अविश्वासको प्रस्ताव पारित गर्दैन, उनी अल्पमतकै प्रधानमन्त्री वा मन्त्री भएपनि विनाचुनौति मजाले शासन चलाइरहन सक्ने बनाइएको छ । त्यहाँ अल्पमतको मन्त्रिपरिषद्ले नेपालमा जस्तो संसदमा विश्वासको मत प्राप्त गर्नैपर्ने व्यवस्था गरिएको छैन । प्रधानमन्त्रीमाथि संसदले अविश्वासको प्रस्ताव पारित गरेपछि भने या त उनले आफ्नो बर्खास्तीका लागि अनुरोध गर्नुपर्छ, या ताजा आम चुनावका लागि आदेश जारी गर्नुपर्छ ।

डेनमार्कमा राजा र सरकारमाथि संसदको सर्वोच्चता अर्को ढंगले पनि कायम गरिएको छ । त्यहाँ संसदको अधिवेशन नेपालमा जस्तो सरकारको सिफारिशमा राजाले बोलाउने व्यवस्था गरिएको छैन । संविधानको धारा ३६ अनुसार त्यहाँको नियमित संसद अधिवेशन स्वायत्त रूपमा आफैं बस्छ र त्यो हरेक वर्ष अक्टोबरको पहिलो मंगलवार १२ बजे बस्छ । साथै, हरेक आम चुनावपछि तोकिएको दिनमा स्वतः संसद अधिवेशन बस्ने व्यवस्थासमेत संविधानको धारा ३५ मा गरिएको छ ।

सरकारको प्रस्तावमा संसदले कुनै विधेयक पारित गऱ्यो र राजाको लालमोहर पनि लाग्यो, तथापि संसदका एक तिहाई सदस्यहरूले त्यसमाथि समेत जनमत संग्रह हुनुपर्छ भनेर माग गरे भने प्र.मं.ले त्यसमा जनमत संग्रहको घोषणा गर्नुपर्ने व्यवस्था त्यहाँको संविधानमा गरिएको छ । (हेर्नुहोस्, धारा ४२, उपधारा ७)

यदि जनमत संग्रहले त्यो ऐनलाई अस्वीकार गऱ्यो भने जनमत संग्रह घोषणा भएको दुई हप्ताभित्र प्रधानमन्त्रीले त्यसको सार्वजनिक घोषणा गर्नुपर्छ र घोषणा गरेको दिनदेखि त्यो ऐन रद्द हुन्छ ।

यतिमात्र होइन, जनमत संग्रह हुन नसक्ने विधेयकहरू भनेर तोकिएको विषयमा बाहेक कुनै पनि विधेयक संसदबाट पारित भइसकेपछि संसदका एक तिहाई सदस्यहरूले त्यसको तीन दिनभित्र त्यसमाथि जनमत संग्रह हुनुपर्छ भनेर संसदका सभापतिसमक्ष माग गर्छन् भने र संसदले त्यो विधेयकलाई पारित गरेको ५ दिनभित्र फिर्ता गर्दैन भने प्रधानमन्त्रीले त्यस्ता हरेक विधेयकमाथि जनमत संग्रहको आयोजना गर्नैपर्ने बाध्यकारी व्यवस्था डेनमार्कको संविधानले गरेको छ । (हेर्नुहोस्, संविधानको धारा ४२)

डेनमार्कको संविधानको जनमत संग्रहसम्बन्धी यो व्यवस्थाले सरकार र राजाको अधिकारलाई निकै सीमित तुल्याएको छ तथा संसद र जनतालाई सर्वोच्च र सार्वभौम बनाएको छ । डेनमार्कमा संसदको स्वीकृतिबेगर सरकारले



मार्गरेट द्वितिया

एक पैसा पनि कर उठाउन र बदल्न पाउँदैन, सरकारी ढुकुटीबाट एक कौडी पनि खर्च विनियोजन गर्न पाउँदैन । सरकारले जे-जस्तो खर्च गरेको छ, त्यसको लेखा परीक्षण गर्ने व्यक्ति वा व्यक्तिहरू पनि त्यहाँ संसदबाटै नियुक्त हुन्छ र लेखा परीक्षणको रिपोर्ट पनि संसदसमक्ष नै पेश गरिनुपर्ने सम्वैधानिक प्रावधान छ । (हेर्नुहोस्, धारा ४३, ४५, ४६ र ४७)

नौलो चाखलाग्दो कुरा के हो भने, राज्यको निजामती प्रशासन र सैनिक प्रशासनमाथि नियन्त्रण कायम गर्ने एक वा दुई व्यक्तिहरूसमेत डनेमार्कमा संसदबाटै नियुक्त हुन्छन् । (हेर्नुहोस्, धारा ५५)

डेनमार्कमा संविधान संशोधनको व्यवस्था पनि अत्यन्त उल्लेखनीय छ । त्यहाँ संविधान संशोधन हुन संशोधनको प्रस्तावलाई यहाँजस्तो संसदले एकचोटि पारित गरेर पुग्दैन, नयाँ चुनिएको संसदले पनि विनाहेरफेर त्यही प्रस्तावलाई फेरि एकचोटि पारित गर्नुपर्दछ । त्यसपछि त्यसलाई जनमत संग्रहमा लगिन्छ । जनमत संग्रहमा 'हुन्छ' भन्नेको बहुमत भएरमात्र पुग्दैन । मत हाल्न पाउनेहरूको कम्तीमा ४० प्रतिशत मत पनि खसेकै हुनुपर्दछ । यसरी पारित संविधान संशोधनको प्रस्तावमा राजाको स्वीकृतिको मोहर लागेपछि त्यो संविधानको अभिन्न अंग बन्दछ ।

यस प्रकार डेनमार्कमा जनताको र संसदको सर्वोच्चताको व्यवस्था गरिएको छ । त्यहाँ राजा सिंहासनारूढ हुन्छन्, तर राज्य चलाउँदैनन्, राजासितै त्यहाँ औपचारिक कार्यकारी अधिकार छ, तर तिनलाई आफू प्रयोग गर्दैनन् । (मन्त्रीहरूमार्फत् मात्र प्रयोग गर्छन्) राजा त्यहाँ नियमित मन्त्रिपरिषद्को बैठकको अध्यक्षतासमेत गर्छन्, तर कार्यकारी कामहरू सबै संसदप्रति उत्तरदायी मन्त्रिपरिषद्ले गर्छ ।

डेनमार्कमा छोरा र छोरी दुवै सिंहासनारूढ हुन पाउँछन् । सन् १९७२ देखि महारानी मार्गरेट द्वितीयाको राज छ । डेनमार्कको राजसंस्थाको अर्को विशेषता के देखिन्छ भने त्यहाँ राजसंस्था ठूलो शान-सौकतका साथ सडकमा सवारी चलाउँदैन । 'साइकल चढ्ने राजा'को रूपमा त्यहाँको राजसंस्था चिनिन्छ र सम्मानित छ । ❑


सन्दर्भ सूची

1. Denmark- Constitution. Adopted on 5. June 1953.
2. *Denmark - Succession to the throne Act Adopted on 27th March 1953.*
3. *Denmark- World Encyclopedia of Political Systems and Parties, Vol. 2, 3rd edition, Facts on file Inc. USA. 1999, Page 283-299.*
4. *Denmark - Encyclopedia of World Political Systems, Vol. 2, Sharpe Referance, Italy 2000, Page 651-654.*




सफदर हाशमीको स्मृति

# कला र विचारको हत्याविरुद्ध

अचेल देश-विदेशमा विचार र अभिव्यक्तिको हत्या गर्ने प्रयास चौतर्फी रूपमा भइरहेको छ । सुन्दर विचारका हत्याराहरू र कलात्मक अभिव्यक्तिका शत्रुहरूको बिगबिगी सर्वत्र बढ्दै गइरहेको छ । बल र छलको वर्तमान साम्राज्यमा यस्ता अँध्यारा पक्षहरूका विरूद्ध संघर्षरत विचार र अभिव्यक्तिका एक प्रतीक हुन्- भारतका जनवादी कलाकार सफदर हाशमी ।

१४ वर्षअगाडि प्रसिद्ध वामपन्थी रंगकर्मीका रूपमा परिचित सफदर हाशमी र उहाँका नेपाली साथी तथा मजदूर नेता रामबहादुरलाई दिनदहाडै हत्या गरिएको थियो । शासक वर्गको प्रतिनिधित्व गर्ने कांग्रेस पार्टीका हत्याराहरूले सोचेका थिए- सफदर हाशमी र रामबहादुरको निर्मम हत्यापछि रंगकर्ममार्फत् व्यक्त कला र कलामार्फत अभिव्यक्त वाम विचारको भयावह खतराको अन्त्य हुनेछ ।


कला र विचारप्रति वैरभाव राख्ने राजनीतिका संचालकहरूका लागि सफदर हाशमीद्वारा जनतालाई सचेत पार्नका लागि प्रदर्शन गरिएको 'हल्ला बोल' नामक सडक नाटक अत्यन्त आपत्तिजनक लागेको थियो, सबैजसो जनविरोधी राजनीतिकर्मी शासकहरूलाई जस्तै ।

१ जनवरी, १९८९ मा भइरहेको गाजियाबाद नगरपालिकाको निर्वाचनमा वामपन्थी उम्मेद्वार रामानन्द झाको पक्षमा साहिबाबादस्थित झण्डापुरको मजदूर वस्तीमा राजनीतिक सचेतताका लागि कला र विचार प्रयोग गरिएको थियो । तर त्यसकाविरूद्ध कांग्रेससमर्थित 'स्वतन्त्र' उम्मेद्वार मुकेश शर्मा र उनका लठैतहरूद्वारा आक्रमण गरी अन्धाधुन्ध रूपमा लाठी र गोली प्रयोग गरिएको थियो । आक्रमणमा परी रामबहादुरको तत्कालै मृत्यु भएको थियो भने नराम्ररी घाइते भएका ३६ वर्षीय सफदर हाशमीको ब्रेन ह्यामरेजका कारणले भोलिपल्ट दुखद् मृत्यु भएको थियो । भाकपा मार्क्सवादीसँग नजिकको जन नाट्य मञ्चका संस्थापक कवि, नाटककार र निर्देशक सफदर हाशमीको निर्मम हत्या भएपछि भारतलगायत विश्वमै कडा प्रतिक्रिया व्यक्त भएको थियो ।

नाजुक समयमा तथाकथित शासकीय पार्टीहरू र तिनका आलाकाँचा नेताहरू कला र विचारदेखि कति भयभीत हुन्छन् र तिनीहरूको प्रतिक्रिया कति हिंस्रक र अमानवीय हुन्छ भन्ने कुराको एउटा ठोस उदाहरण हो- सफदर हाशमीको नृशंस हत्या ।

यस्ता हत्याकाण्डदेखि लिएर लेखक, कलाकार र पत्रकारहरूमाथिका अरूखाले दमनात्मक व्यवहारहरूमा अचाक्ली नै वृद्धि भइरहेको छ । तर यस भयावह स्थितिप्रति सत्ताको राजनीति गरिरहेका पार्टी र नेताहरूमा कुनै संवेदनशीलता नदेखिनु निकै चिन्ताजनक देखिएको छ । त्यसमाथि राजनीतिक पार्टी र नेताहरू नै यस्ता कुकर्महरूमा संलग्न हुनुले तिनीहरूमा राजनीतिक अपराध र असामाजिक तत्वहरूको घुसपैठ बढ्दो छ भन्ने पक्ष देखिन्छ, जुन राजनीतिको एउटा खतरनाक आपराधिक आयाम हो ।

यस्ता आपराधिक प्रवृत्ति र प्रकृतिहरू झ्याँगिएको बेला सफदर हाशमी हत्याकाण्डका दोषी दशजना राजनीतिक अपराधीहरूलाई स्थानीय अदालतले आजीवन कारावासको सजायँ सुनाएको छ । १४ वर्षको लामो अन्तरालपछि अत्यन्त ढिलो ढंगले दिइएको न्यायले न्यायप्रेमी मानिसहरूलाई केही हदसम्म राहतको दिएको देखिन्छ । तर ढिलो न्याय दिने प्रणालीले राजनीतिक अपराधीहरूलाई भविष्यमा कला र विचारविरूद्ध अरू थप हत्या-हिंसाका हतियारहरू प्रयोग गर्न उत्साहित पार्ने तीक्त पक्षलाई पनि बेवास्ता गर्न सकिँदैन । ❑




# समानताको कसीमा नेपालको संविधान-२०४७

❑ हर्क गुरुङ

**नेपाल** अधिराज्यको संविधान २०४७ पुनर्स्थापित प्रजातन्त्रको उपलब्धि हो । हुन पनि सो दस्तावेजको प्रस्तावनामा नेपाली जनतालाई चिरकालपर्यन्त सामाजिक एवं आर्थिक न्याय तथा प्रत्येक नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गरी स्वतन्त्रता र समानता प्रदान गर्ने आदि वाक्यहरू रहेका छन् । देशको यस मूल कानूनमा १३३ धाराहरू छन् । समानताको आधारमा नियाल्दा केही धाराहरूलाई तीन किसिमको मूल धारामा वर्गीकरण गरी निम्न नामाकरण गर्न सकिन्छ : (क) सहस्रधारा (ख) सुनधारा र (ग) ढुङ्गेधारा ।

मुलुकी ऐन, १९१० अन्तर्गतका विभिन्न महलहरूको तात्पर्य नै सामाजिक तथा सांस्कृतिक असमानता रहेको थियो । ती विभेदमूलक परिबन्दअन्तर्गत नेपालका गैर-अभिजात सामाजिक समूहहरूले कैयौं पुस्ता बलिन्द्रधारा बगाउनु परेको थियो । प्रजातान्त्रिक व्यवस्थाको संविधानले ती भेदभावबाट नेपाली जनतालाई निकास दिनुपर्ने थियो । सो आकांक्षाअनुरूप जुनसुकै धर्म, वर्ण, जात वा जातिका नेपाली जनता समष्टिगत रूपमा एक राष्ट्र हो भन्ने धारा २ ले झल्काउँछ । तर समानतासम्बन्धी सो धारा र प्रस्तावनाको भावनालाई अन्य धाराहरूले निस्तेज पारेको पाइन्छ ।

## (क) सहस्रधारा

सहस्रधारा निर्बाधरूपले बगिरहने प्रवाहलाई जनाउँछ । संविधानको नागरिकतासम्बन्धी धारा ९ यस्तै प्रकृतिको छ । सो धाराको उपधारा ४ मा अंगीकृत नागरिकताका लागि निम्न प्रावधान रहेका छन् :

**(क) नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जानेको**
**(ख) नेपालमा कुनै व्यवसाय गरी बसेको**
**(ग) अन्य राज्यको नागरिकता त्यागेको र**
**(घ) कम्तीमा पन्ध्र वर्षसम्म नेपालमा बसोबास गरेको ।**

यसमध्ये दफा (क) ले नेपाली लेख्न-बोल्न जान्ने नेपाली मूलका विदेशी (प्रवासी) र नेपाली लेख्न-बोल्न नजान्ने स्वदेशका मधेशी मूलका मानिसहरू बीच विभेद गरेको छ । मधेशीले भोग्नुपरेको नागरिकता समस्या यसैको कारणले हो । देशभित्र विदेशीहरू आउनुको कारण आर्थिक अवसर वा काम हो र दफा (ख)ले तिनीहरूलाई नागरिकता लिन प्रोत्साहित गर्छ । सबैभन्दा अव्यावहारिक दफा (घ) को समय बन्देज छ । पहिलो, तोकिएको १५ वर्षको अवधि पटक-पटक गरेर कि लगातार भन्ने प्रष्ट्याइएको छैन । दोस्रो, विदेशबाट, मूलतः भारतबाट अत्यधिक मात्रामा नेपालमा आप्रवासी ओइरिन्छ । भारतका मानिसहरू सिमानामा बिनादर्ता आवत-जावत गर्ने व्यवस्था छ । तिनीहरू कहिले आए र गए भन्ने तथ्याङ्क नै नहुने स्थितिमा कुन आधारमा बसोबासको अवधि तोक्ने ? सन् १९९१-२००१ को दशकमा नेपालमा भारतीय नागरिक ११६७५५ बाट ६८४८९ भई ४३.३ प्रतिशत घटनुको मुख्य कारण तिनीहरू स्वदेश फर्कनु होइन, नेपाली नागरिकता लिनु हो । अर्कोतिर पुस्तौंदेखि नेपाल भूमिमा बसोबास गरेका तर नेपाली लेख्न बोल्न नजान्ने तराईवासीले नागरिकता पाउन कठिन छ ।



**संविधान दिवसको सन्दर्भमा**

**नेपालजस्तो बहुभाषिक तथा बहुधार्मिक देशलाई कुनै विशेष भाषा तथा धर्मसित सापेक्ष गराएर राष्ट्रियताको निर्माण गर्न सकिन्न**

## (ख) सुनधारा

सुनधारा भनेको सर्वसाधारणका लागि नभई केही अभिजात समूहको पेवा हो । संविधानको भाषासम्बन्धी धारा ६ यस्तै मूल सुनधारा प्रकृतिको छ । सो धाराको ६ (१) र ६ (२) ले संज्ञा (राष्ट्र) र विशेषण (राष्ट्रिय) शब्दहरूको विचित्र परिभाषा गरेर नेपाली मातृभाषा र अन्य मातृभाषाहरूबीच असमानता कायम गरेको छ । त्यसमा भनिएको छ : देवनागरी लिपिमा नेपाली भाषा 'राष्ट्र' भाषा हुनेछ र नेपालका विभिन्न भागमा मातृभाषाका रूपमा बोलिने अन्य प्रचलनका सबै भाषाहरू 'राष्ट्रिय भाषा' हुन् । धारा १८ (१) मा प्रत्येक समुदायलाई आफ्नो भाषा र लिपिको संरक्षण गर्ने अधिकार उल्लेख छ, तर सो सम्बन्धमा राज्यको कर्तव्य वा दायित्वबारे उल्लेख छैन । त्यस्तै, धारा १८ (२) मा धारा ६ को भावनाअनुरूप अन्य भाषालाई शिक्षाको प्रयोजनलाई प्राथमिक तहसम्म सीमित गरिएको छ । तर कुनै नेपालीको मातृभाषा नभएको संस्कृत भाषालाई फेददेखि टुप्पोसम्म सरकारी मलजल उपलब्ध भइरहेको छ । यी भाषिक विभेदका स्पष्ट उदाहरणहरू हुन् ।

## (ग) ढुङ्गेधारा

यस्तो मूलधारा सितिमिति टसमस हुँदैन अथवा अचल रहन्छ । संविधानको धारा ४ मा नेपाल अधिराज्यसम्बन्धी धार्मिक विशेषण यस्तै ढुङ्गे मूलधारामा पर्दछ । धारा ४ (१) ले नेपालको



भाषिक विभेदविरुद्ध भएको एक प्रदर्शन

बहुजातीय र बहुजातीय वास्तविकतालाई सकारे पनि बहुधार्मिक तथ्यलाई मान्यता दिएको छैन । वास्तवमा, राज्यको यस्तो विशेष धर्म संलग्नता राष्ट्रसम्बन्धी धारा २ को 'जुनसुकै धर्मका' भएपनि समान भन्ने भावनाभन्दा विपरीत छ । धर्मसम्बन्धी हकको धारा १९ (१) मा कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन भन्ने रहेको छ । तर यस प्रकारको धर्म परिवर्तन प्रलोभनबाट मात्रै गर्न नपाउने कि स्वेच्छाले पनि गर्न नपाउने भन्ने कुरा प्रष्ट गरिएको छैन ।

सन् २००१ को जनगणनाअनुसार पहाडे तथा मधेशी जात समूहको जम्मा जनसंख्या एक करोड ३२ लाख छ भने हिन्दू जनाउनेको जम्मा जनसंख्या एक करोड ८३ लाख छ । यसको अर्थ कुल हिन्दू जनाउने जनसंख्यामध्ये ५१ लाख गैर-जात समूहका जाति वा जनजाति पर्दछन् । ती जन्मजात हिन्दू होइनन् राज्यको मान्यताबाट प्रभावित भएका हुन् । यस्तो हिन्दू धर्म परिवर्तनलाई भने संविधानले सकारेको देखिन्छ ।

यसको एकतर्फी परिभाषाको आभास धारा ११२ (३) को अनुभवले दिन्छ । राजनैतिक दलसम्बन्धी उक्त धाराले धर्म, सम्प्रदाय, जात, जाति वा क्षेत्रीयताको आधारमा संगठितहरूलाई प्रतिबन्ध लगाउने प्रावधान राखेको छ । यसमुताबिक केही जनजाति प्रकृतिका संगठनलाई निषेध गरियो । तर सन् १९९१ देखि एउटा क्षेत्रीय दललाई र सन् १९९५ मा शिवसेनालाई राजनैतिक दलको मान्यता दिइयो ।

## अमृतधारा

नेपाल अधिराज्य एउटा धर्म (हिन्दू) तथा एउटा भाषा (पर्वते र नेपाली)को आधारमा स्थापना भएको देश हो । मध्ययुगमा राज्य-व्यवस्था राजनैतिक आस्थाभन्दा धार्मिक मान्यताबाट सञ्चालित थियो । नेपाल देशमा हिन्दू हुन थालेको स्वस्फूर्त रूपमा होइन, बरू १२ औं शताब्दीदेखि इस्लाम (मुगल साम्राज्य) र १८ औं शताब्दीदेखि क्रिस्तान (ब्रिटिश साम्राज्य) राज्यबाट जोगिने प्रक्रियाको रूपमा बढेको थियो । त्यो कालखण्डमा शासकहरूको 'असली हिन्दुस्तान' बनाउने अभियान स्वाभाविक थियो । विभिन्न राज्य रजौटा र थुम्केराज्यमा विभाजित बहुभाषिक समुदायहरूबीच सम्पर्क बढाउन पर्वते भाषा एउटा सशक्त माध्यम भएको थियो ।

आधुनिक राजनैतिक सन्दर्भ प्रजातन्त्र, सामाजिक न्याय र समानतामा आधारित हुन्छ । यसलाई नेपाल संविधानको राष्ट्रसम्बन्धी धारा २ ले स्वीकारेको पनि छ । नेपालजस्तो बहुभाषिक तथा बहुधार्मिक देशलाई कुनै विशेष भाषा तथा धर्मसित सापेक्ष गराएर राष्ट्रियताको निर्माण गर्न सकिन्न । यसका लागि सबै सामाजिक समुदायको सहभागिता चाहिन्छ । हुन त संविधानमा राज्यका नीतिहरूमध्ये धारा २६ (१०) मा 'शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका जनजाति र समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ' भन्ने छ । तर यस्ता उद्गारहरूलाई संविधानका अन्य वस्तुगत धाराहरूबाट पुष्टि नगरिएकाले कार्यान्वयनमा बाध्यता हुँदैन । त्यसैकारण, प्रजातन्त्र पुनर्स्थापना भए पनि असमानता घटाउन सकारात्मक पहल (affirmative action) को अभावमा आर्थिक-सामाजिक रूपान्तरण हुनसकेन । फलस्वरूप आज राजनैतिक संघर्ष चुलिएको छ । पिछडिएका, उत्पीडित र उपेक्षित वर्गको पैरवी माओवादी, आन्दोलनरत दलहरू तथा सरकारको अवधारणा-पत्र सबैले नाराको रूपमा अङ्गालेको यसको प्रमाण हो ।

अन्त्यमा प्रजातन्त्रका लागि वास्तविक समानता स्थापना गर्नका लागि केही अमृतधारा सान्दर्भिक देखिन्छ । ती धाराहरू प्रवाह गर्न संविधानको संशोधन होइन, संविधान परिवर्तन आवश्यक छ । ती परिवर्तन गर्नुपर्ने धाराहरू भाषिक, धार्मिक र जातीय आयामअन्तर्गत पर्दछन् ।

पहिलो अमृतधारा हो : नेपालीलाई राष्ट्रिय सम्पर्क भाषा कायम गरी अन्य मातृभाषाहरूलाई समानताको आधारमा राज्यले सम्बर्द्धन गर्ने । नेपाली भाषाको वर्चस्व प्रवासमा समेत स्थापित भइसकेको छ । यस भाषाको सौता भनेको अन्य जनजातिहरूको मातृभाषा होइन, बरू चलचित्र माध्यमबाट आइरहेको हिन्दी र विद्युतीय सञ्चारबाट आइरहेको अंग्रेजी भाषा हो ।

दोस्रो अमृतधारा हो : संविधानमा धर्मसापेक्षता वा निरपेक्षताको कुरा उल्लेख नगरी निम्न व्यवस्था गर्ने :

(क) सबैलाई धार्मिक स्वतन्त्रताको प्रत्याभूति दिने

(ख) कुनै पनि धार्मिक समूहले राज्य-व्यवस्थाबाट राजनैतिक अधिकार प्रयोग तथा सुविधा प्राप्त गर्न नपाउने

(ग) कुनै व्यक्तिलाई कुनै धार्मिक कर्म र उत्सवमा सहभागी हुन बाध्यता नहुने

(घ) राज्य-व्यवस्थाले कुनै धर्मको प्रचार, शिक्षा तथा धार्मिक गतिविधिमा भाग नलिने र

(ङ) प्रलोभन र करकापका आधारमा कसैले कसैको धर्म परिवर्तन गर्न नपाउने ।

वर्तमान संविधानले मुलुकी ऐनको वर्णाश्रम ढाँचाको ठाउँमा बहुजातीय यथार्थलाई मान्यता दिएको छ । तर यसले अधिराज्यलाई 'हिन्दू' परिभाषित गरेकोले ठूलो-सानो, छूत-अछूतको विभेदलाई निरन्तरता दिएको छ । यस समस्याको समाधान भनेको तेस्रो अमृतधारा हो : संविधानबाट मनुस्मृतिमा आधारित धर्मसितको सापेक्षता हटाउने । यसो भएमा गैर-हिन्दू जनजातिमात्र होइन, हिन्दू नारी तथा दलितहरूले भोग्नुपरेको सामाजिक असमानता स्वतः स्वाहा हुनेछ । ❑


*(७ नोभेम्बर २००३ साउथ एशिया पार्टनरशीप, नेपालद्वारा आयोजित 'संविधानमा जनता' विषयक अन्तर्क्रियामा व्यक्त विचार)*

प्रजातन्त्रका लागि वास्तविक समानता स्थापना गर्नका लागि केही अमृतधारा सान्दर्भिक देखिन्छ । ती धाराहरु प्रवाह गर्न संविधानको संशोधन होइन, संविधान परिवर्तन आवश्यक छ।






चित्र साभार : हिमाल



# स्थानीय स्वायत्त शासन र राजनीतिक सघनता

चैतन्य मिश्र



**स्थानीय** स्वायत्त शासनबारे विभिन्न किसिमका विचारहरु अगाडि आएका छन् । त्यसमध्ये डा. हर्क गुरुङको *हिमाल* १६-२९ फागुन, २०५८ मा प्रकाशित 'पच्चीस जिल्लाको नयाँ नेपाल'ले अघिसारेको विचार एउटा हो । यसबारे अरुका विचारहरु पनि आएका छन् र तिनले देशको राजनीतिक विचार प्रवाहमा तरंग पैदा गरेका छन् ।

स्थानीय स्वायत्त शासनबारे आएका एकथरी चिन्तनअनुसार नेपालका जिल्लाहरु सक्षम भएनन्, किनकि यिनीहरुले धेरै खर्च गर्छन् र कम कमाउँछन् । सरकारको धेरै पैसा खर्च भयो, धेरैवटा जिल्ला भएर । ७५ वटा जिल्ला छन्, हरेकलाई वर्षेनी निश्चित परिमाणमा अनुदान दिँदा निश्चित रकमलाई ७५ ले गुन्नुपर्‍यो, त्यसैले धेरै पैसा अनाहकमा गयो । अब नेपालमा पहिलेको भन्दा सडक यातायात, हवाइ यातायात र संचारको जालो पनि सघन भइसकेको छ । त्यसकारण ७५ वटा जिल्ला भइराख्नु जरुरी छैन । जिल्लाको संख्या घटाइनुपर्छ, २५ वटामात्र पार्नुपर्छ । जिल्लाको संख्या घट्ने बित्तिकै जि.वि.स.हरुलाई जाने सरकारी अनुदान पनि स्वतः घट्छ । यसरी सरकारी खर्च घटाउन सकिन्छ र त्यसलाई 'विकास'मा लगाउन सकिन्छ ।

तर यो केन्द्रको दृष्टिकोण भयो, यसले स्थानीय दृष्टिकोण समेट्दैन । स्थानीय जनताको दृष्टिकोणबाट स्वायत्त शासनलाई हेर्नुभन्दा केन्द्रको सरकारी खर्च कसरी घटाउन सकिन्छ भन्ने सम्बन्धमा यो दृष्टिकोण प्रतिपादित भएको देखिन्छ । स्वायत्तताबारे स्थानीय जनताको दृष्टिकोण कस्तो छ र हुनुपर्छ भन्ने सवाल यो खाले दृष्टिकोणले प्रतिविम्बित गर्दैन । यसले केवल प्रशासनिक कोणबाट स्वायत्तताको सवाललाई हेर्छ, वित्त नियन्त्रण गर्ने र अनुदान दिने एजेन्सीहरु, योजना आयोग र अर्थमन्त्रालयको कोणबाट मात्र यसले स्वायत्तताको समस्यालाई हेर्छ । यसको सीमा के पनि हो भने यसले राजनीतिक दृष्टिकोणबाट स्वायत्त शासनको समस्यालाई हेर्दैन । स्थानीय तहमा जनताको अधिकार कसरी बढाउने, उनीहरुको साधन-स्रोत र उत्पादन कसरी बढाउने भन्ने कोणबाट यसले स्वायत्तताको सवाललाई हेर्दैन । खाली अनुदान र खर्च घटाउने कोणबाट मात्र यसले समस्यालाई हेर्छ । स्थानीय तहमा स्थानीय सरकारले जनताको लागि आर्थिक कारोवार कसरी बढाउनसक्छ ? र, बढ्दो आर्थिक कारोवारमा स्थानीय सरकारले कर लगाएर साधन-स्रोतमाथि स्थानीय जनताको पहुँच कसरी बढाउन सक्छ र स्थानीय सरकार स्वायत्त ढंगले संचालन गर्न सकिन्छ ? यो कोणबाट यसले स्थानीय स्वायत्तताको मुद्दालाई हेर्दैन ।

*हिमाल*मा प्रकाशित लेखमा डा. हर्क गुरुङको तर्क छ- जिल्लाको संख्या दुईतिहाइले घटाइयो भने अर्थात् ७५ बाट २५ पारियो भने जिल्लालाई केन्द्रले दिनुपर्ने अनुदान पनि दुईतिहाइले घट्न जान्छ । यो फजुल तर्क हो । किनभने, *जिल्लाको संख्या घटाउँदैमा हरेक नागरिकलाई राज्यले दिनुपर्ने सेवाको दायित्वको सघनता त घट्दैन । न विद्यालय घट्छ, न अस्पताल र हेल्थपोष्ट, न विद्युतगृह, न हुलाक, न यातायातका लागि सडक र हवाइ सेवा बढाउने दायित्व, न अन्य अपरिहार्य सेवाहरु ।* घट्छन् त केही सिडिओहरु, जिविस पदाधिकारीहरु, एलडिओहरु र अरु जिल्ला स्तरका सरकारी पदाधिकारीहरुमात्र । फेरि उपजिल्ला केन्द्र चाहिएला, त्यहाँ सहायक सिडिओ र सहायक एलडिओ चाहिएला । फेरि जिल्लालाई केन्द्रबाट जाने अनुदानमा त्यसको निम्ति हुने खर्च अनुपात नै कति पो हुन्छ र ? जिल्ला ७५ बाट २५ होला, तर सिडिओ मातहतका



स्थानीय स्वायत्ततालाई बलियो बनाउने हो भने निर्वाचित राजनीतिक कार्यकर्ता पनि सघन हुनुपर्‍यो, उनीहरूले गर्ने राजनीतिक कार्यमा पनि सघनता ल्याउनुपर्‍यो

हरेक जिल्लाअन्तर्गत ठाउँ–ठाउँमा स्थानीय तहमा नागरिकहरुले पाउने सेवा केन्द्रहरु, तिनलाई आवश्यक पर्ने कर्मचारीतन्त्र पनि घट्दैनन्, घटाउन पनि मिल्दैन । त्यसलाई त उति नै खर्च भइहाल्छ । अहिलेकै स्तरको सेवा जनतालाई पुर्‍याउने हो भने पनि शिक्षाका, स्वास्थ्यका, हुलाकका, संचारका, कृषिका स्थानीय सेवाकेन्द्रहरु, तिनका कर्मचारीहरु ठाउँ–ठाउँमा यथावत् रुपमा चाहिहाल्छन् । त्यसमा लाग्ने खर्च घट्दैन । त्यसैले, जिल्लाको संख्या दुईतिहाइले घटाएपछि राज्यले जिल्लालाई दिनु पर्ने अनुदान पनि दुईतिहाइले नै घट्छ र एक तिहाइले नै पुग्छ भन्ने अनुमान काल्पनिक हो । यथार्थसित यो तर्क मेल खाँदैन । जिल्लाको संख्या घटाउँदा किसान र अन्य व्यवसायी तथा जिविसको आर्थिक क्रियाकलाप र राजस्व कसरी *बढ्छ* भन्ने बारे यो खाले चिन्तन स्वभावतः मौन रहने गरेको छ ।

अब हुनुपर्ने स्वायत्तता र अहिले भइराखेको स्वायत्तताको कुरा गरौं ।

स्वायत्तताको *संरचनाको* हिसाबले नेपाल धनी मुलुक छ । स्वायत्तताको संरचनाको कुरा गर्दा हाल जिविस, गाविस र वडाको संरचनाको कुरो मात्र गरिएका हो । राष्ट्रिय तहमा व्यवस्थापिका छ, जिल्ला तहमा ७५ जिविसहरु छन् । भुइँतहमा भण्डै पाँच हजार गाविसहरु र ५८ नगरपालिकाहरु छन् । र, करिब ३६ हजार वडाहरु छन् । ती वडाहरुमा काम गर्ने ५–५ जना निर्वाचित राजनीतिक कार्यकर्ताहरुको हिसाब गर्ने हो भने देशभरिका भण्डै १ लाख ८० हजारजना त्यस्ता कार्यकर्ता छन् । त्यही प्रयोजनका लागि हामी पार्टीका राजनीतिक कार्यकर्ताहरु भण्डै २० हजार थप्न सक्छौं । जम्मै जोड्दा भण्डै दुई लाख राजनीतिक कार्यकर्ता हुन जान्छन् । अहिले नेपालको जनसंख्या २ करोड ५० लाख पुगेको छ । यो जनसंख्यालाई ती राजनीतिक कार्यकर्तामा भाग लाउने हो भने एउटा राजनीतिक कार्यकर्ताले सेवा पुर्‍याउनुपर्ने जनताहरु १५० जना हुनजान्छन् । घरको हिसाब गर्ने हो भने करिब २५ देखि ३० घर हुनजान्छ ।

एउटा निर्वाचित पदाधिकारीले आफ्नो टोल छिमेकमा रहेका २५–३० घरको समस्या बुझ्नु र ती समस्या निराकरणका लागि कस्तो खालको आर्थिक, वित्तीय, राजनीतिक, सामाजिक र सांस्कृतिक पाइलाहरु चाल्नुपर्छ ?– सो बारे सोच्न, संगठित गर्न र संचालन गर्न यो जनसंख्या र राजनीतिक कार्यकर्ताबीचको उचित अनुपात हो । एकजना राजनीतिक कार्यकर्ताले २५–३० घरमा उनीहरुको स्वास्थ्यको स्थिति के छ, शिक्षाको स्थिति के छ, खानेपानीको स्थिति के छ, भाषा र सांस्कृतिक पहिचानको स्थिति के छ, रोजगारीको र गरीबीको समस्या के छ ? अरु समस्या के के छन् भनेर बुझ्न र तिनलाई हल गर्न, जनसंगठनहरुको नेतृत्व गर्न संख्याको हिसाबले उचित र संभव कुरो हो ।

अर्कोतिर, जिल्लाको संख्या घटाउँदै लाने हो भने जनसंख्याको अनुपातमा निर्वाचित पदाधिकारीको संख्या कम हुन्छ र उसले संगठित गर्नुपर्ने र सेवा दिनुपर्ने मान्छे र घरहरुको संख्या ज्यादा हुन्छ । यसो भएपछि संगठन र सेवाको गुणस्तर स्वभावतः घट्छ । फेरि यो खालको तर्क केवल जिल्ला घटाउनेसम्म मात्र सीमित हुँदैन । गाविस र वडाको संख्या पनि घटाउनु पर्ने हुनजान्छ । यस किसिमका तर्कहरु अघि सारिएका पनि छन् । यही लाइन पछ्याउँदै जाने हो भने राष्ट्रिय व्यवस्थापिकामा चुनिने सांसदहरुको संख्या पनि घटाउनु पर्ने हुन्छ । यो किसिमको चिन्तन पनि अघि सारिएको पाइन्छ नै । यसले जनसंख्याको सापेक्षतामा, राजनीतिक कार्यकर्ताको सघनताको अनुपातमा उल्लेखनीय ह्रास ल्याउँछ । योभन्दा त अहिलेकै संरचनाअन्तर्गतको राजनीतिक कार्यकर्ताको सघनता उपयुक्त रहेको ठहर गर्न सकिन्छ ।

मैले अहिलेसम्म राजनीतिक *कार्यकर्ता*को सघनताको कुरोमात्र अघि सारें । राजनीतिक कार्य सघन हुनको लागि राजनीतिक कार्यकर्ताको सघनता आवश्यक छ नै । तर वास्तवमा सघन हुनुपर्ने त कार्यकर्ता होइन, राजनीतिक *कार्य* हो । जुन हदसम्म स्थानीय सरकारको राजनीतिक कार्य सघन हुन्छ, त्यसले स्थानीय स्वायत्ततालाई सघाउँछ भन्ने मेरो तर्क हो । राजनीतिक कार्य सघन हुनका *लागि* निश्चित अनुपातमा कार्यकर्ताको सघनताको जरुरत हुन्छ । त्यो नहुँदा राजनीतिक कार्यको सघनता घट्छ । तर कार्यकर्ता धेरै हुँदैमा राजनीतिक कार्य स्वतः सघन हुँदोरहेनछ भन्ने पनि नेपालको अनुभवले प्रष्ट देखाएको छ । नेपालको अहिलेको कटु वास्तविकता के हो भने स्थानीय निकायमा राम्रै अनुपातमा राजनीतिक कार्यकर्ताको सघनता छ, तर राजनीतिक कार्यको भने सघन न्यूनता छ । माओवादी संघर्षको एउटा आधार यस्तो किसिमको राजनैतिक कार्यको शून्यता पनि हो । त्यो न्यूनता र शून्यता कसरी घटाउने ? नेपालको स्थानीय स्वायत्तताको एउटा प्रमुख समस्या यो हो । स्थानीय स्वायत्ततालाई बलियो बनाउने हो भने निर्वाचित राजनीतिक कार्यकर्ता पनि सघन हुनुपर्‍यो, उनीहरुले गर्ने राजनीतिक कार्यमा पनि सघनता ल्याउनुपर्‍यो ।

अहिलेको नेपालको स्थिति कस्तो छ भने निर्वाचित पदाधिकारी पनि छैन, माओवादी संघर्षजन्य बाहेकको राजनीतिक कार्य न्यून छ । राजनीतिक दलहरुको क्रियाकलाप पनि शून्य छ । स्थानीय निकायमा राजनीतिक कार्यलाई कसरी सघन पार्न सकिन्छ ? स्वायत्तताको लागि मूलतः पैसाको होइन, राजनीतिक कार्यको सघनताको आवश्यकता पर्छ, केन्द्रबाट आउने अनुदानको होइन, स्थानीय राजनीतिक कामको सघनताको आवश्यकता पर्छ भन्ने मेरो तर्क हो ।

राजनीतिक कार्यको सघनता कसरी ल्याउने ? त्यो भनेको स्थानीय निर्वाचित निकाय र त्यसका पदाधिकारीहरुले त्यहाँका जनताका सबैखाले समस्यालाई उजागर गर्ने र राजनीतिक समाधान खोज्ने हो । त्यसका लागि स्थानीय जनतालाई संगठित गर्दै, संघर्ष चलाउँदै र उनीहरुलाई शक्ति र अधिकार सम्पन्न पार्ने र स्रोत–साधन सम्पन्न पार्ने काम हो । स्थानीय जनता सबैको, मुख्यगरी भूमिहीनको, किसानको, मजदूरको, महिलाको, जनजातिको र मुख्यगरी दलितको गरीबी र बेरोजगारीको समस्या उजागर गर्ने र संगठित भएर ती समस्याहरुको हल गर्न खोज्ने उद्यमलाई मैले राजनीतिक कार्य भनेको हुँ । यसरी समस्यालाई हेर्ने हो भने स्थानीय तहमा स्वायत्ततालाई टिकाउन र सबल तुल्याउनका निम्ति त्यहाँका सबै बासिन्दाहरुको, मूलतः माथि भनिएका उत्पीडित उपेक्षित समूहहरुको जीविकोपार्जनसम्बन्धी, शक्ति र अधिकारसम्बन्धी, पहिचानसम्बन्धी, शिक्षा र स्वास्थ्यसम्बन्धी अर्थात् जीवनका सबै पक्षसम्बन्धी समस्याहरु के हुन् भन्ने सवालमा सघन, संगठित

छलफल चलाउनु पर्छ र ती समस्यालाई हल गर्न सामूहिक र संगठित उपाय निकाल्नु पर्छ । के गरेमा समस्याहरुको न्यूनीकरण र निर्मूलीकरण हुन्छ भन्नेबारेमा छलफल हुनुपर्छ । देशका छत्तीसै हजार वार्डमा र त्योभन्दा तल हरेक वस्तीमा यी र यस्ता सवालमा छलफल चलाउनु पर्छ । स्थानीय तहमा स्रोत-साधनको दायरालाई कसरी बढाउन सकिन्छ, ती स्रोत-साधनहरुको उत्पादकत्व कसरी बढाउन सकिन्छ र उत्पादनको बढीभन्दा बढी हिस्सा कसरी वास्तविक श्रमिकको अधिकार क्षेत्रभित्र पार्न सकिन्छ भन्नेबारे सचेत रहनुपर्छ ।

मैले छलफल हुनुपर्छ त भनें, तर यो छलफलले मात्र सिद्धिने कुरा होइन । राजनीतिक छलफलको अभिन्न अंग राजनीतिक संघर्ष पनि हो । छलफल-संघर्ष र बीचमा विराम र फेरि संश्लेषित र घनीभूत छलफल तथा संघर्ष ।- यो चक्र सार्थक र प्रभावकारी राजनीतिको चुरो हो । स्थानीय स्वायत्तता यसरी नै घनीभूत हुन्छ । एकातिर, एकै ठाउँमा बसेर छलफल र अर्कोतिर यो जाति र त्यो जाति, यो जात र त्यो जात, यो लिंग र त्यो लिंग, गरीब र धनी र मूलतः श्रमिक र बसिखाने बीचका सम्बन्धहरुलाई लिएर संघर्ष पनि चल्नुपर्छ । यस्तो संघर्ष दिगो र सघन हुनु आवश्यक हुन्छ । दिगो र सघन रुपले संघर्ष चलाउने दौरानमा नै स्थानीय स्वायत्तता हासिल हुन्छ ।

यस्तो संघर्ष चलाउने मुख्य आधार हुनुपर्छ- मानवीय श्रमको उच्चतम मूल्याकन । श्रमको मूल्यांकनको आधारमै उत्पादनको न्यायपूर्ण बाँडफाँड हुनुपर्छ स्थानीय तहमा । यो भनाइको मतलब यो पनि हो कि जन्मजात रुपमा पाइने खालका विशेषाधिकारहरुलाई निषेध गर्दै जानुपर्छ, जस्तो वर्गको विशेषाधिकार, जातको विशेषाधिकार, शासकवर्गको भाषाको र धर्मको विशेषाधिकार, जातिको विशेषाधिकार आदि । श्रमको कदर गर्ने भनेको जन्मजात विशेषाधिकारको नाश गर्ने पनि हो । जन्मजात विशेषाधिकारलाई प्रश्रय दिने खालको संरचनालाई पनि भत्काउँदै लैजाने हो । त्यो भत्काउँदै जाने क्रममा नै स्थानीय स्वायत्तता राजनैतिक रुपले सघन र बलियो हुँदै जान्छ । उत्पीडितहरुको छलफल र संघर्ष फलदायी हुँदै जान्छ ।

यो छलफल र संघर्षका साथसाथ केन्द्रीय र मध्यवर्ती सरकारसित बढीभन्दा बढी स्वायत्तता लिने प्रक्रिया पनि थाल्नुपर्छ । वार्ता र संघर्षको माध्यमबाट- अब म राजनीतिक रुपले सक्षम छु, किनकि मेरो राजनीतिक कार्य सघन हुँदैछ, म स्रोत-साधन पनि ज्यादा बटुल्दैछु, किनकि म स्थानीय तहमा घर-घरले गर्ने उत्पादन र उत्पादकत्व पनि बढाउँदैछु, उनीहरुले तिर्ने कर पनि बढाउँदैछु भन्ने आधारमा वस्ती, वडा, गाउँ र जिल्ला सरकारले केन्द्रीय सरकारसित बढीभन्दा बढी स्वायत्तताको माग गर्ने हो ।

जति स्थानीय स्तरमा राजनीतिक, आर्थिक र सांस्कृतिक कार्य ज्यादा सघन हुन्छ उति स्थानीय सरकारले केन्द्रीय सरकारसित बढी स्वायत्तताको माग गर्न सक्छ । जुन वस्ती, वडा, गाउँ वा जिल्ला आर्थिक र राजनीतिक कार्यको सघनताको हिसाबले बलियो हुँदैछ र उसले आफ्नो सांस्कृतिक पहिचानको जगेर्ना पनि गर्दैछ, उसले त्यही आधारमा केन्द्रसित बढी स्वायत्तताको माग गर्न सक्छ ।

बढी स्वायत्तताको मागको स्वरुप कस्तो हुन्छ भने कुनै जिल्ला वा गाविस छ, त्यहाँ पानीको स्रोत छ भने, त्यसबाट विजुली निकालिएमा वा खानेपानीको पाइप लगिएमा उसले केन्द्र वा जिल्लासित त्यसको रोयल्टी माग गर्नसक्छ । जस्तो : मेलम्चीका जनताले केन्द्रसित आफूकहाँबाट लगिएको पानीको रोयल्टी माग्न सक्छन् । कर्णाली प्रदेशका मान्छेले त्यहाँ बाँध बाँधेर विजुली निकालिएमा त्यसवापतको रोयल्टी माग गर्न सक्छ । अहिले त्यस्तो प्रचलन केही मात्रामा चल्न पनि थालेको छ । जस्तो : चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्यटनबाट जति पैसा आउँछ, त्यसको केही भाग त्यहाँको स्थानीय निकायले पाउँछ । यो प्रचलनलाई व्यापक बनाउनु पर्ने आवश्यकता छ । स्थानीय स्रोत-साधन भनेको हाम्रो स्रोत-साधन हो, केन्द्रले त्यसमाथि जथाभावी गर्न पाउँदैन भन्ने कुरा दावी गर्ने स्थिति स्थानीय राजनीतिक कार्य र आर्थिक कार्यको सघनताले बन्दै जाने कुरो हो ।

स्थानीय सरकार त्यहाँका धनी र जन्मजात विशेषाधिकार सम्पन्नको मात्र नभई त्यहाँको गरीब, त्यहाँका जनजाति, त्यहाँको दलित, त्यहाँका महिलाहरुसमेतको आँखामा वैध हुने हो भने यो सबल हुन्छ । र, सबल स्थानीय निकायले आफूभन्दा माथिल्ला निकाय जिल्ला र केन्द्र सरकारसित बढी स्वायत्तताको लागि लड्नसक्छ । यस्तो प्रकृतिको स्थानीय सरकारको बोलीमा दम हुन्छ ।

> जन्मजात रुपमा पाइने खालका विशेषाधिकारहरुलाई निषेध गर्दै जानुपर्छ, जस्तो वर्गको, जातको, शासकवर्गको भाषाको र धर्मको, जातिको विशेषाधिकार

यो खालका दावीहरु लोकतन्त्र, समता र सामाजिक न्यायमा आधारित भने अवश्य हुनुपर्छ । जे पनि दावी गर्न सक्दैन स्थानीय सरकारले । 'मेरो ठाउँमा पानी छ, म कसैलाई दिँदै दिन्न, म तँलाई विजुली निकाल्न दिन्न' भन्न स्थानीय निकायले पाउँदैन । समता, राष्ट्रियता, लोकतन्त्र र सामाजिक न्यायका आधारमा दावी जायज हुनुपर्छ ।

स्थानीय सरकार स्वायत्त, प्रजातान्त्रिक र न्यायपूर्ण हुनका लागि सिंगो राज्यसत्ता पनि त्यस्तो हुनु र हुँदै जानु जरुरी छ । केन्द्र लोकतान्त्रिक र न्यायप्रति समर्पित नहुने, तर जिल्ला, गाउँ र वार्डमात्र त्यस्तो हुने कल्पना गर्न सकिन्न । स्थानीय सरकारको स्वायत्तता यो स्वरुपको हुनको लागि, यो लोकतान्त्रिक र न्यायपूर्ण हुनका लागि केन्द्रीय राज्यसत्ताले पनि सोही रुप धारण गर्नु र गर्दै जानुपर्ने जरुरी हुनजान्छ । स्थानीय सरकार स्वायत्त, लोकतान्त्रिक र न्यायपूर्ण भयो भने र त्यस्तो हुनेको संख्या धेरै भयो र संगठित भयो भने केन्द्रीय सरकारसित त्यसले द्वन्द गर्छ । केन्द्रीय सरकार स्वायत्तताको पक्षधर, लोकतान्त्रिक र न्यायपूर्ण भयो भने त्यसले तल स्थानीय सरकारलाई पनि त्यही स्वरुपमा ढाल्ने प्रयत्न गर्छ । स्थानीय सरकारहरु धेरै यस्ता चरित्रका हुँदै गए, तर केन्द्रीय सरकार त्यस्तो चरित्रको भएन भने त्यस्तो सरकारलाई ढाल्न पनि सघाउ पुऱ्याउँछ- यो प्रक्रियाले ।

सारांशमा भन्ने हो भने स्वायत्तता केन्द्रबाट आउने अनुदानमा आधारित नभएर स्थानीय सरकारको राजनीतिक कार्यको सघनतामा र लोकतन्त्रमा आधारित हुनु आवश्यक छ । यस्तो दृष्टिकोण, जसले स्वायत्ततालाई वित्तीय अनुदान घटाउने साधनका रुपमा बुझ्छ, सांसदको संख्या, जिल्लाको संख्या, गा.वि.स. र वार्डको संख्या घटाएर स्थानीय निकाय बढी स्वायत्त हुनसक्छ भन्ने दृष्टिकोण अघिसार्छ, त्यसलाई सारै अपूरो र गलत ठहऱ्याउनु पर्छ ।

स्वायत्तताको कुरो गर्दा जुन जुन जिल्ला, गाविस र वडामा जुन भाषाको बाहुल्यता छ, त्यो भाषा अरुले सिक्नुपर्छ र स्थानीय सरकारले त्यसलाई त्यहाँको कामकाजको भाषाको रुपमा चलनचल्तीमा ल्याउनुपर्छ । जस्तो : ताप्लेजुङ्मा त्यहाँको बाहुल्यता भएको लिम्बु भाषा अरुले सिक्नुपर्छ, र लिम्बु भाषामा स्कूलमा पठन पाठन पनि हुनुपर्छ । त्यस्तै, काठमाण्डौ उपत्यकामा नेवार भाषा, सिन्धुपाल्चोकमा तामाङ्ग भाषा, अनि मनाङ्मा गुरुङ्ग भाषा ।

तर, स्थानीय सरकारले त्यहाँ अरु पनि जे जति २-४ वटा भाषा छन्, तिनलाई पनि अड्डा अदालतमा प्रयोगमा ल्याउन दिनुपर्छ । सबै भाषालाई समान मान्यता दिनुपर्छ र धर्ममा पनि । संविधानबाट कुनै एउटा भाषालाई राष्ट्रभाषा र अरुलाई राष्ट्रिय भाषा भन्ने प्रावधान नै हटाइदिनुपर्छ । आफ्नो भाषामा बोल्ने, लेख्ने शिक्षा प्राप्त गर्ने हक हरेक भाषाभाषीले प्राप्त गर्नुपर्छ ।

तर जातीय आधारलाई नै एकमात्र वा मुख्य आधार मानेर स्थानीय स्वायत्त शासनको संरचना सृजना गर्ने र त्यसअनुरुप राजनीति संचालन गर्ने अवधारणाको पक्षमा भने म छुइन । लामो काललेखिको जातीय उत्पीडनले नै त्यस्तो अवधारणा जन्माएको हो । तर त्यस्तो एकांगी दृष्टिकोणले लोकतन्त्र, बहुलवाद, समानताजस्ता मूल्य-मान्यतालाई सघाउँदैन । यस्तो अवधारणा कालान्तरमा प्रत्युत्पादक समेत हुनसक्छ भन्ने मलाई लाग्छ । काठमाण्डौमा नेवार भाषा सरकारी कामकाजको भाषा होस्, यो भाषा अरुले पनि सिकून् । तर काठमाण्डौ नेवारको मात्र क्षेत्र होइन । किनकि यसले राष्ट्रिय एकता बढाउँदैन । यहाँ अरु पनि जे जति २-४ वटा भाषाभाषी छन्, तिनको पनि क्षेत्र होस् काठमाण्डौं । ती भाषा पनि समान मान्यताप्राप्त र सरकारी कामकाजका भाषा हुन सकून् ।

सारांशमा स्थानीय स्वायत्त शासनको कुरा गर्दा भाषा पनि स्वायत्तताको एउटा आधार होस्, तर भाषा, धर्म, जातमात्रै आधार बन्नुहुन्न भन्ने मेरो धारणा छ । स्वायत्तताको मुख्य आधार त राजनीतिक, सांस्कृतिक र आर्थिक कार्यको सघनता नै हुनुपर्छ । लोकतन्त्र, बहुलवाद र समानता नै हुनुपर्छ ।

❑ *(कुराकानीमा आधारित)*

## पहिलो ४ महिनाको आर्थिक हालत

# साधारण खर्च र मूल्य वृद्धि बढ्दो

*मूल्यांकन आर्थिक व्यूरोबाट*

**अर्थमन्त्री** प्रकाशचन्द्र लोहनीले जनाएअनुसार यो आर्थिक वर्षको पहिलो चार महिनामा जम्मा १९.१५ अर्व रूपैयाँ सरकारी खर्च भइसकेको छ । त्यसमध्ये साधारण खर्च १६.८१ अर्ब रूपियाँ छ भने विकास खर्च केवल २.३४ अर्व रूपियाँ मात्र छ । यो हिसावबाट नयाँ आर्थिक वर्षको पहिलो चौमासिकमा कूल खर्चमा साधारण खर्चको अनुपात ८८ प्रतिशत छ जबकि विकास खर्चको अनुपात १२ प्रतिशतमात्र छ । यो आँकडाले राज्यको अधिकांश ढुकुटी अनुत्पादक प्रशासनिक र सुरक्षा खर्चमै सकिन थालेको स्पष्ट संकेत दिएको छ ।

अर्थमन्त्रीले सार्वजनिक गरेको ताजा तथ्यांकअनुसार यो वर्षको पहिलो ४ महिनाको साधारण खर्च गतः वर्षको यही अवधिको तुलनामा ७.५ प्रतिशतले बढी छ भने विकास खर्च २२ प्रतिशतले ज्यादा छ । गतः साल यही अवधिमा साधारण खर्च १५.६४ अर्ब थियो भने विकास खर्च १.९२ अर्ब रूपियाँ थियो ।

यो चौमासिकमा कूल १५.९९ अर्ब राजस्व परिचालित भएको अर्थमन्त्रीको दावी छ । यो लक्षित वार्षिक राजस्वको २६ प्रतिशत मात्र हो । ६२ अर्व रूपियाँको वार्षिक राजस्वको लक्ष्य राखिएको परिप्रेक्ष्यमा लक्ष्यअनुसार राजस्व उठाउने हो भने २०.६६ अर्ब रू. राजस्व उठेको हुनु आवश्यक थियो । हाल उठेको राजस्व लक्ष्यभन्दा भण्डै ५ अर्ब रूपियाँले कम छ ।

असोजसम्मको पहिलो ३ महिनामा उपभोक्ता मूल्य वृद्धि ५.२ प्रतिशतले भएको जनाइएको छ । गएको वर्ष यही अवधिमा ३ प्रतिशतले मात्र मूल्यवृद्धि भएको थियो ।

यो चार महिनाको अवधिमा सरकारले खर्च गर्ने पैसा नभएर १.३ अर्ब रू. ओभरड्राफ्ट नेपाल राष्ट्र बैंकबाट लिइसकेको पनि जनाइएको छ ।

### पहिलो चार महिनाको आर्थिक हालत

पहिलो चौमासिकको आँकडाले नेपालको साधारण खर्च अरू ज्यादा बढ्ने र विकास खर्च घट्ने संकेत देखाएको छ । किनकि यो चौमासिकको पहिलो डेढ महिना त शान्तिवार्ता चलिरहेको समय हुनाले आर्थिक वृद्धिदर सकारात्मक हुन थालेको समय थियो । आगामी चौमासिकमा अहिलेभन्दा भन् कम राजस्व परिचालन हुन सक्ने संभावना छ । ❑

### पहिलो चार महिनाको आर्थिक हालत

| | यस वर्ष | गत वर्ष | वृद्धि % |
|---|---|---|---|
| ◆ कुल सरकारी खर्च | १९.१५ अर्व | | |
| ◆ साधारण खर्च | १६.८१ अर्व | १५.६४ अर्व | ७.५ |
| ◆ विकास खर्च | २.३४ अर्व | १.९२ अर्व | २२.० |
| ◆ राजस्व परिचालन | १५.९९ अर्व | | |
| ◆ उपभोक्ता मूल्यसूची | ५.२ प्रतिशत | ३.० प्रतिशत | ४२.३ |

*स्रोत : अर्थ मन्त्रालय*

## ताजा आर्थिक सूचकहरु

### पहिलो २ महिनाको

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| ○ बजेट घाटा | १.१० अर्व | २६ करोड |
| ○ साधारण खर्च वृद्धि | ५५.३ प्रतिशत | २२.९ प्रतिशत |
| ○ विकास खर्च बृद्धि | ९५.३ प्रतिशत | ५६.४ प्रतिशत |
| ○ कुल सरकारी खर्च वृद्धि | ३७.३ प्रतिशत | ७.४ प्रतिशत |
| ○ कुल राजस्व वृद्धि | १९.० प्रतिशत | ०.३ प्रतिशत |
| ○ राष्ट्रिय उपभोक्ता मूल्य वृद्धि दर | ४.९ प्रतिशत | ३.३ प्रतिशत |

## वैदेशिक व्यापार

| | | |
|---|---|---|
| ● निर्यात वृद्धिदर | २८.४ प्रतिशत | २४.४ प्रतिशत |
| ● आयात वृद्धिदर | २३.१ प्रलिशत | ३.६ प्रतिशत |
| ● व्यापार घाटा वृद्धिदर | २०.१ प्रतिशत | ३१.६ प्रतिशत |
| ● व्यापार घाटा रकम रु. | १३.३० अर्व | |

*स्रोत : नेपाल राष्ट्र बैंक*

नेपालको बजेट घाटा नयाँ आर्थिक वर्ष २०६०/६१ को पहिलो दुई महिनामा अचाक्ली बढेर १.१० अर्व रूपियाँ पुगेको छ । पोहोर यही समयावधिमा यो २६ करोड मात्र थियो । यस हिसावले बजेट घाटा पोहोरको यही अवधिभन्दा भण्डै ४ गुणा ज्यादा बढेको देखिएको छ । ❑



## शाही सम्मान बहिष्कार गर्ने साहस

*काला जातिका चर्चित बेलायती कवि बेन्जामिन जेफानियाले साहित्यिक योगदानका लागि दिइने सरकारी पुरस्कार बहिष्कार गरेर गतिलो साहसिक उदाहरण प्रस्तुत गरेका छन् । उनलाई टोनी ब्लेयरको सरकारले महारानी एलिजाबेथ द्वितीयाबाट नयाँ वर्ष-२००४ मा सम्मानित हुनेहरुको सूचीमा समावेश गरेको थियो ।*

*अर्डर अफ दि ब्रिटिश इम्पाएर नामक सो पुरस्कारसँग गाँसिएको 'इम्पाएर' (साम्राज्य) शब्द सुन्नासाथ आफ्ना पुर्खाहरुमाथि गोरा शासकहरुबाट भएका बर्बरता, यातना र उत्पीडनहरु पुनः स्मरण भएको उल्लेख गर्दै कवि जेफानियाले पुरस्कार बहिष्कार गरेका हुन् ।*

*ब्रिटिश साम्राज्यको आक्रमणको परिणामस्वरुप चार पाँच शताब्दीसम्म काला जातिका मानिसहरुमाथि यातना र उत्पीडन थोपरिएको थियो । अहिले पनि ब्रिटिश साम्राज्यले अमेरिकाको साथ दिएर अफगानिस्तान र इराकमाथि लादिरहेको युद्धलाई ब्रिटिश साम्राज्यकालीन आक्रमणहरुकै निरन्तरताको संज्ञा दिँदै जेफानियाले लेखेका छन्- 'टोनी ब्लेयर, तिमी मलाई मूर्ख बनाउन सक्दैनौ...तिमी मलाई युद्धको भुमरीमा धकेल्न चाहन्छौ ।'*

*यसरी विरोध गर्ने कवि जेफानिया पनि अब फिल्म निर्देशक केन लोच र नायिका हेलेन मिरेनहरुको पंक्तिमा आबद्ध भएका छन्, जसले विभिन्न कारण देखाएर खुसुक्क शाही सम्मानको बहिष्कार गरेका थिए । तर उनीचाहिँ यसरी सम्मान र पुरस्कार सार्वजनिक रुपमै बहिष्कार गर्ने प्रथम व्यक्ति भएका छन् ।* ❑

# अमेरिका आलोचित सरकार एक्लिँदो

❑ विनोद ढुंगेल

**नेपाली** नागरिकका आधारभूत अधिकारहरु यतिबेला दोहोरो बन्दूकको प्रहारले छियाछिया भएका छन् । सशस्त्र द्वन्दको आयु आठ वर्ष पूरा हुन लाग्दासम्ममा ज्यान गुमाउने नेपालीहरुको संख्या वार्षिक एक हजारको औसतबाट नाघिसकेको छ । सशस्त्र विद्रोहमा उत्रेको नेकपा (माओवादी)ले आधारभूत मानवीय कानूनलाई समेत पालना गरेको छैन र जथाभावी भौतिक कारवाही गरेको छ । उता, सम्पूर्ण जनताको अभिभावक हुनुपर्ने राज्यपक्ष तिनै जनताविरुद्ध क्रूरतम् ढंगले उत्रिएको छ र राज्यका सबै अप्रजातान्त्रिक हरकतहरुलाई 'प्रजातन्त्रको प्रमुख ठेकेदार' संयुक्त राज्य अमेरिकाले मलजल गरिरहेको छ । यो कुनै अमेरिकाविरोधी शक्तिको आरोप नभएर मानवअधिकार र राजनीतिक संकटका क्षेत्रमा कार्यरत र यूरोपेली देशहरुमा मुख्यालय खडा गरेर बसेका संस्थाहरुको निष्कर्ष हो ।

त्यस्तै, संस्थाहरुमध्येको एक सशक्त अन्तर्राष्ट्रिय संस्था इन्टरनेशलन क्राइसिस ग्रूप (आईसीजी)ले संयुक्त राज्य अमेरिकाको संसदको मानवअधिकार समिति (ककस)मा नेपालको मानवअधिकार स्थितिबारे मंसिर ५ गते एक प्रतिवेदन बुझाएको छ । त्यसबाट वर्तमान अप्रजातान्त्रिक 'शाही सरकार'लाई अमेरिकाको प्रत्यक्ष समर्थनको पुष्टिसमेत भएको छ । आईसीजीको सभापतिका विशेष सल्लाहकार जोन नोरिस्का तर्फबाट प्रस्तुत गरिएको सो प्रतिवेदनमा नेपालको वर्तमान अवस्था र भावी उपायसमेत समेटिएका छन् । दोस्रो युद्धविराम भंग भएयता मात्रै एक हजार दुई सयभन्दा बढी मान्छेहरु मारिइसकेको नेपालको गम्भीर अवस्थाबारे थोरै मात्र अन्तर्राष्ट्रिय ध्यानाकर्षण भएको उल्लेख गर्दै आईसीजीले विस्तारै असफल राष्ट्र हुनेतिर गइरहेको नेपाललाई त्यो अवस्थाबाट निकाल्ने संभावना अझै देखेको छ । "मानवअधिकारमा सर्वनाशकारी प्रभावहरु पार्दै द्वन्द अझ विस्तारित र गम्भीर भएको खतराका चिन्हहरु देखिँदैछन्" आईसीजीले अमेरिकी संसदलाई भनेको छ : "दुर्भाग्य, यो द्वन्दमा शान्तिको खोजीका लागि अमेरिकी नीतिले जटिलता बढाएको छ ।"


प्रभावकारी विश्वासको वातावरण निर्माण र स्थलगत अनुगमनको अभावले विगतको वार्ता बिग्रेको र माओवादी, शाही सरकार र मूल प्रवाहका राजनीतिक दलहरुबीच अहिले त्रिकोणात्मक द्वन्द जारी रहेको सो संस्थाको विश्लेषण छ । आईसीजीले सरकार र माओवादी दुवै नयाँ रणनीतिका साथ युद्धमा संलग्न भएको उल्लेख गर्ने क्रममा माओवादीले प्रहरी वा सैनिक कार्यालयहरुमाथि ठूलो संख्यामा आक्रमण गर्नुको सट्टा खासगरी दरबारसँग नजिक रहेको राजनीतिक पार्टीका नेता, सैनिक र प्रहरीहरुलाई तारो बनाएको उल्लेख गरेको छ । माओवादी शक्ति तराई र पूर्वी नेपालमा बढेको सँगसँगै युद्धविरामको अवधिमा शाही सेनाले मार गर्ने शक्ति बढाएको सन्दर्भमा आईसीजीले 'नेपालमा मारिनेहरु धेरैजसो गैर-योद्धाहरु' रहेको किटान गरेको छ ।

दुवै पक्षले रणभूमिलाई भावी वार्तामा सक्दो बढी फाइदा लिने निर्णयका साथ प्रयोग गरिरहेकोले द्वन्द बढ्दै गएको, दरवार र राजनीतिक दलहरुलाई सहकार्य गर्न अन्तर्राष्ट्रिय दवाब बढेको भएपनि राजा ज्ञानेन्द्र सर्वदलीय सरकार बनाउने वा प्रजातान्त्रिक प्रकृयालाई पूरै पुनर्वहाली गर्नमा अनिच्छुक देखिएको आईसीजीले उल्लेख गरेको छ । उसको विश्लेषणअनुसार, प्रधानमन्त्री सूर्यबहादुर थापाको प्रजातन्त्र पुनर्वहाली गर्ने कार्यको महत्वमाथिको निरन्तर जोड ओठेभक्ति मात्र हो ।

वार्ता अवधिमै रामेछापको दोरम्बामा भएको 'नृशंस हत्या' केन्द्रीय आदेशअनुसार गरिएको हुनसक्ने विश्लेषण सो संस्थाले गरेको छ । त्यति महत्वपूर्ण समयमा केन्द्रबाट अधिकार नलिई स्थानीय कमाण्डरले त्यति गम्भीर काम गऱ्यो होला भनेर पत्याउन गाह्रो पर्छ भन्दै आईसीजी भन्छ : "दोरम्बा र अरु यस्ता घटनाहरुले शाही नेपाली सेनालाई अन्तर्राष्ट्रिय सहयोग र तालिम दिनुको उपादेयतामाथि प्रश्नचिन्ह खडा गरेको छ ।"

सो संस्थाले माओवादीले गम्भीर मानवअधिकार उल्लंघन गरेको, बैंकहरु लुटेको, स्थानीय पत्रकारहरुको हत्या गरेको, बन्दूकको बलमा जबर्जस्ती चन्दा उठाएको, घरेलु विष्फोटक पदार्थहरु बोकेर हिंडी नागरिकहरुमा त्रास फैलाएको, बाल सैनिकहरु भर्ती गरेको तथा शाही सेनाले जस्तै जथाभावी व्यवहारहरु गर्ने गरेको जनाएको छ । अमेरिकी प्रशासनले सदैव नेपालमा आतंकवादविरोधी लडाइँलाई बढाउनुपर्ने भनी चित्रित गरेको, प्रजातान्त्रिक व्यवस्थालाई निलम्बन गर्ने शाही सरकारलाई बलपूर्वक पृष्ठपोषण गरिरहेको र दिनदिनै नेपालको मानवअधिकारको स्थिति खस्कँदै गएको उल्लेख गर्दै प्रतिवेदनमा भनिएको छ : "दुर्भाग्यको कुरा, नेपालमा अमेरिकाले अनिर्वाचित र अप्रजातान्त्रिक सरकारलाई जुनसुकै मूल्यमा पनि सहयोग गरिरहेको छ भन्ने व्यापक जनधारणा रहेको छ ।"

गत वर्ष अमेरिकाले प्रशस्त विकास सहयोगबाहेक १ करोड ४० लाख अमेरिकी डलरभन्दा बढी मूल्यका ५ हजार थानभन्दा बढी एम-१६ राइफल नेपाल सरकारलाई दिएको उल्लेख गर्दै आईसीजीले नेपालका लागि अमेरिकी राजदूत माइकल मालिनोव्स्कीले माओवादीलाई खमेर रुज र नाजीहरुसँग तुलना गरेर एकदमै कडा रुख अख्तियार गर्नुले शान्ति प्रकृयालाई अगाडि बढाउन सहयोग नगर्ने, बरु आगोमा घ्यू थप्ने राय दिएको छ । यसैगरी विश्व बैंकका केही सदस्यहरुले नेपालको शासनप्रति सरोकार देखाउँदादेखाउँदै अमेरिकाले हालै नेपाललाई ७ करोड डलर ऋण दिएको सन्दर्भले अमेरिकी सरकारले पनि कडा नीति लिएको देखिएको आईसीजीले अमेरिकी संसदलाई स्मरण गराएको छ ।


थापा

नेपालको मानवअधिकार स्थितिका बारेमा सातवटा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त संस्थाहरुले मंसिर ८ गते एकसाथ गम्भीर चिन्ता जाहेर गरेर विश्वलाई ध्यानाकृष्ट गरे । एमनेष्टी इन्टरनेशनल, यातना रोकथाम संघ -एपीटी, अन्तर्राष्ट्रिय मानवअधिकार महासंघ, ह्यूमन राइट्स वाच (एचआरडब्ल्यू), मानवअधिकार अन्तर्राष्ट्रिय सेवा (आइएसएचआर), यातनाविरुद्ध विश्व संगठन (ओएमसीटी) र विधिशास्त्रीहरुको अन्तर्राष्ट्रिय आयोग (आईसीजे)ले संयुक्त प्रेस-विज्ञप्ति नै जारी गरेर त्यस्तो ध्यानाकर्षण गरेका थिए । उनीहरुको विचारमा नेपालमा हाल गैर-न्यायिक हत्या, जबर्जस्ती बेपत्ता, यातना, स्वेच्छाचारी थुना नाटकीय ढंगले बढेको छ । सैनिक ब्यारेकहरुमा ठूलो संख्यामा नागरिकहरुलाई नजरबन्दमा राखिएको छ र सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरणको रिट जारी गरेकोमा सैनिक अधिकारीहरुले त्यसलाई अस्वीकार गर्ने गरेका छन् ।

आईसीजे, एमनेष्टी इन्टरनेशनलजस्ता संस्थाले पनि नेपालमा मानवअधिकारको गम्भीर उल्लंघनका विषयमा पटक पटक आवाज उठाइरहेका छन् । सातैवटा संस्थाले रामेछापको दोरम्बामा शाही सेनाले गैर-न्यायिक हत्या गरेको प्रसङ्गसमेत उल्लेख गरेका छन् ।

नेपालमा मानवअधिकारको बर्बर उल्लंघन केही अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरुको विषयमात्र नरहेर अब संयुक्त राष्ट्र संघको समेत आधिकारिक विषय भइसकेको छ । राष्ट्रसंघीय मानवअधिकार आयोगका यातनासम्बन्धी विशेष प्रतिवेदक थिए-भान बोवेन, विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारसम्बन्धी विशेष प्रतिवेदक एम्बेशी लिगरको र स्वेच्छाचारी थुनासम्बन्धी कार्यटोलीका प्रमुख

प्रतिवेदक लेइला जेरोंउगीले दर्जनौं नागरिकलाई गोप्य रुपमा थुनिएको र तिनीहरु यातना तथा अन्य प्रकारका दुर्व्यवहारको जोखिममा रहेको भनी गम्भीर सरोकार दर्शाएका छन् ।

ती विज्ञहरुले ५६ जनालाई अज्ञात स्थानमा थुनामा राखिएको आरोपमा नेपाल सरकारलाई दुई महिनाको बीचमा ३१ वटा अत्यन्त जरुरी अपीलसमेत पठाएका थिए । सरकार-माओवादी युद्धविराम भंग भएपछि दुवैतर्फबाट मानवअधिकार उल्लंघन गरिएको, पत्रकारलगायतका केही व्यक्तिलाई माओवादीमा संलग्न भएको आरोपमा गिरफ्तार गरिएको र अज्ञात स्थानमा थुनेर यातना र दुर्व्यवहारको जोखिममा राखिएको खतरा औंल्याएका छन् । उनीहरुले जेनेभा महासन्धिको साझा धारा ३, मानवअधिकारको विश्वव्यापी घोषणपत्रको धारा १९ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको धारा १९ अनुसार, विचार अभिव्यक्ति र सूचनाको हक पाउनुपर्ने कुराको पक्षसमेत जाहेर गरेका छन् ।

मानवअधिकार उल्लंघन र संरक्षणको यो तानातानमा राजाद्वारा मनोनित प्रधानमन्त्री सूर्यबहादुर थापाद्वारा कार्तिक १८ गते सरकारको भावी लक्ष्य, रणनीति तथा कार्ययोजना घोषणा गरिएपछि केही थप स्पष्टताहरु देखापरेका छन् । र, तिनले राजा ज्ञानेन्द्रको प्रयासमा भइरहेको अमेरिकी समर्थन, त्यसले निम्त्याएको नागरिक हक उल्लंघनको शृंखला र मानव हकपक्षीय विश्वव्यापी आवाजलाई मुखर गरेका छन् ।

## विपत्ति निम्त्याउने ठहर

माओवादी विद्रोहीहरुसँग लड्ने नाममा थापा सरकारले गठन गर्ने भनिएको 'ग्रामीण स्वयंसेवक सुरक्षा समूह तथा शान्ति समिति' सर्वाधिक खतरनाक, घातक र प्रत्युत्पादक देखापरेको छ । त्यस्ता समिति परिचालनको विस्तृत खाका सरकारले सार्वजनिक नगरे पनि अन्तर्राष्ट्रिय रुपमै त्यसको विरोध भएको छ ।

ग्वाटेमाला र अल्जेरियामा अनुभव गरिएको गल्तीलाई नेपालले दोहोऱ्याउन नहुने उल्लेख गर्दै जेनेभामा केन्द्रीय कार्यालय रहेको आईसीजेका कानूनी सल्लाहकार इएन सेइडरम्यानले ती 'स्वयंसेवक'लाई मिलिसियाकै संज्ञा दिएका छन् । उनको विचारमा त्यसले मानवअधिकारमाथि डरलाग्दो घातक प्रभाव पार्नेछ । त्यस्ता स्वयंसेवकलाई हतियार वितरण गर्ने घोषणा गरिएको नभए पनि अन्तर्राष्ट्रिय अनुभवको आधारमा विधिशास्त्रीहरुको अन्तर्राष्ट्रिय आयोगले त्यस्तो अव्यवसायिक सुरक्षाबलले उत्तरदायित्वविहीन ढंगले काम गर्ने र अनियन्त्रित ढंगले हिंसात्मक गतिविधि बढाउने ठहर गरेको छ । उता बेल्जियमको राजधानी ब्रसेल्समा मुख्यालय रहेको क्राइसिस ग्रुपले अमेरिकी संसदको मानवअधिकार समितिलाई लेखेको पत्रमा भने त्योभन्दा प्रष्ट कुराहरु फेलापार्न सकिन्छ । अन्तर्राष्ट्रिय अधिकारहरुको हवाला दिँदै आईसीजीले जनाएअनुसार, सरकारको सो अवधारणालाई अमेरिकी राजदूतावासले पछाडिबाट सघाएको देखिएको छ, तर अमेरिकी सरकारले त्यसबारे प्रष्ट रुपमा केही भनेको छैन । त्यस्ता समितिले स्थानीय रुपमा हुने हिंसालाई प्रतिकार गर्ने भनेर सरकारले ठाने पनि विश्वको अनुभवबाट



# नेपालको बिग्रँदो प्रजातन्त्र र मानव अधिकार स्थितिप्रति अन्तर्राष्ट्रिय समुदायको चासो

त्यस्ता समितिले 'विपत्ति' निम्त्याउने ठहर आईसीजीको रहेको छ ।

त्यस्ता समूहलाई आईसीजीले अदूरदर्शी नीतिका आधारमा ल्याइएको उल्लेख गर्दै तालिम र सुरपरीक्षणविना संचालित हुने तिनले द्वन्द बढाउने दावी गरेको छ । अमेरिकाले नेपालसम्बन्धी नीतिको पुनरावलोकन गर्नुपर्ने र ग्रामीण प्रतिकार समितिबारे प्राथमिकताका साथ तत्काल निर्णय लिनुपर्ने सो संस्थाको सुझाव छ । आईसीजीले आह्वान गरेको छ - यस्तो प्रस्ताव अस्वीकार्य छ भनेर अमेरिकी संसद र विदेश मन्त्रालयले स्पष्ट रुपमा नेपाल सरकारलाई संकेत पठाउनुपर्छ ।

## सरकारी निर्णय अनुपयुक्त

यसैगरी, थापा सरकारले प्रधानमन्त्रीको प्रत्यक्ष निगरानीमा रहने गरी गठन गरेको 'मानवअधिकार प्रवर्द्धन'को पनि सातवटा संस्थाहरुले एक साथ र अन्य कतिपयले अलग अलग ढंगले सख्त विरोध गरेका छन् । ती सबैको एउटै ठहर छ- "राष्ट्रिय मानवअधिकार आयोगको समानान्तर हुने गरी त्यस्तो केन्द्र खोल्नु आयोगलाई नजरअन्दाज गर्नु हो ।"

तीमध्ये आईसीजेले त सशस्त्र प्रहरी र प्रहरीमा खोलिएका सरकारनियन्त्रित 'मानवअधिकार सेल'ले कुनै काम गर्न नसकेर अनुपयुक्त भएजस्तै सो केन्द्र पनि अनुपयुक्त रहेको ठहरसमेत गरेको छ । उता एशियाली मानवअधिकार केन्द्रले भने निमित्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त बर्टी रामचरणलाई एकपत्र पठाई सो केन्द्र स्थापनाको विरुद्ध हस्तक्षेप गर्न नै आह्वान गरेको छ । संसदले गठन गरेको मानवअधिकार आयोगलाई नजरअन्दाज गरेर त्यस्तो केन्द्र स्थापना गर्नु 'पेरिस सिद्धान्त'को विपरीत भएको उल्लेख गर्दै सो एशियाली केन्द्रले मानवअधिकार आयोग सरकारी र माओवादी दुवैले गरेको राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघनको विपरीतमा रहेको सन्दर्भ पनि सो पत्रमा सम्झाएको छ । पत्रमा सो केन्द्रका निर्देशक सुहास चक्माले भनेका छन् : "बरु सरकारले आयोगलाई थप वित्तीय स्रोत र स्वायत्तता प्रदान गर्दै सुरक्षा फौज र माओवादीद्वारा भएका, हुने मानवअधिकार उल्लंघनको अनुगमन गर्न हरेक जिल्लामा समेत शाखा कार्यालय खोल्न सघाउनुपर्छ ।"

## ज्यादति अनुगमनको विरुद्धमा

हो, यस्तै प्रस्ताव संयुक्त राष्ट्र संघले समेत राखिसकेको छ । आयोगले तयार गरेको मानवअधिकार सम्झौतामा सरकार र माओवादी दुवै पक्षले हस्ताक्षर गर्नुपर्ने आवाज विश्वव्यापी रुपमा उठिरहेको छ । सो सम्झौतामा हस्ताक्षर भएको खण्डमा आयोगले पाँचै विकास क्षेत्रमा कार्यालय खोली अनुगमन गर्न र राष्ट्र संघको प्राविधिक सहयोग लिन सक्नेछ । त्यस निम्ति आयोगले राष्ट्र संघमा पत्राचार गरिसकेको छ भने संघले मानवअधिकार सम्झौतामा हस्ताक्षर गर्नुपर्ने शर्त राखेको छ ।

विश्वका सातवटा मानवअधिकारवादी संस्थाले पनि अन्तर्राष्ट्रिय अनुगमनमा जोड दिएका छन् । उनीहरुले मंसिरको पहिलो साता अन्तर्राष्ट्रिय दातृसंस्था तथा विभिन्न राष्ट्रका काठमाण्डौस्थित दूतावासले गरेको घोषणाको समर्थनसमेत गरेका छन् । ती संस्था तथा दूतावासले पनि नेपालमा 'द्रूत गतिमा बिग्रँदो मानवअधिकार स्थिति'प्रति गम्भीर सरोकार देखाउँदै आयोगद्वारा प्रस्तावित मानवअधिकार सम्झौतामा हस्ताक्षर गर्न 'अत्यन्त जरुरी' भएको घोषणा गरेका थिए । सो घोषणा गर्नेहरुमा बेलायती अन्तर्राष्ट्रिय सहयोग नियोग (डिफिड), जर्मन प्राविधिक सहयोग समाज (जीटीजेड), विकास र सहयोगका लागि स्वीस नियोग (एसडीसी) एवं नेदरल्याण्ड विकास संगठन (एसएनसी) रहेका छन् । यसैगरी क्यानाडा, फ्रान्स, डेनमार्क र नर्वेका राजदूतावासले पनि सरोकार देखाएका थिए ।

सो सरोकारप्रति ऐक्यवद्धता जनाउँदै सातवटा ख्यातिप्राप्त संस्थाहरुले नेपालको मानवअधिकार स्थितिको अन्तर्राष्ट्रिय अनुगमन गर्नुपर्ने आह्वानलाई समर्थन गर्नसमेत विश्व समुदायलाई आग्रह गरेका छन् । राष्ट्रसंघीय मानवअधिकार आयोगका विज्ञहरुलाई नेपाल भ्रमणको निम्तो दिनसमेत उनीहरुले आग्रह गरेका छन् । खासगरी गैर-कानूनी हत्या, सैनिक ब्यारेकमा नजरबन्द, यातना, अपहरण र बेपत्ता पार्ने घटनाहरुप्रति विश्व समुदाय चिन्तित भएको छ ।

## समाधानको सुझाव

त्यस्ता संस्थाहरुमध्ये इन्टरनेशनल क्राइसिस ग्रुपले भने वर्तमान नेपाली द्वन्दको सन्दर्भमा केही सुझावहरुसमेत दिएको छ । राजा, शाही नेपाली सेना, राजनीतिक दलहरु र माओवादीबीच चरणवद्ध रुपमा सम्झौताहरु भएको सन्दर्भमा पनि नेपाल हिंसात्मक मोडतर्फ फर्कनुलाई 'थप दुर्भाग्य' भन्दै आईसीजीले सकेसम्म छिटो सही बहुदलीय सरकार स्थापना गरिनुपर्ने र प्रजातन्त्र पुनर्वहाली गर्नुपर्ने कुरामा जोड दिएको छ । नेपाली राजनीतिमा अमेरिकी प्रभाव स्पष्ट देखाउँदै आईसीजीले भनेको छ- नेपाल सरकारलाई सही दिशामा हिंडाउनका लागि सहयोग गर्न वाशिङ्टनले राम्रो दाउ पाएको छ । ❑

# पाकिस्तानी बाटोमा नेपाल

▸ अमर गिरी

**मुलुक** सैनिकीकरणको दिशातर्फ बढिरहेको छ कि छैन, अहिले बहसको विषय बनेको छ । गत कार्तिक १८ गते प्रधानमन्त्री सूर्यबहादुर थापाले सरकारको भावी लक्ष्य, रणनीति र कार्ययोजना प्रस्तुत गर्दा शान्तिका लागि 'निजामती सैनिक राष्ट्रिय अभियान'को अवधारणा अगाडि सारेपछि यो बहसमा थप विस्तार भएको छ । त्यसबेला थापाले भनेका थिए : "राजनीतिक तथा निजामती नेतृत्वअन्तर्गत कार्यान्वित हुने युनिफाइड कमाण्डको सुरक्षा परिचालनमा शाही नेपाली सेनाको अग्रणी भूमिका रहनेछ ।" सरकारले कार्यक्रमको घोषणा गरेलगत्तै नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले विर्तामोडमा कार्यकर्ताहरूलाई सम्बोधन गर्दै भने : "युनिफाइड कमाण्डमा सेना र प्रहरी गए । अब निजामती कर्मचारीलाई पनि त्यसै निकायको समन्वयमा काम गर्ने आदेश दिएर मुलुकमा सैनिकीकरण शुरू भएको छ ।"

शाही नेपाली सेनाका जवानले चलाएको गोलीबाट काठमाण्डौ चक्रपथमा कार्तिक २० गते २१ वर्षीय युवक राजीव श्रेष्ठ मारिएपछि त्यस घटनाका सम्बन्धमा प्रतिक्रिया व्यक्त गर्दै नेकपा (एमाले)का महासचिव माधवकुमार नेपालले भने : "यो घटना सैनिकीकरणको उदाहरण हो ।"

नेपाल मजदूर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छेले नागरिक सरकार सेनाको सर्वोच्चताको बन्द गलीमा भाँसिदै गएको टिप्पणी गरे भने जनमोर्चाले यसलाई 'देशलाई सैन्यकरण गर्ने षडयन्त्र' भनेर आफ्नो धारणा व्यक्त गर्‍यो ।

मुलुकमा आन्दोलनरत संसदीय राजनैतिक शक्तिहरूले मात्र राज्यलाई सैनिकीकरण गर्ने कार्यक्रममा रूपमा सरकारको कार्यक्रमलाई परिभाषित गरेनन्, राजाबाट कुनै बेला राष्ट्रिय सभामा मनोनित सांसद तथा पूर्व सैनिक अधिकृत दीप्तप्रकाश शाहले समेत युनिफाइड कमाण्डको सरकारी अवधारणालाई संविधान र कानून विपरीत भएको बताउँदै 'मुलुकको द्वन्द्व समाधानको एकमात्र उपाय फेरि पनि वार्ता नै हो, सैन्य बल होइन । जबसम्म मुलुकमा सैन्यशक्ति हावी हुन्छ, तबसम्म यो समाधान हुँदैन' भनेर आलोचना गरे ।

मुलुकका संसदीय राजनैतिक शक्ति तथा नागरिक समाजले सरकारको पछिल्लो कार्यक्रमलाई सैनिकीकरणको कार्यक्रम भनेर आलोचना गरे पनि राज्यले यसलाई अस्वीकार गर्दै आएको छ । प्रधानमन्त्री सूर्यबहादुर थापाले मात्र होइन, स्वयं शाही नेपाली सेनाले पनि 'यो विद्रोहीका विरूद्ध परिलक्षित कार्यक्रम हो, सैनिकीकरण होइन' भनेर स्पष्ट गर्ने प्रयत्न गरेको पाइन्छ । प्रधानमन्त्री थापाको 'संसारभर हुने यस्ता काम यहाँ भयो भन्दैमा देशलाई सैनिकीकरण भयो भन्नु वाहियात हो' भन्ने अभिव्यक्ति र शाही नेपाली सेनाको 'युनिफाइड कमाण्ड सधैंलाई होइन, कारवाहीका बेला संयुक्त रूपमा कारवाही गर्ने हो र अघिपछि त्यस्तो हुँदैन' भन्ने भनाइले त्यही प्रयत्नलाई स्पष्ट गर्ने काम गर्दछन् ।


संस्थापन पक्षले राज्य सैनिकीकरणको दिशातर्फ बढेको छैन भनेर स्पष्ट गर्ने प्रयत्न गरे पनि घटनाक्रमहरूले पुष्टि गर्ने सत्य भने बेग्लै छ । कार्तिक १८ को प्रधानमन्त्रीको घोषणापछि मात्र सैनिकीकरणको दिशातर्फ राज्य बढेको होइन । यसको सिलसिला श्री ५ वीरेन्द्रको हत्यादेखि शुरू भएको देखिन्छ, जसले २०५९ असोज १८ मा आएरमात्र स्पष्ट आकार ग्रहण गर्‍यो । माओवादी विद्रोह र विगत बाह्र वर्षको असफलताको जगमा टेकेर घटाइएको असोज १८ को घटनाको वास्तविक अन्तर्य पनि भनिएजस्तो थिएन । यसको वास्तविक अन्तर्य माओवादी विद्रोहलाई ठेगान लगाउँदै ०४६ सालमा गुमेको शक्तिलाई सैन्यबलका आडमा पुनः प्राप्त गर्नु थियो । अहिले सबै घटनाक्रमहरूले यही वास्तविकतालाई प्रकट गर्ने काम गरिरहेका छन् ।

संसारमा राज्यको सैनिकीकरण दुई तरिकाले हुने गरेको छ- एउटा, सिधै सैनिक विद्रोहका माध्यमबाट, अर्को राजनैतिक आवरणमा सैनिक शक्तिको आडबाट । पहिलो प्रकारको सैनिकीकरणलाई सजिलै बुझ्न सकिन्छ, तर दोस्रो प्रकारको सैनिकीकरणलाई बुझ्न तथ्यहरूलाई अलि बढी विश्लेषण गर्नुपर्ने र घटनाहरूको भित्रैसम्म पस्नुपर्ने हुन्छ । तर पनि सैनिकीकरणको अन्तर्वस्तु एउटै हुन्छ- राज्यको मातहत बन्दूक होइन, बन्दूकको मातहत राज्य । आज राज्य त्यही दिशातर्फ बेगसहित बढेको छ । विद्रोहीहरूसँग जुध्न प्रजातान्त्रिक मुलुकहरूमा पनि सेना परिचालन गर्ने गरिएको छ, यसका निम्ति भारत सबैभन्दा नजिकको उदाहरण हो । तर त्यहाँ राज्यको मातहत बन्दूक छ, बन्दूकको मातहत राज्य होइन । यही स्थिति छ- श्रीलंकामा पनि । लामो गृहयुद्धको चपेटामा पर्दापर्दै पनि त्यहाँ राज्यमाथि बन्दूक प्रभावी भएको छैन । ती मुलुकहरूमा नागरिक शासन र प्रशासन नेतृत्वदायी स्थितिमा छ । र, निर्णय राजनीतिक स्तरबाटै हुन्छ । तर यहाँको यथार्थ त्यस्तो होइन । सरकार र माओवादी वार्ताका बेला सरकारी वार्ताकारहरू स्वयंबाट प्रस्तावित गरिएको र माओवादीद्वारा स्वीकारिएको सेना ब्यारेकबाट ५ कि.मि.भन्दा टाढा जाने छैन भनी गरिएको राजनैतिक निर्णयको सेनाले अवज्ञा र सार्वजनिक तवरले विरोध गरेको आधारमा चन्द सरकारको पतनमात्र भएन अन्ततः वार्ता नै भाँडियो । सरकारका वरिष्ठ मन्त्रीहरू निर्णायक वार्ताको निम्ति हापुरेमा जुटिरहेको बेला रामेछापको दोरम्बामा सेनाले १७ जना माओवादी मार्नु राज्यको मातहतमा बन्दूक नहुनुको यथेष्ट प्रमाण हो ।

०५९ असोज १८ भन्दा पहिले माओवादीसँग लड्न संकटकालको घोषणा हुनुपर्छ भन्ने माग र अडान आज हराएर गएको छ, जब कि स्थिति पहिलेको भन्दा झन् बिग्रिएको छ । हेर्दा रा.प्र.पा.का नेता मुलुकका प्रधानमन्त्री छन्, रा.प्र.पा.कै नेताहरू मन्त्री, तर उनीहरूको हैसियत के छ भन्ने तथ्य मुलुक राम्रोसँग जान्दछ । 'निजामती सैनिक राष्ट्रिय अभियान'ले नागरिक शासन प्रशासनलाई निरीहमात्र बनाएको छैन, राज्य संचालन गर्ने भूमिकाबाटै विस्थापित गरेको छ । बन्दूक निर्णायक ठाउँमा आएर बसेको छ र त्यो राजनैतिक आवरणमा प्रकट भइरहेछ ।


नेपालको आधुनिक इतिहासमा सम्भवतः यो नै पहिलो समयावधि हो, जसबेला राज्यभन्दा बन्दूक शक्तिशाली हुँदै अगाडि बढिरहेछ । र, यसको अर्को विशेषता हो, आफ्नै बलबुता र निर्णयका आधारमा होइन, विदेशी आडभरोसाका आधारमा अगाडि बढ्नु । अमेरिका र भारतजस्ता मुलुकहरूले भौतिक तथा नैतिक रूपमा मात्र यसलाई सहयोग पुर्‍याइरहेका छैनन् 'थिङ्क ट्याङ्क'को भूमिका समेत निर्वाह गरिरहेका छन् । नेपाली सेनाको सम्बन्ध वासिङ्गटन, लण्डन र दिल्लीसँग बढेको छ । मूलतः अमेरिकी सल्लाह र निर्देशनमा माओवादी विरूद्धको रणनीति तय गर्ने गरिएको छ । यी सबै तथ्यले राज्यको सैनिकीकरण विदेशीहरूको आडमा भइरहेको कुरालाई स्पष्ट गर्दछन् ।

मुलुकलाई नयाँ भविष्य र गन्तव्य प्रदान गर्ने विचार प्रक्षेपणसहित शुरू गरिएको राज्यको सैनिकीकरणले मुलुकका सम्मुख उपस्थित अजङ्गका समस्याहरूलाई समाधान गर्ने मार्ग प्रशस्त गर्ने



*सैनिकीकरणका सारथी : थापा*

## राप्रपा भित्रको द्वन्द



*प्रधानमन्त्री सूर्यबहादुर थापाको सरकार ज्यादै ठूलो संकटमा परेको छ । अरु त अरु, प्रधानमन्त्रीलाई आफ्नै पार्टी रा.प्र.पा.ले मंसिर ४ गते १८ घण्टाभित्र आफ्नो पदबाट राजीनामा दिन निर्देशन दिएको छ । नदिएमा कार्यवाही हुने चेतावनीसमेत दिएको छ । प्र.मं.ले अल्टीमेटमले तोकेको समय-सीमाभित्र राजीनामा दिएनन् मात्र होइन, आफू प्र.मं.को रुपमा पार्टीप्रति जवाफदेही नै नभएको स्पष्टीकरण पनि दिए । उनले भने- उनको जवाफदेहिता 'राजा र जनताप्रति' छ । प्र.मं.ले यस क्रममा एउटा कुरा स्पष्ट पारेका छन्, उनी निर्दलीय प्रधानमन्त्री हुन् ।*

*राजीनामा नदिएपछि राप्रपाले उनीमाथि कार्यवाही गर्ने र त्यही निहुँमा राजाले उनलाई पदबाट हटाउने संभावना देखिएको छ । यो घटनाले राप्रपालाई विभाजनको मुखैमा पुर्‍याएको छ ।*

*वास्तवमा आफ्नै पार्टीका प्रधानमन्त्रीलाई अपदस्थ गर्ने यो जोखिमपूर्ण निर्णय रा.प्र.पा.का अध्यक्ष पशुपति शमशेर ज.ब.रा. एक्लैले गरेको कल्पना पनि गर्न सकिन्न । रा.प्र.पा.भित्रको विश्वस्त सूत्रले 'मूल्यांकन'लाई बताएअनुसार 'यो सबै राजाकै निर्देशनमुताविक भएको हो । प्र.मं. सार्क राष्ट्का प्रमुखहरुसँगको औपचारिक भेटघाटका लागि बाहिर जाने तिथि पहिले नै तय भइसकेकोले देशको बेइज्जत नगरीहाल्नौ भनेर मात्र केही दिन पर्खने काम भएको हो । प्र.मं. फर्कनेवित्तिकै उनीमाथि कार्यवाही हुन्छ । थापा अब प्र.मं. रहन्नन् यो निश्चित छ ।'*

*प्र.मं. थापा भ्रमणबाट फर्किसकेका छन् । आफ्नो कुर्सी टिकाउनका निम्ति भारतीय शासक वर्गको समर्थन प्राप्त गर्न उनी एक दिन बसे पुग्नेमा भारतमै तीन दिन बसे । तर साउथ ब्लकले उनलाई त्यो समर्थन दिएको संकेत छैन । उल्टो, भ्रमणपछि निस्केको भारतीय सरकारको प्रेस-विज्ञप्तिले नेपालमा अब 'सर्वदलीय सरकार आवश्यक' भएको जिरह गरेको छ । रा.प्र.पा. अध्यक्ष पशुपति शमसेरलाई अब अर्को थपनाको प्र.मं. बनाउने ढंगले दौडधुपका अभ्यासहरु शुरु भएको देखिएको छ । ने.कां.( प्रजातान्त्रिक) र एमालेका केही विद्रोहीहरुलाई लिएर 'सर्वदलीय' सरकार बनाउने प्रयास भइरहेको स्रोतहरु बताउँछन् । तर प्र.मं. थापा भने सजिलै राजीनामा नदिने, 'मरेपछि खुट्टै तानेर मर्ने' सुरसारमा देखिन्छन् । उनले या त तुरुन्तै चुनावको तिथि घोषणा गर्ने या संसद पुनर्स्थापनाकै सिफारिश गर्ने संभावना भएको बताइन्छ । प्र.मं. पक्ष राष्ट्रिय परिषदको बैठक डाकेर अध्यक्ष राणाबाट आएको राजीनामाको अल्टिमेटम उल्ट्याउने प्रयत्नमा समेत जुटेको छ । संकट मोचनका लागि मन्त्री परिषद विस्तार गर्न समेत उनले पहल लिएको थाहा भएको छ ।*

*यो घटनाले के देखाइरहेका छ भने कार्यकारी अधिकार अब राजाबाट प्र.मं.मा सरिसक्यो भन्ने पूर्व घोषणाहरु फजुल कुरा हुन् । निर्वाचन आयुक्तसम्बन्धी संवैधानिक परिषदको सिफारिशलाई दरवारले ठाडै अस्वीकार गर्नु र फेरि अर्को तीनजनाको सिफारिश पठाउन दरवार स्वयम्ले निर्देशित गर्नुले पनि यही कुरा सिद्ध गरिसकेको छ । प्र.मं. थापाले कुर्सीमा टिकीराख्नका लागि संवैधानिक परिषद्को सिफारिश आफूले राजासमक्ष पेश गरेको छैन भनेर राष्ट्रसमक्ष ढाँटेर राजाको बचाउको निम्ति आफू ढाल बनिदिने प्रयत्नसमेत नगरेका होइनन् । तर अब यस्तो प्रतीत हुन्छ, यति सेवाले पनि मौसूफ सन्तुष्ट होइबक्सेन ।* □


छैन, उल्टै त्यसलाई अझ भयावह बनाउने र अवरूद्ध गर्ने काममात्र गर्नेछ । माओवादी विद्रोह र बाह्र वर्षको विफलताले निर्माण गरेको परिस्थिति प्रतिगमनका निम्ति अनुकूल बन्यो र प्रतिगमनको उच्चतम् रूप राज्यको सैनिकीकरणका निम्ति पनि अनकूल बन्न सक्दछ, तर यसले न त समस्याको समाधान नै हुनेछ न त शक्ति केन्द्रीकरणको महत्वाकांक्षालाई नै पूरा गर्नेछ ।

नेपालले अहिले मूलतः पाकिस्तानी बाटो रोज्न चाहेको देखिन्छ । पाकिस्तानी बाटो भनेको निर्देशित प्रजातन्त्रको बाटो हो, जहाँ प्रजातन्त्र बन्दूकको नोकर्मुन्तिर बाँच्न विवश छ । बन्दूकले चाहेसम्मको 'प्रजातान्त्रिक शासन' अपनाउन सक्छन्-पाकिस्तानी जनताले, त्योभन्दा बढी होइन । वस्तुतः माओवादी विद्रोहलाई समाधान गर्ने राज्यको दृष्टिकोण नै त्रुटिपूर्ण छ र यही त्रुटिपूर्ण दृष्टिकोणसँग गाँसिएको छ- शक्ति केन्द्रीकरणको असीम महत्वाकांक्षा । माओवादी विद्रोहलाई सैन्यबलका आडमा समाप्त गरेर सैन्यबलकै आडमा आफूलाई सर्वोच्च शक्तिका रूपमा स्थापित गरिरहन सकिन्छ भन्ने गलत विश्लेषण र आत्मरतिमा चुर्लुम्म डुबेको पाइन्छ- वर्तमान संस्थापन पक्ष । तर नेपाल न त पाकिस्तानी बाटो हिँडेर टिक्न सक्ने अवस्थामा छ, न त सैनिकीकरणको अन्य कुनै पथलाई अप्नाएर । बाह्र वर्षको विफलतालाई जति बढाइचढाई चर्चा गरे पनि नेपालमा अहिले पनि राजनैतिक शक्तिहरू पाकिस्तानमा जस्तो कमजोर अवस्थामा छैनन् । माओवादी विद्रोहले नेपालको राजनैतिक शक्ति सन्तुलनलाई नयाँ विन्दुमा उभ्याइदिएको छ । समस्या समाधानका सन्दर्भमा यस परिवर्तित राजनैतिक परिदृश्यलाई गम्भीरतापूर्वक हेक्का राख्नु जरूरी छ । राज्यको सैनिकीकरणको आडमा समस्याको समाधान खोज्ने सोचले लोकतन्त्रलाई मात्र समाप्त गर्ने छैन, त्यसले मुलुकको सार्वभौमसत्ता र राजसंस्था समेतलाई दाउमा लगाउने छ । समस्या समाधानको मूल बाटो अहिले पनि राजनैतिक नै हो र लोकतन्त्र आम सहमतिको विन्दु ।

अहिले पनि लोकतन्त्रलाई आम सहमतिको विन्दू बनाएर समस्याको समाधान गर्न सकिने संभावना समाप्त भएको छैन । वास्तवमा राज्यबाट अहिलेसम्म यस दिशामा इमान्दारीपूर्ण प्रयास नै भएको छैन । माओवादीहरूको भनाइ र गराइमा गम्भीर विरोधाभाषहरूमात्र देखिएका छैनन्, उनीहरूले स्पष्ट गर्नुपर्ने विषयहरू पनि धेरै छन् । संसदीय शक्तिहरूको भूमिका पनि प्रभावकारी बन्न सकिरहेको छैन ।

लोकतन्त्रलाई समस्या समाधानको विन्दु मानेर संकटको समाधान खोज्ने र इमान्दारीपूर्ण प्रयास राज्यबाट नभइरहेको बेला कसरी निक्लन सक्छ संकटको राजनैतिक समाधान ? यसरी बाहिर जे भने पनि वस्तुतः राज्यको जोड बन्दूकमै रहेको छ र बन्दूक जोडिएको छ- संस्थापन पक्षको शक्ति-तृष्णासँग । संस्थापन पक्षको अनुदारवादी सामन्ती महत्वाकाक्षाले राज्यलाई डोर्‍याइरहेछ सैनिकीकरणतर्फ । प्रधानमन्त्री थापा त त्यसका निरीह वाहन र सहयोगीमात्र बनेका छन् । थापाको निरीहतालाई सम्वैधानिक परिषदको नियुक्तिले नै उदाङ्गो पारिसकेको छ । हजार तर्क दिए पनि घटनाक्रमहरूले यही भन्छन्, राज्य सैनिकीकरणको दिशातर्फ बढिरहेछ, तर सैनिकीकरणको यो बाटो प्रत्युत्पादकमात्र छैन, त्यतिकै आत्मघाती पनि छ । यस्तो स्थितिमा स्वाभाविक रूपले प्रश्न उठ्छ : मुलुकलाई सैनिकीकरणको अँध्यारो गन्तव्यबाट कसरी बचाउने ? यस प्रश्नको एउटै उत्तर हुन्छ : लोकतान्त्रिक शक्तिहरूबीच व्यापक सहकार्य र साझा एजेण्डाको निर्माण । लोकतान्त्रिक शक्तिहरूबीच संकट समाधानका निम्ति साझा सहमति र सहकार्य हुन नसक्दा नै मुलुक सैनिकीकरणको दिशातर्फ बढिरहेछ । दुनियाँको उदाहरण हो- लोकतान्त्रिक शक्तिहरू विभाजित हुँदा र समान निष्कर्षमा पुग्न नसक्दा नै बन्दूकले टाउको उठाउँछ र शक्तिशाली हुँदै अगाडि बढ्छ । माओवादीहरूसँगको सहकार्यलाई लोकतन्त्रलाई आधार मानेर अगाडि बढाउन सकिने संभावनालाई दृष्टि गरेर नै लोकतान्त्रिक शक्तिहरूले साझा सहमतिको विन्दु पहिल्याउन आवश्यक छ । संसदीय राजनैतिक शक्तिहरू आज यसको अनुभव गर्न शुरू गर्दैछन्, तर यसका निम्ति उनीहरूले लोकतन्त्रसम्बन्धी कतिपय विषयहरूमाथि गम्भीरतापूर्वक विचार गर्नु आवश्यक छ, भने माओवादीहरूले लोकतन्त्रप्रतिको आफ्नो प्रतिवद्धतालाई विश्वसनीय ढंगले व्यवहारमै स्पष्ट गर्नु आवश्यक छ । यही एउटा बाटो हो, जसबाट मुलुकलाई सैनिकीकरण हुनबाट बचाउन सकिने छ ।

□□



*नेपालको आधुनिक इतिहासमा सम्भवतः यो नै पहिलो समयावधि हो, जसबेला राज्यभन्दा बन्दूक शक्तिशाली हुँदै अगाडि बढिरहेछ ।*

## विदेशमा काम गर्ने नेपालीको व्यथा

म तीन वर्षदेखि मलेशियामा पसिना बगाउन बाध्य भइरहेको छु । विगत ३ वर्षदेखि *मूल्यांकन* नियमित रूपमा पढ्न पाइएको छैन । तर पनि खोजीखोजी पढ्ने गरेकै छु ।

*मूल्यांकन* एउटा अति राम्रो पत्रिका हुँदाहुँदै पनि यसले जनताका कति आवाजहरूलाई सुन्न नसकेको जस्तो लाग्यो । खास गरी रोजगारका निम्ति विदेश पसेका नेपालीको कथा-व्यथालाई यसले कहिल्यै चासो राखेजस्तो लागेन ।

अहिले लाखौंलाख नेपाली संसारका विभिन्न मुलुकमा गएर पसिना बगाइरहेका छन् । यो क्रम बढिरहेको छ । अझ मलेशिया आउनेको त धुइरो नै लागेको छ ।

विदेश पस्ने नेपाली सोझा युवाहरूले भनेको ठाम, काम र दाम पाएका छैनन् । तोकिएको काम र सुविधा खोज्ने नेपालीलाई धम्की दिने, कामबाट निकाल्ने, जेल हाल्ने गरिएको पाइन्छ । मलेशियामा यसको शिकार हुने हजारौं नेपालीहरू छन् ।

काठमाण्डौंमा खुलेका अन्धाधुन्ध मेनपावर कंपनीका गुलिया र मीठा आश्वासनमा परेर आज कति युवाहरू जायजेथा बन्धकीमा राखेर विदेशिए पनि आम्दानी नभएकोले तिनका परिवार घरबारविहीन बन्न पुगेका छन् ।

यहाँ मालिकले जेल हालेकोले वा काम छोडी गैर कानूनी भएर नयाँ कामको खोजीमा हिंडेदाहिंड्दै पक्राउ परेकोले जेल पर्नेको संख्या कम्तिमा ५ हजारभन्दा बढी छ । कति जेलमा सडेर मरे, कति कालको मुखमा छन्, हिसाब छैन ।

सन् १९९० तिरैबाट मलेशियामा नेपालीहरू गैरकानूनी रूपमा काम गर्न थालेका हुन् । गैरकानूनी नेपाली कति जेल परे, कति जेलमा मरे, कति जेलबाहिरै मरे, कतिलाई जेलमा बस्न बाध्य पारिएको छ, कति काम नपाएर अलपत्र छन्, कति पाएर पनि यहाँको खुल्ला संस्कृतिको नक्कलले बिग्रिएर बसेका छन् । यसको कुनै तथ्यगत रिपोर्ट कुनै पत्रपत्रिकाले पनि विस्तृत रूपमा छापेका छैनन् । दीनदुःखी नेपालीहरूको विचारलाई प्रमुख विषय मान्ने यस लोकप्रिय पत्रिकाले विस्तृत रिपोर्ट प्रकाशित गरोस् र सरकारले सोही रिपोर्ट पढेर मलेशियामा दुःख पाएका नेपलीको उद्धार गरोस् भन्ने म चाहन्छु ।

**-भोजराज गैरे 'अस्थायी'**
*पोखराथोक ४, पाल्पा*
*हाल: क्वालालम्पुर, मलेशिया*

## मूल्यांकनको साहित्य

पूर्णाङ्क ११२ असोज-कार्तिकको *मूल्यांकन*को साहित्य विशेष पढ्ने मौका पाएँ ! आफैमा अतुलनीय यस अंकले, नेपाली साहित्यको फाँटमा विराजित भई ज्ञानी मामाको वैचारिक झकझकाहट स्मरण गर्ने 'नारायण ढकाल', नेपाली साहित्यको फराकिलो फाँटबाट अपेक्षा अनुरूप गौरव गर्नलायक सम्पदा उभ्याउने 'खगेन्द्र संग्रौला', नेपालीहरूमाथि आफ्नो महानता, आफ्नो उचाई महशूस गराई भावुकता रूपी मलेवाका प्वाँखहरू लडाइदिने, 'श्यामल', नेपाली सभ्यताको मुहारमा लागेको विभेदलाई अकिञ्चन नेपाली मानिसको कारुणिक शब्दचित्रमा छर्लङ्ग्याइदिने, 'हरि अधिकारी'ज्यूलाई न्यानो सद्भाव । साथै नेपाली साहित्यको भण्डारबाट यस्ता उल्लेखनीय कृतिहरू *मूल्यांकन*ले भावी अंकमा पनि पस्कँदै जाओस् र सफलताको चुली टेक्दै जाओस् !

**-अमर संगम साउद**
*अमरगढी-५, कीर्तिपुर,*
*डडेल्धुरा, महाकाली अंचल*

## अंक १११ पढेपछि

१) आफ्ना संरक्षक, सल्लाहकार, प्रधानसम्पादक, सम्पादक, विगत वार्ता टोलीका सहजकर्ता, परराष्ट्रविद्ले पहल गरी अफ्रिकामा राष्ट्रपति डि कार्ल्क र नेल्सन मण्डेलाको द्वन्दलाई शान्तिमा परिणत गराउन त्यहाँको नागरिक समाजले गरेजस्तो पहल *मूल्यांकन* परिवारले पनि गरोस् ।

२) माओवादी आफूलाई नयाँ सत्ता र राजा पक्षलाई पुरानो सत्ता भन्ने गर्दछ । तर माओवादी पक्षले मागेजत्ति चन्दा नदिनेलाई भौतिक सफाया गर्ने, अपहरण गर्ने, घरबाट निकाला गर्ने गर्छ । त्यस्तै, दूरसंचार, हुलाक, स्वास्थ्य संस्था, विद्युत, सडक पुलमा बम विस्फोट गरी ध्वस्त गर्छ । यसबाट गरीब र मुलुकको उत्थान हुन्छ कि हुँदैन ?

३) तिनैपटक माओवादीकै तर्फबाट वार्ता भंग गरियो । वार्ता सफल नहुने संकेत बादलले *निश्चल* पत्रिकामा प्रकाशित अन्तर्वार्ताबाट गरेका थिएनन् र ?

४) राजेन्द्र महर्जनको लेखमा यहाँका वर्तमान शासकहरूलाई इदिअमनिसँग तुलना गरेजस्तो लाग्यो । तर माओवादी पक्षले बन्दूक देखाएर वंश सफाया गर्ने त्राश देखाएर मागेजत्ति चन्दा दिन बाध्य पार्छन् । जनताले निःशुल्क खाना खुवाउन पर्ने, गरीव जनताले बैंकमा राखेको नगद सुन चाँदी कागजसमेत लगिदिने, जाति धर्मअनुसार जन्म, मृत्यु संस्कार गर्न नदिने काम उनीहरूले गरिरहेछन् । यी गलत कामहरूको बारेमा पनि कडा प्रतिवाद गर्नु जरूरी छ ।

**-विनोद शर्मा**
*माकु-४, भोजपुर*

## साथ दियो

'मूल्यांकन' दशैं अंक समयमै हात पर्‍यो । काठमाण्डौंको कठिन र जागिरे जीवनको उपलब्धिबाट मनमा त्रास र दशैंको रमाइलो आश बोकेर घर जाँदा रमाइलो साथी बन्यो *मूल्यांकन* । नेपालको उपत्यकाको नाकामै १ घण्टाको बाटो ६ घण्टा लाग्दा *मूल्यांकन*ले बसमा खुबै साथ दियो । श्याम श्रेष्ठको लेख 'सम्वैधानिक राजतन्त्र के हो ?' ले सम्वैधानिक कानूनका विद्यार्थीलाई अझ फराकिलो ज्ञान दियो । हातहतियारको होडले नेपाल अब कता जाने ? र, विकास र सृजनाले के र कुन दिशा समात्ने हो ? सुधीर शर्माको विश्लेषणात्मक लेखले राम्रो प्रश्न उठाएको छ । ओझेलमा परेका दोरम्बा र पूर्वका घटनाको सत्यतथ्य थाहा पाइयो । ज्ञानी मामा, त्यो क्रान्तिको प्रतीक, हामी जस्ता कथा, कविताहरू पस्केर *मूल्यांकन*ले यसपाला मजस्ता साहित्यानुरागीलाई गुन लगाएको छ । राजेन्द्र महर्जनका फासीवादको आलेख, अनिल भट्टराईको 'ब्रेक लागी घाइने विश्व व्यापारको सदस्य नेपाल'ले हाम्रो भविष्य- दृष्टिप्रति साँच्चि नै व्यंग्य गरेका छन् ।

**-हरिप्रसाद शर्मा पंज्ञानी**
*मोतिपुर-८, रुपन्देही,*
*हाल: प्र.अ., पाटन*

## राजाको शासनको समीक्षा

गतांकमा 'मूल्यांकन'ले प्रस्तुत गरेको राजाको प्रत्यक्ष शासनको समीक्षा दरवारियाहरूले पढून् । वास्तवमा राजाले चन्द र थापामार्फत् आफ्नो स्वार्थका निम्ति जरूरी केही ऐन-नियम बनाउने र ठाउँ-ठाउँमा आफ्ना पक्षका मान्छेलाई जागिरहरूमा घुसाउने जुन काम गरेका छन्, त्यो सबै जनताले देखिरहेको छ । जनताले बुझिरहेको छ । छल-कपट अब चल्नेवाला छैन । दरवारको यो कुरा बुझ्नु जरूरी छ । खगेन्द्र संग्रौलाको टिप्पणी खरो र सान्दर्भिक छ । बेलायतको राजसंस्थाबारे जान्न पाउँदा खुसी लाग्यो । विष्णुराज उप्रेतीले दर्शाएको द्वन्द व्यवस्थापन सीपबाट सिक्नु जरूरी छ ।

**-विष्णु थापा**
*गजुरी, धादिङ्ग*

## रा.प्र.पा.को चरित्र

'मूल्यांकन'ले राप्रपाको द्वैध चरित्रबारे उठाएको प्रश्नको जवाफ राप्रपासँग छैन । एकातिर, कार्यकर्तालाई स्थानीय निकायमा नियुक्ति दिलाउने नियत, अर्कातिर थापाको राजिनामा मागको नाटक !

यो राजिनामाको माग भनेको वास्तवमा भविष्यमा पनि एक भाग खाने दाऊमात्र हो । यसलाई *मूल्यांकन*ले अरू भण्डाफोर गरोस् ।

गतांकमा सि.के.लाल, सुधा त्रिपाठी र डि.आर.पाखरेलको लेख राम्रो लाग्यो । के.एल. पीडितको कविता काइदाको लाग्यो, स्वास्थ्यबारे डा. सन्तोषमान श्रेष्ठसँगको जस्तो अन्तर्वार्तालि नियमितता पाओस् ।

नेपालसंवतबारे प्रा. माणिकलाल श्रेष्ठको लेख ज्ञानवर्द्धक छ ।

**-चित्र अमात्य**
*नः टोल, पाटन*




ISO 9002 SGS

NS-Quality Award 2001

जीवन भनेको घर परिवार हो, आफ्नो बसोबासको सुखद कल्पनालाई मूर्तरुप दिन हामीले समयमा नै बुद्धिपूर्वक निर्णय गऱ्यौं - हिमाल स्टील छानेर । जसले युगानुकुल, आनन्ददायी र मजबुत घर बनाईदिएर हाम्रो जिम्मेवारी सफल पारी दिएको छ ।

हिमाल स्टील

टोरस्टील®

*हिमालले सुरक्षित घर बनाउँछ।*

ज्योति

**हिमाल आयरन एण्ड स्टील (प्रा.) लि.**
ज्योति भवन, कान्तिपथ, पो.ब.नं. १३३, काठमाडौं
फोनः ४२२५२३०, ४२२५४९०, फ्याक्सः ४२२६३१४, ४२६८१८८

ल.प.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२ ०५० ५१

